CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैद्यनाथक्षेत्र

श्री वैद्यनाथक्षेत्र विकास संस्था, अछाम

नेपाल

२०५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"पूर्वोत्तरे प्रज्वलिका निधाने सदा वसन्त गिरिजासमेतम्।
सुरासुराराधित पाद पद्म श्री वैद्यनाथं तमहं नमामि।।"

"वैद्यनाथक्षेत्र" प्रकाशन प्रवन्ध समिति, अछाम

कालिमाटी गढी

श्री सुरत बहादुर शाह - संयोजक
श्री हरिभक्त सिग्देल - सदस्य
श्री डण्डिराज जोशी - सदस्य
श्री हर्क बहादुर शाह - सदस्य

सल्लाहकार
श्री धनञ्जय तिमिल्सिना
टीकापुर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री वाल्मीकि विद्यापीठ पुस्तकालयलाई सादर उपहार

वैद्यनाथक्षेत्र

प्रधान सम्पादकः–
डा. ऋषिराम पोखरेल

सम्पादकः–
सुरतबहादुर शाह
हरिभक्त सिग्देल

आवरणः–
मुरली प्रसाद गोडीया

पत्राचार ठेगानाः–
'वैद्यनाथक्षेत्र' प्रकाशन
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं

प्रकाशकः–
वैद्यनाथक्षेत्र विकास संस्था, अछामका लागि वैद्यनाथक्षेत्र प्रकाशन समिति

शुल्क रू. ४५।–

वर्ष–१, अङ्क–१, विक्रम सम्बत्–२०५० वैशाख–१ सन्–१९९३ अप्रिल–१३; बुद्ध सम्बत्–२५३७, नेपालसम्बत्–१११३, शाके सम्बत्–१९१४, कलियुग सम्बत्–५०९३, सृष्टि सम्बत्– १,९५,५८,८५,०९३

विषय सूची

धर्म र संस्कृति

१) भगवान् के हुन् ? –खप्तड स्वामी
२) धर्मकर्म–शास्त्रको उपयोगिता . . . –सह-प्रा. दामोदर शर्मा
३) हाम्रो सनातन धर्म, संस्कृति र ..... –प्रा. छविलाल पोखरेल
४) धार्मिक विज्ञान–पुरुषार्थको साधन –डा. राधाकृष्ण अधिकारी
५) पौरस्त्य राजतन्त्र –प्रा. हरिप्रसाद शर्मा आचार्य
६) कवि वाणीविलास पाण्डे र.. . . –सह-प्रा. टीकाप्रसाद शर्मा
७) व्यसन र जीवन –प्रा. चेतोनाथ शर्मा आचार्य
८) महादेवको अतिप्रिय स्थल र . . . . –सुरतबहादुर शाह

सहित्यविविध

१) शिव प्रार्थना –प. श्री गोविन्दप्रसाद घिमिरे
२) भवानी भवस्तोत्र (गौरी शंकरस्तोत्र) –रामप्रसाद जोशी
३) सिद्धपीठ वैद्यनाथक्षेत्र – अछाम –प्र. अ. मथुराप्रसाद रेग्मी
४) स्वेच्छाचारीपना छोडी . . . . –प्रा ऋषिराम पोखरेल
५) कलियुग वर्णन –अनु. खड्गबहादुर शाही
६) मेरो बडी मालिका यात्रा –खड्गबहादुर शाही
७) सरू र सपनाको राजकुमार (कथा) –महेशविक्रम शाह
८) सन्दर्भ–वैद्यनात्रक्षेत्र . . . . –सुरतबहादुर शाह

समाचार

मुद्रकः नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, फोन नं. २२१०३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान शिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्माननीय बडा गुरुज्यू श्री प्रा. अम्बिकाप्रसाद अधिकारीज्यूबाट प्राप्त

शुभाशीर्वाद

"भद्रकृत् प्राप्नुयाद् भद्रम्"

मनुष्यको मूल उद्देश्य आनन्द प्राप्ति हो। मनुष्यका सारा क्रिया–प्रक्रियाहरू आनन्द प्राप्तिकै निमित्त एकोहोरिएर, सोहोरिएर चलेका हुन्छन्। आनन्द के हो, कहाँ छ, कसले पाउँछ, आनन्दको स्रोत कुन हो, आनन्दको परम निधि कुन हो इत्यादि कुरामा थरीथरीका मतमतान्तर विद्यमान छन् तापनि मानव जीवनको उद्देश्य आनन्द प्राप्ति हो भन्ने कुरामा चाहिं मतभेद हुन सक्दैन। आनन्दकै निमित्त मान्छे आफ्ना अङ्गप्रत्यङ्गको माया गर्छ, स्याहार गर्छ। तिनै अङ्गलाई चीरफार पनि गर्छ, गराउँछ आनन्दकै निम्ति। दिक्क हुनु, रुनु कराउनुको अर्थ पनि आनन्द प्राप्ति नै हुन्छ। मान्छे किन हाँस्छ ? हाँस्दा आनन्द हुने भएर। फेरि मान्छे किन रुन्छ ? रूँदा आनन्द नै हुने भएर। निष्कर्षमा मनुष्यका कामकाज, क्रिया प्रक्रिया, यत्न प्रयत्न, चेष्टा उपचेष्टा, प्रवृत्ति निवृत्ति, भोग त्याग, साधना उपासना आदि जम्मा जम्मैको मूल उद्देश्य आनन्द प्राप्ति हो, खोज परमानन्द लाभ हो। प्रयत्नका प्रकार फरक होलान्। साधनाका मार्ग पृथक् होलान् ! मनुष्यले जुन परिस्थितिमा पनि, जुन अवस्थामा पनि, जुन देशमा पनि, जुन कालमा पनि आनन्द नै चाहिरहेको हुन्छ। हाम्रो धर्म संस्कृति अनुसार आनन्द धर्मबाट हुन्छ। अरू उपायबाट सुख हुँदै नहुने हैन। तर अस्थिर हुन्छ, नश्वर हुन्छ, परिणाममा, अन्तबाट प्राप्त भएको सुख दुःखमा परिवर्तित हुन्छ। अनश्वर, स्थायी सुखको एकमात्र उपाय धर्म हो– 'धर्मेण सुख=मेधते।'

धर्म मानव जीवनको सबभन्दा बढी प्रभावशाली र प्रभावकारी तत्त्व हो। यसले मानवलाई मानव बनाउँछ; मानव बनिरहेर जिउने पद्धति र प्रकार देखाउँछ। मानवतापूर्ण व्यवहारबाट मानवजातिलाई मानव जातिकै रूपमा बचाउन एवं बढाउन सक्ने किल्ली धर्मले देखाउँछ। विश्वका सम्पूर्ण प्राणीजगत्लाई तथा अप्राणीसंसारलाई सेवा सुसार पुऱ्याउने तथा समग्र सृष्टिलाई सुन्दर, मधुर, स्नेहमय भावले स्याहार गर्ने बुद्धि मानवलाई धर्मले नै प्रदान गर्छ। आदर्श व्यक्ति एवं परिवार तथा समाज तयार पार्नको लागि मनुष्यको समग्र जीवनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असीम, अजर, अमर तथा उदात्त चेतनातिर लगाउनको निम्ति जीवनलाई धर्ममय तुल्याउन सक्नुपर्छ, यसको लागि समस्त कामकाज धर्म–भावनाबाट अभिप्रेरित एव परिचालित हुनुपर्छ ।

हाम्रो मुलुक नेपाल धार्मिक हो, हामी नेपाली धार्मिक छौं । यसो हुँदाहुँदै पनि हाम्रो मुलुकमा दैवो विपत्ति, प्राकृतिक प्रकोप, सामाजिक विसङ्गति, व्यावहारिक विकृति, राजनैतिक क्षोभ, अनाचार, अतिचार, अभिचार जस्ता दुःखदायक अधर्मफलहरू फलित हुन थालेका छन् । यसको यथार्थ कारण भगवान् नै जानोस् ! हामीले चाहिं भित्रभित्र अधर्मको प्रभाव बढ्न थालेछ ! राष्ट्रमा भइरहनु पर्ने धार्मिक अनुष्ठानमा आवश्यक मात्रा पुगेनछ, श्रद्धा विश्वास घटेछ, उपेक्षा बढेछ भन्ने अनुमान गर्नुपर्छ । यस्तो स्थितिमा हामीले जनस्तरबाट गर्नुपर्ने कामकाजमध्ये धर्मभावनाको वृद्धि तथा प्रचार प्रसार गर्नु गराउनु पनि एक हो । यस्तै स्तुत्य उद्देश्य लिएर 'वैद्यनाथक्षेत्र विकास संस्था, अछाम' ले "वैद्यनाथक्षेत्र" नामक धार्मिक पत्रिका प्रकाशित गर्न लागेको थाहा पाउँदा खुशी लाग्यो । पत्रिका लक्ष्य मार्गमा अघिबढ्ने सफलता प्राप्त गरी–गरी चिरञ्जीवी बनोस् र यसमा संलग्न सज्जनहरूलाई दयालु भगवान्ले सँधैं कल्याणकारी जाँगर र उत्साह दिइरहोस् भन्ने शुभ आशीर्वाद दिन्छु ।

"भलो गर्नेको भलो नै हुन्छ ।"

शुभम्

★ ★ ★

'नेत् अन्योऽन्यं हिनुसात' शतपथब्राह्मणम् – १।१।४।५

(अर्थः– मानवले परस्परमा कबै हिंसा नगरून् ।)

★ ★ ★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-सम्मति

'वैद्यनाथ क्षेत्र' पत्रिकाको दोस्रो अङ्क प्रकाशित हुन लागेको समाचार सुनेर धेरै प्रसन्नताको अनुभव गरेको छु। विश्वको एकमात्र हिन्दू राष्ट्र नेपालको गरिमामय तीर्थस्थान अछाम जिल्ला स्थित वैद्यनाथ धाम बाह्र ज्योतिर्लिङ्गहरूमध्ये एक हो। यद्यपि हिमाचल प्रदेशको जिल्ला कांगडा स्थित पालमपुर छेउको 'वैद्यनाथ' धामलाई अति प्राचीन भनेर मानेका छन्। दोस्रो 'वैद्यनाथ' कुमाऊ राज्यको जिल्ला अलमोडाको गरुडगङ्गा र वागेश्वरको माझमा पर्ने प्राचीन वैद्यनाथ धाम' हो भन्ने अर्को पक्ष छ। तेस्रो विहार राज्यको देवघर स्थित 'वैद्यनाथ धाम' असली प्राचीन धाम हो भन्ने गरेका छन्। साथै वर्तमान समयमा सबैभन्दा धेरै यात्रा विहारको देवघर वैद्यनाथ धामको गर्छन्। चौथो 'वैद्यनाथधाम' नेपालकै हो। यो मध्ये ऐतिहासिक व भौगोलिक प्रमाणहरूले हिन्दू राष्ट्र नेपालको अछाम जिल्ला स्थित 'वैद्यनाथधाम' नै असली प्राचीन 'वैद्यनाथधाम' हो भन्न कर लाग्छ। यसमा भौगोलिक प्रमाण त अकाट्य नै भएको छ।

कारणवश पूजापाठ हुन छोड्यो। चलित भएन। समयले पल्टा खायो। खण्डहरको रूपमा परिणत हुन गयो। यो नेपालको दुर्भाग्य नै थियो। दैवसंयोगले 'वैद्यनाथ क्षेत्र विकास संस्था'को गठन भएपछि वैद्यनाथधामको पुनर्जागरण भयो। यो नेपाल राष्ट्रकै लागि ठूलो सौभाग्यको विषय भएको छ। यसरी नै हिन्दू राष्ट्र नेपालभरिकै मठ, मन्दिर, तथा तीर्थस्थलहरूको जीर्णोद्धार हुनु आवश्यक छ।

हामीले हाम्रै देशको ढुङ्गा पूज्नु पर्छ। हाम्रै राष्ट्रको माटोको तिलक लगाउनु पर्छ। हामीले आफ्नै देशको नदी, धामको तीर्थ गर्नुपर्छ। आज प्रत्येक नेपालीले भारतको तीर्थमा करोडौं खर्च गर्छन्। तर हाम्रा देशका मठ, मन्दिर, तीर्थस्थान गुह्यघारी र कसाईखाना बनेका छन्। यो कत्रो दुर्भाग्यको कुरा हो! तर यस दिशातर्फ 'वैद्यनाथ क्षेत्र विकास संस्था' कमर कसेर सुधारमा लागेको देख्दा म अति नै प्रसन्न छु। यो संस्थाको काम उदाहरणीय र सराहनीय छ। यसरी नै अगाडि उन्नति गर्दै जाओस् भन्ने कामना र शुभाशीषको साथ लेखनीलाई यहीं विराम दिन्छु। 'वैद्यनाथ क्षेत्र' पत्रिकाको पनि उन्नति होस्। गहकीला लेख, कविता आदि बोकेर अझ धेरै सेवा गर्ने छ भन्ने विश्वास पनि लिएको छु।

डा० स्वामी प्रपन्नाचार्य

डा० स्वामी प्रपन्नाचार्य
(सम्माननीय सदस्य राजपरिषद्)
मृगस्थली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभेच्छा

विशुद्ध धर्म, संस्कृति र साहित्यको त्रिवेणी "वैद्यनाथक्षेत्र" पत्रिकामा समाहित विद्वान् चिन्तक, साधक र दार्शनिक महानुभावहरूको प्रचुर अनुसन्धान र खोजमूलक लेख रचनाहरूलाई "वैद्यनाथक्षेत्र" पत्रिकाको दोश्रो वर्षको प्रकाशनमा अध्ययन गर्ने सु-अवसर प्राप्त भएकोमा हर्षित भएको छु ।

वर्तमान भूगोलको प्रत्येक विन्दुमा विज्ञानको आविष्कारका सजावटहरूले जतिसुकै भौतिक सुविधा र सुन्दरता थपी मानव जातिलाई विलासी बनाए तापनि वास्तविक सुख र शान्तिको खोजीमा आजको मान्छे बेचैन छ, भौंतारिरहेको छ र तड्पिरहेको छ भन्ने कटु सत्यमा आधारित मेरो दृष्टिकोण छ । वास्तविक सुख र शान्ति धर्म र संस्कृतिका रत्नहरूमा चम्किरहेका छन् । विकासद्वारा सुख चाहने सबै लिङ्ग, वर्ण र जात जातिले पनि शान्तिको प्रार्थनामा जुट्नु पर्छ, शान्तिको प्रार्थनामा जुट्नेहरूले धम र संस्कृतिको मर्मलाई बुझ्नु पर्छ किनकि विकास शान्तिको अभावमा र शान्ति धर्मको अभावमा सम्भव छैन । मानव जातिले मात्र चाहेको वास्तविक सुख र शान्ति भनेको धर्म हो भन्दा अत्युक्ति नहोला ? यसर्थ सुख र शान्तिको खोजीमा कष्टकर जीवन बिताइरहेका हामी सबैको लागि निरन्तर रूपमा यो धर्म र संस्कृति रूपी पुष्प समूहले विश्वकै मानव कल्याण, शान्ति र विकासका लागि केही मात्रामै भएपनि सुवास फैलाउने छ भन्ने आशा एवं विश्वास लिएको छु ।

प्रस्तुत पत्रिकामा समाविष्ट अमूल्य लेख रचनाहरूले शान्तिकामी सबै निःस्वार्थ र पवित्र हृदयहरूलाई लाभ पुऱ्याउने मात्र नभई हिन्दू धर्म र संस्कृतिका स्वदेशी तथा विदेशी सबै धर्म र मर्यादाका अनुरागीहरू समेतलाई हिन्दू धर्म र संस्कृतिको अनुसन्धान गर्न टेवा दिनेछ भन्ने भरोशा लिएको छु ।

अन्तमा, "धर्मो रक्षति रक्षितः" भन्ने भावनाकासाथ यस पत्रिकासंग प्रत्यक्ष वा परोक्ष-रूपबाट संलग्न सबैको योगदान र सहयोगको प्रशंसा गर्दै पत्रिकाको सफलता र निरन्तरताको लागि हार्दिक शुभेच्छा प्रकट गर्दछु । धन्यवाद !

प्रहरी महानिरीक्षक
मोतीलाल बोहरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

विश्वको सृष्टि विचित्र छ, सन्तुलित छ, नियमित छ, वास्तविक छ। यहाँ हरेक मानिसका चिह्न एक अर्काका उस्तै छन्। उही काम गर्छन् तर आकार–प्रकार शील–स्वभाव, आचार–विचार, जीवनकाल आदि चाहिं केही न केही फरक छन्। करीब ५ अरव मान्छे छन् तर एक अर्कासँग मिल्ने, ठ्याक्कै मिल्ने अनुहार र स्वभाव कहीं कतै देखिन्न। बोलाई, हेराई, हिंडाई, हात नचाई, बसाई, उडाई आदि इत्यादि के के कता कता थोर–धेर फरक पर्छ–पर्छ। यस कारण एउटामा रहेको विशेषता अर्कोमा रहन्न, पूर्णरूपमा उही रहन्न। उस्तै–उस्तै, जस्तै–जस्तै मात्र हुन्छ। यस्तै विशेषता विश्वका हरेक कुरामा छन्। हाम्रो देशले पनि त्यस्तै विशेषता बोकेको छ।

यस देशलाई अनेकौं जात जाति, धर्म र सम्प्रदायका छुट्टा छुट्टै विशेषता बोकेका फूलहरूको वगैंचाको रूपमा, दुइटुङ्गाको तरूलको रूपमा, भूपरिवेष्टित हिमाली देशको रूपमा, अपार जलसम्पदाको धनोको रूपमा त अवश्यपनि सबैले चिनेकै छन् तर यसलाई अनेकताबाट एकतामा, विविधताबाट समन्वयतामा, परस्पर सहिष्णुतापूर्ण रहन–सहनमा राखेर राष्ट्रिय एकतालाई सधैं अखण्ड र अजस्त बनाउने तत्त्व के हो यसबारे धेरै कमलाई थाहा भएको अनुभव हुन थालेको छ। जब जब विभाजनको, विवादको, विनाशको, विद्वेषको आतङ्कको बादल देखिन्छ तब तब संयोजनको, समाधानको, संरचनाको, मैत्रीको, शान्तिको, सुव्यवस्थाको, सदाचार र सद्व्यवहारको रामायण र महाभारत पढाउने संस्कृत वाङमयले, गीता र उपनिषद्का समन्वयवादी, ऐकात्म्यवादी सर्वधर्म सर्वदर्शन समन्वयवादी हिन्दूधर्म र संस्कृतिले यस देशका विविधतामा एकताको बीज रोपेको छ। राष्ट्रिय वर्चस्वलाई समेटेको छ। जब संस्कृत–विद्याको संस्कृत-वाङमयको संस्कृत–शिक्षाको प्रश्न आउंदछ तब जाति, धर्म र सम्प्रदायभन्दा माथि उठेर राष्ट्रिय एकता अखण्डता बारे सोच्नकर लाग्छ।

अनेकौं जात, धर्म, सम्प्रदायमात्र हैन राजनीतिक विचारधारा, पार्टीगत विभिन्नता पनि संस्कृत विद्या सागरमा पस्दा एकाकार हुन्छन्। हिन्द महासागरमा गङ्गा, यमुना, सरस्वती र खहरे खोला सबैको अस्तित्व एकाकार छ, समन्वित छ। यो उदाहरणले राष्ट्रिय शिक्षा योजना आयोगमा विभिन्न पार्टीका ७६ जना सांसदहरूको ऐतिहासिक हस्ताक्षर भएको संस्कृतशिक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य शिक्षाको रूपमा १० कक्षासम्म अनिवार्य हुनुपर्छ भन्ने अनुरोध पत्रले पनि सिद्ध गरेको छ। यसका निम्ति जनमत लिने हो भने ८० प्रतिशत नेपाली जनताले मुटुको धुकधुकीसँगै हस्ताक्षर गरेर देखाइदिनेछन्। राष्ट्रिय जनसंख्या तथ्याङ्कले त्यसको पुष्टि गरेको छ।

उपर्युक्त सम्पूर्ण सत्य–तथ्यलाई आत्मसात् गरेर नै हाम्रो देश नेपाल विश्वको एकमात्र सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र हिन्दूराष्ट्रको रूपमा परिचित भएको हो। भविष्यमा पनि यस देशबाट संस्कृत शिक्षा, हिन्दूधर्म र संस्कृति एवं त्यसको समन्वयात्मकता हटाइदिने हो भने यो राष्ट्र राष्ट्रनिर्माताबाट एकीकृत हुनुभन्दा अगाडिको स्थितिमा पुगेर विलाउँदै जाने छ। कतिपय अबुझ राजनीतिज्ञलाई स्वार्थ र पदलोलुपाले गर्दा यसबारे सोच्ने सामग्रीतिर ध्यान दिन फुर्सद भएको छैन।

आजको विश्वमा बोस्निया–हर्ज गोविया, लेबनान, इजराइल, काला र गोरा, ओल्ड र न्यू टेष्टामेण्ट, यहूदी र मुस्लीमहरूका बीचको समाधान यदि कतै छ भने त्यो हिन्दूधर्म र संस्कृतिले, संस्कृतविद्याभित्र समाहित समन्वयात्मक दर्शनले, ईश्वरीय एकात्मवादले, आध्यात्मिकताले डोराएको भौतिकवादले, व्यष्टिभित्र समष्टि र समष्टिभित्र व्यष्टिदृष्टि दिने वैदिक दर्शनले मात्र दिन सक्छ। अन्यत्र कतै त्यसको संकेत भेटिएमा त्यो अनुवाद मात्र भने हुन्छ। किनभने विश्वको सबभन्दा पुरानो जेठो धर्मग्रन्थ ऋग्वेद हो। ऋग्वेदभन्दा ठूलो र पुरानो ग्रन्थ आजसम्म कतै भेटिएको छैन भन्ने कुरा मैक्समूलर, विलक्लीनर, सर विलियमजोन्स, राथ, श्लेगेल, ग्रासमैज रिफित आदि हजारौं अनुसन्धानकर्ता पश्चिमी विद्वानले पनि स्वीकार गरिसकेका छन्।

धर्मलाई पाप लुकाउने, लाजमात्र बचाउने, आडम्बर देखाउने, शोषण गर्ने, दुनियाँ ठग्ने र लाटा सोझाको आँखा छल्ने वर्षादी बनाउनेले समाजमा धर्मको बारे जनसाधारणलाई धेरै भ्रममा पारेका छन्। धर्म त मान्छे मान्छे बीचको मर्यादा हो। मर्यादालाई निरुक्तकार यास्कले मान्छेहरूले आ–आफ्नो आत्मविकास गर्ने सीमाको रूपमा चिनाएका छन्– मर्या दोव्यन्ति इति मर्यादा, मर्यै रादीयत इति मयादा अर्थात् – मान्छे मान्छे बीच प्रकाशित हुने सीमानै मर्यादा हो। मानिसहरूले आपसमा राखेको समझदारी र आपसी सहयोगको रेखालाई मर्यादा भनिन्छ। बाँच र बाँच्न देऊ। आफू मिटेर अरुको उपकार गर्नु धर्म हो। परोपकारः पुण्याय पापाय परपीडनम्" अर्थात् अठार पुराणको सार कुरा दुई मात्र हो– "अरूको भलाई, उपकार गरे धर्म हुन्छ। अरूलाई पीडा दिए पाप हुन्छ।" धर्मको यो मर्यादाले मान्छे र पशुमा फरक ल्याएको छ। आहार, निद्रा, भय र सन्तान पैदा गर्ने जन्ता कुरा मान्छे र पशु दुवैमा फरक छैनन्। "धर्मेण हीनाः पशुभिः समानाः" अर्थात् धर्म न भएका मान्छे पशु बराबर हुन्। अझ भन्ने हो भने सिंग पुच्छर नभएका एवं घाँस खानाको गाहारोले मान्छेको जुनि लिएका तिनीहरू यस पृथ्वीतलका भार हुन् भन्ने भर्तृहरिको भनाई छ।

मानवीय मर्यादा, विश्व–बन्धुत्व, सह–अस्तित्व एवं विश्व–शान्तिका निम्ति विद्या र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविद्या (अध्यात्मवाद र भौतिकवाद) को समन्वय गरी धार्मिक सहिष्णुताद्वारा विश्वमानव समुदायको इहलोक (यो जीवन जगत्) र परलोक (मृत्युपछिको जगत्) समेत दुवैलाई सुखमय र समुज्वल बनाउने मार्ग दर्शन दिनु संस्कृत विद्या अथवा हिन्दू धर्म संस्कृतिको परम लक्ष हो। यसले "एको देव: सर्वभूतेषु गूढः" अर्थात् एउटै ईश्वर सबै प्राणीमा रहेको छ। "एकं सद् विप्रा। बहुधा वदन्ति" अर्थात् परमेश्वर एउटै हो बुद्धि र विवेकका आधारमा विद्वान्हरूले त्यस एउटै ईश्वरलाई अनेकौं नाम-रूप दिएका हुन् "सर्वदेव नमस्कार: केशवं प्रतिगच्छति" अर्थात् सबै (जुन कुनै) देवतालाई नमस्कार गरेपनि उसैलाई पुग्छ। "नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव" अर्थात् हे ईश्वर तपाइँ विभिन्न सोझा र बाङ्गा नदीले समुद्रको आश्रय लिएझैं सबै धर्म र दर्शनका निचोड वा अन्तिम लक्ष्य हजूरै होइबक्सन्छ आदि इत्यादि सार्वभौम र शाश्वत सन्देश हिन्दूधर्मले दिन्छ। संस्कृत शिक्षाको माध्यमले हामीले प्राप्त गर्नुपर्ने यस प्रकारका अनन्त सन्देशहरू छन्।

अत:एव धर्मको लक्ष्य समाजलाई आ-आफ्नो मर्यादित विकास निर्माणतिर प्रेरित गर्नु हो। धर्मले मानवमात्रको, प्राणिमात्रको मर्यादित विकास चाहन्छ। धर्म मनुष्यताको मापक हो। सभ्यताको ज्ञापक हो। आज हामीलाई समाजका आमा-बा, दाजु-भाई, दिदी-बहिनी आदि सबै नाताको बुद्धिजीवी, व्यापारी, कर्मचारी, पत्रकार, कलाकार आदि सबै वर्गको मानवोचित मर्यादाको परिचालन गरी समाजको, राष्ट्रको, सिङ्गै विश्वको कल्याणकारी समुन्नति चाहिएको छ। कर्तव्य परायणता चाहिएका छ। संसारका सबै धर्मको यही आशय नै मूलभूत लक्ष्य हो तर आज धर्म र सम्प्रदायलाई राजनीतिको खिचलो, कुर्सीको खोसाखोस र स्वार्थको खिचडी पकाउने साधन बनाइएको छ। धन-पद-प्रतिष्ठाको आडमा प्रलोभन, डर, धाक, दवाव, धंकी आदिद्वारा शोषण, उत्पीडन गरेर धर्म-परिवर्तन, भाषिक तथा आर्थिक उपनिवेश समेत भैरहेको छ। आजको विश्वमानव समुदायलाई यस प्रकारको भौतिकवादी कोरो विकासले अशान्ति अविश्वास र असन्तोष हुन गै दु:खी बनाएको छ।

वास्तवमा हिन्दूधर्मले सबै धर्ममाई एकै धर्मका रूपान्तर मानेर, एकै लक्ष्यमा पुग्ने अनेकौं मार्गको रूपमा स्वीकारेर विश्व मानव समुदायलाई परस्पर सहयोग, सद्भावना र सह अस्तित्वको आडमा मर्यादित विकास गरी आत्मलाभ गर्न सधैं प्रेरित गरेको छ। अशान्ति, ग्लानि, आलस्य र भ्रमपूर्ण निद्राबाट ब्यूँझेर मानवोचित लक्ष्यमा अग्रसर हुन आह्वान गरेको छ- "उत्तिष्ठत, जाग्रत, प्राप्य वरान् निबोधत" अर्थात् उठ जाग, बुद्धि विवेक आदिबाट सम्पन्न श्रेष्ठजनहरूसँग बुझ, श्रेष्ठता प्राप्त गर। मृत्युबाट अमरता, असत्यबाट सत्यता, अज्ञानपूर्ण अन्धकारबाट ज्ञानपूर्ण उज्यालोतिर जाऊ भनेर उद्बोधन गरिरहेको छ। कसैले पनि आफ्नो धर्म नछोड। धर्म छोडे समाज भाँडिन्छ। धर्ती, आकाश, चन्द्र सूर्य, हावा पानी लगायत प्राणी मात्रले आ-आफ्न धर्म र मर्यादा छोडे विश्व के होला। त्यसबेला शक्तिको सन्तुलन, वा होडबाजी र अणुवमको धंकीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के पो गर्न सक्ला । "स्वधर्मे निधनं श्रेयः" आफ्नो धर्म कर्म र कर्तव्यको रक्षमा रहेर मर्नै परे पनि कल्याण हुन्छ, अमरता प्राप्त हुन्छ ।

उपर्युक्त तथ्य-सत्यलाई आत्मसात् गरेर धर्मबारे यथार्थकुरा जनसमक्ष ल्याउने धार्मिक साहित्यिक पत्र-पत्रिकाको आजभोलि निकै न कमी रहेको छ । तसर्थ यो अभावलाई हटाउन यथाशक्ति प्रयत्न गरी धार्मिक साहित्यिक पत्रिका समेत चलाउने उद्देश्य लिंदै सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत अछामका स्वधर्म, स्वराष्ट्र, राजमुकुट, राष्ट्रिय एकता अखण्डता आदिका निम्ति प्रयत्नशील बुद्धिजीवीहरूले "वैद्यनाथ क्षेत्र विकास संस्था अछाम" को संगठन गरेको र सो संस्थाले आफ्नो लक्ष्य स्पष्ट गर्न धर्म संस्कृति क्षेत्रका ख्यातिप्राप्त तपस्वी विद्वान् लेखक, साधकहरूका अमूल्य लेख रचना, चिन्तन-मनन, अनुभव-विचार र सूक्तिहरूलाई समेटेर गङ्गा-सागर संगमको रूपमा "वैद्यनाथ क्षेत्र स्मारिका २०४८" प्रकाशित गरेको कुरा श्रद्धेय पाठकवर्गमा विदित नै छ ।

वर्तमानमा सोही संस्थाले आफ्नो वार्षिक प्रकाशनको रूपमा "वैद्यनाथ क्षेत्र" पत्रिकाको पहिलो अङ्क आदरणीय पाठक समक्ष प्रस्तुत गरेको छ । यस पत्रिकालाई धार्मिक, साहित्यक, विविध र संस्थागत गतिविधि समेत अवान्तर स्तम्भहरूमा विभाजन गरी सकभर श्रद्धेय पाठकहरूको सेवा गर्ने प्रयत्न गरिएको छ । यसमा के कस्तो सुधार परिष्कार गरे पाठकलाई बढी लाभ होला र संस्थाको लक्ष्यमा पुग्न सघाउ पुग्ला सो बारे आवश्यक महत्त्वपूर्ण लेख, राय, सल्लाह र सुझावहरूको हार्दिकता पूर्वक प्रतीक्षा गर्दै प्रस्तुत अङ्क यहाँहरूको सामु प्रस्तुत छ । यसमा स्थान र स्रोतको दृष्टिले केही लेखहरू क्रमशः गरी छाप्न परेकोमा क्षमा चाहन्छौं ।

यस कार्यमा आफ्ना अमूल्य शुभ-कामना, सन्देश तथा लेख-रचना प्रदान गरी यो पुनीत कार्यमा प्रोत्साहन दिनुहुने विशिष्ट महानुभावहरू, विद्वान् लेखक, साधक मनस्वी सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै प्रकाशन सहयोगी श्री सानुकाजी थापा, श्री हरिकृष्ण श्रेष्ठ, नेपाल प्रेस परिवार, विज्ञापनदाता संघ संस्था, व्यक्ति, व्यापारी र पत्रिका वितरण आदि अन्य कुरामा सहयोग गर्नुहुने सबैप्रति धेरै धेरै साधुवाद छ । अस्तु शिवम् ।

ऋषिराम पोखरेल
प्रधान सम्पादक

★ ★ ★

"पुमान् पुमांसं परिपातु विश्वतः" – यजुर्वेदः २६।५१

(अर्थः— मानिसले मानिसलाई हरतरहबाट रक्षा गरोस् ।)

★ ★ ★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् के हुन् ?

– खप्तड स्वामी

[खप्तड स्वामीको नामले प्रसिद्ध हुनुभएका श्री १००८ परमहंस ब्रह्मवित् स्वामी सच्चिदानन्द सरस्वतीज्यू, पावनभूमि खप्तडमा लामो अवधिदेखि कठोर तपस्यारत हुनुहुन्छ। एको शब्दमा भन्ने हो भने उहाँ एक जीवित देवताको रूपमा सर्वपूजित देवता झैं नै हुनुहुन्छ। आजको पश्चिमी सभ्यताको चकाचौंधले बरालिएका नव युवा–युवतीहरू आफूलाई नास्तिक देखाउनमा नै सभ्य ठान्न थालेका छन्। यसले गर्दा हाम्रा प्राचीन धर्मग्रन्थको अध्ययन र विद्वान्हरूका कुरा सुन्नुको त कुरै छोडौं आफूले देखेका स्थूल रूपबाट मात्र सहजरूपमा नै आफ्नो धारणा बनाउँदछन्। यसैलाई दृष्टिगत गरी आजका युवालाई मात्र होइन जिज्ञासु समेतलाई मार्गदर्शन गर्ने शास्त्रीय प्रमाणको भन्दा पदार्थ–विज्ञान तथा मनोविज्ञान शास्त्र सम्मत युक्तिहरू, ऐतिहासिक प्रमाणको साथै आफ्नो लामो जीवनमा गर्नु भएको भौतिक तथा आध्यात्मिक खोजीबाट प्राप्त अनुभव र ज्ञानको आधारमा लेख्नु भएका अनेकन अमूल्य लेखहरू मध्येको "भगवान के हुन् ?" भन्ने यस लेखबाट पनि स्वामीज्यूले अपेक्षा गरे झैं युवाहरूमा निश्चय नै केही मात्रामा भएपनि वास्तविकता के हो भन्ने तर्फ सोच्ने प्रेरणा मिल्ने छ भन्ने आशा गरिएको छ। – सम्पादक]

भगवान के हुन् ? यस सम्बन्धमा जे-जति भन्न चाहन्छु त्यो मेरो आफ्नो निश्चयको कुरा हो। म यो भन्दिन 'अरूको निश्चय बेठीक हो' परन्तु मलाई आफ्नो निश्चयमा कुनै सन्देह छैन। म यस विषयमा संशयात्मा छैन तापनि अरूको निश्चयलाई गलत सावित गर्ने मलाई कुनै अधिकार छैन। भगवान् हुन् के ? यो शब्दको वास्तविक उत्तर त यही हो– यो कुरा भगवान् मात्र जान्दछन्। यसभन्दा बाहेक भगवान्को विषयमा उनलाई तत्वपूर्वक जान्ने ज्ञानी पुरुष उनको तटस्थ अर्थात् नगीचैंको केही भाव बताउन सक्तछ। वास्तवमा भगवान्को स्वरूपलाई भगवान् नै जान्नुहुन्छ। तत्वज्ञहरूले संकेतको रूपमा भगवान्को स्वरूपको केही वर्णन गर्न सक्तछन्: परन्तु जे-जति भनिन्छ र वर्णनमा आउँछ, वास्तवमा भगवान् त्यसभन्दा अरू विलक्षण हुनुहुन्छ। वेद-शास्त्र र मुनि–महात्मा परमात्माको सम्बन्धमा सधैं भन्दै आइरहेछन्, किन्तु उनीहरूको यो भनाई आजसम्म पूरा भएन। कोहीले परमात्माको वास्तविक स्वरूपको वर्णन गर्न चाहे तापनि ऊद्वारा पनि पूरा वर्णन हुन सक्तैन। अधूरो नै रहन्छ। यसैलाई एउटा भावुक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महात्मा कुन प्रकार भन्दछन् सुन्नुहोस्– हाम्रो चारैतिर भित्र-बाहिर जो नित्य निरवच्छिन्न रूपले अधिष्ठित छन् । जसको खाली आँखाको इसाराले (कटाक्ष विक्षेपले) इन्द्र, वरुण, चन्द्र-सूर्य, वायु आदि आफ्नो-आफ्नो कर्तव्यको पालनमा तत्पर रहन्छन्, जसको सत्ताको प्रभावले हामी जीवित छौं, उनी को हुन् ?, जो मरणरहित भएर पनि सबै ठाउँमा जान्छन्, कान नभए तापनि मनको कुरा सुन्न पनि सुन्छन्, आँखा नभए तापनि सबै वस्तुहरूलाई प्रत्यक्ष देख्छन्, जो हामीलाई सधैं हेरिरहन्छन् , किन्तु हामी जसलाई देख्ने इच्छा भएर पनि देख्न सक्तैनौं, थाहा छ, उनी को हुन् ? जो सुप्त रूपले सबैको वृतान्त जान्दछन्, जो सबैको परोक्षामा कसैले केही नचाहँदा पनि कति धेरै दान गरिहेछन् जो भोकाएकालाई अन्न, तीर्खाएकालाई पानी, रोगीलाई औषधी र भयभीत-हरूलाई अभय दिनको लागि आफ्नो शान्तिमय काख फैलाएर बस्दछन्, उनी हुन् को ?

यो रत्नजडित मुकुट लाउने अहङ्कार, दमन, अभिमान आदि आफ्नो गणको साथ जसको दर्शन गर्नको लागि गएर दर्शन नै नपाई अपमानित भएर घोसेमुन्टो लाउंदै फर्किरहेछन्, यी काम-क्रोध, लोभ आदि ठग जसको समागमको डरले डराएर देश छाडी भागिरहेछन्, यो दुराशा, विषय तृष्णा, भ्रान्ति, वेदना, दुर्बुद्धि, आसक्ति आदि वेश्याहरू जसको आदेशले राजधानीबाट निक्लेर गइरहैछन्, सौम्यमूर्ति उनी को हुन् ?। बुद्धि– जसलाई आलिङ्गन गर्न एवं ज्ञान– जसको स्वरूप-निर्णय गर्नको लागि गएर यसै फर्कियो, भाव– जसलाई धारणा गर्नको लागि एवं कल्पना– जसको परिमाण जान्नको लागि गएर पार पुग्न सकेनन्, मन– जसलाई देख्नको लागि गएर एवं आत्मा जसको नगीच गएर फेरि फर्केन, जान्दछौ उनी को हुन् ? । मान्छे देश–देशमा खोजेर, कर्मकाण्डमा प्रयत्न गरेर ठूला-ठूला सम्प्रदायहरूको संगठन गरेर पनि जसलाई प्राप्त गर्न सकेन, माया– जसको अन्वेषण गर्दा, गुण– जसको बन्धन गर्न खोज्दा र संज्ञा– जसलाई निर्देशन गर्न खोज्दा आफै परास्त भए एवं बोली (वाणी) जसको व्याख्या गर्न खोज्दा अवाक् भयो, जान्दछौ उनी को हुन् ? जसको आरतीको लागि तारा रूपी रत्नहरूले सुशोभित आकाशरूपी थालमा चन्द्र-सूर्यरूपी बत्ती बलिरहेछ, हावा चमर हम्किरहेछ, फूलका बोट सुगन्धित फूलहरूको वृष्टि गरिरहेछन् पंक्षीगण सबै मङ्गल-गाथाहरूको कीर्तन गरिरहेछन्, वज्रघोष शङ्खध्वनि गरिरहेछन्, देव दानव र मानव वन्दना गरिरहेछन्, प्रसन्न मुख-मुद्रा भएका उनी को हुन् ? जो रत्नवेदीमा रहैर जीवनलाई कर्मानुसार सुख अथवा दुःखरूप फल दिइरहेछन् ।

भक्ति, श्रद्धा, शान्ति, करुणा, मुक्ति आदि जसको चरण सेवा गरिरहेछन्; वैराग्य, अनिर्ममत्व, निरहङ्कार, ज्ञान, विचार, योग धर्माचरण आदि शूर-वीर आफ्नो भुजदण्डको प्रतापले जसको ढोकामा द्वारपालको कार्य गरिरहन्छन्; आनन्दस्वरूप उनी को हुन् ? यी मेघमालाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अति वेगले जाँदा-जाँदै जसको प्रेमपूर्ण मुख देख्दैमा आँशु बगाउन थाल्दछन्, यो विजुली जसको दर्शनको लागि चञ्चल भएर दौडन लाग्दछ, यो पाषणहृदय पर्वतहरूले जसको प्रेमपूर्ण मुखको दर्शन गरेर प्रेमाश्रु-जलमा (नदीको प्रवाहमा) देश-विदेशलाई बहाएको छ, यो अग्निकुण्ड जसको भावले विमोहित भएर वाष्पाकुल नेत्र भएको छ, उनी को हुन् ? कुसुमावली जसतिर ताकेर हाँसिरहेका छन्, रूख जसको मुख देखेर रातको ओसको बहानाले रोई-रोई व्याकुल भएको छ, विश्वशोभा जसको दर्शन गर्नको लागि सबैलाई आह्वान गरिरहिछन् जान्दछौ उनी को हुन् ? जसले यो भोगविलासी घोर सांसारिक पुरुषहरूलाई आपनो विश्वमोहक भावमा विमोहित गरेर सर्वत्यागी बनाइदिए जो सुकेको पात खाने जर्जर शरीर तरुतलवासी तपस्वीहरूको हृदयमा आविर्भूत (प्रकट) भएर उनका दुवै आँखा बन्द गरिरहेछ, जो बाह्यज्ञानशून्य जटाधारी पुरुषहरूको हृदयरूपी गुफामा प्रकाशित भएर कहिले उसलाई हँसाइरहेछ, कहिले आँशुले उसको वक्षःस्थल-लाई निथ्रुक भिजाइरहेछ, कहिले उसलाई मौनी बनाएर स्थिर आसनमा बसालिरहेछ, र कहिले ठूलो स्वरले गाना गाउन र नाच नचाउन लगाइरहेछ, प्रेमको आबास उनी को हुन् ? जो संसाररूपी सागरको तटमा खडा भएर अभय दिने निजी चरणरूपी डुङ्गाको मूल्य नलिई पतित एवं सन्तापित जीवहरूलाई पार गर्नको लागि आफै माझी बनेर प्रेमपूर्वक पुकारिरहेछन्, जो दीन-दुःखी मानिसहरूको भयभीत हृदयको रोदन सुनेर आपनो हातले उनीहरूको आँशुलाई पुछिरहेछन्, जो व्याकुलित मानिसहरूलाई लगातार शान्तिरूपी अमृतपान गराइरहेछन्, को ही उनलाई चिन्न सक्तछन्, उनी को हुन् ?

समय-समयमा घोर अज्ञान जाललाई चुँडालेर जसको तेज अज्ञानले मलिन मन पनि प्रकाशित भइरहेछ, जीवनभरै उनलाई बिर्सोस् किन्तु उनी उसको परित्याग गर्दैनन् । जो मायारूपी निद्रा नाश गरेर जीवनलई उनको लागि बारम्बार पुकारिरहेछन्; हेर, हेर, उठेर हेर, उनी को हुन्? जसले आफै निर्गुण भएर पनि तीन गुणहरूले जगत्लाई बाँधेर राखेका छन्, आफै रूपरहित भएर पनि आश्चर्यरूपले त्रिभुवनलाई विमोहित गरेर राखेको छ तथा आफैं चैतन्यरूप भएर पनि संसाररूप स्वप्न देख्ने जीवलाई आपनो मोहिनी मायाले अचेतन गरेर राखिरहेछ, भोगनिद्राको परित्याग त गर, योगबलले चेतन भएर त हेर, उनी को हुन् ? आदिपुरुष ब्रह्माले ध्यानयोगले अपूर्व रूपको दर्शन गरेर भने— उनी को हुन् ? वृत्रासुरलाई मारेपछि इन्द्र, वायु, वरुण, अग्नि र यम उनको परम ज्योतिर्मय रूपलाई देखेर बोले उनी को हुन् ? देवर्षि, ब्रह्मर्षि, महर्षिहरूले समाधिमा जसलाई देखे, उनी को हुन् ? वेदवेदाङ्ग, दर्शनशास्त्र आदि जसको वर्णन गर्नमा असमर्थ भएर बोले— उनी को हुन् ? कविहरू कल्पनाराज्यमा घुमेर अन्तमा सोध्दछन्— उनी को हुन् ? देवता मानिस सबै जिज्ञासा गर्दछन्— उनी को हुन् ? म पनि भन्दछु— उनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को हुन् ? यदि कसैलाई थाहा छ भने हामीलाई बताइदिऊन्– उनी को हुन् ? ए विषयानुरागी मान्छे ? बिस्तारै–बिस्तारै दिन बितिरहेछ । वृद्धावस्था सेतो चँवर (फुलेको कपाल जुङ्गा-दारी आदि), आधि–व्याधिरूप झण्डा फहराएर मृत्युराजको आगमनको वृतान्तको घोषणा गरिरहेछ यसैले उसलाई छिटो जान्ने कोशिश गर– उनी को हुन् ? श्रुति पनि पुकारिरहेछ –

उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत ।
क्षुरस्य धारा निशिता दुरत्यया, दुर्गं पथस्तत् कवयो वदन्ति ।

जुन देवताको देवता महादेवबाट यो जगत् उत्पन्न भएको हो, जसले यो समस्त विश्वलाई व्याप्त गरेर राखेको छ र जसमा यो सम्पूर्ण प्रपञ्च लीन हुन्छ, तैपनि जुन देवताको यस दृश्यसित कुनै पनि सम्बन्ध रहँदैन, उनै देवता पूजनीय छन् । जसको न आदि छ न अन्त र मध्य नै छ, जसको देश, काल अथवा वस्तुबाट परिच्छेद हुँदैन, सबै पदार्थ जसको सम्बन्धले सिद्ध हुन्छ कुनै प्रमाणले जो सिद्ध हुँदैन, उनै स्वयंसिद्ध देव पूजनीय हुन् । जुन अलौकिक देवताको कुनै नाम छैन, तैपनि जुन नामले बोलाऊ त्यही नामबाट बोल्दछन् उनको कुनै धाम छैन, तापनि सबै धामहरूमा विराजमान छन्, कुनै धाम उनीबाट रहित छैन, उनै देव पूजनीय छन् । यो जगत् जसको आँखामा छ, जो जगत्का आँखाहरूमा छन् आँखाबिना नै जो सबैलाई देख्दछन्, कानबिना नै जो सबै शब्दहरूलाई सुन्दछन्, गोडा नहुनाले पनि जो मनलेभन्दा पनि छिटो दौड्दछन्, जसलाई कोही समात्न सक्दैन, न कोही छाड्न सक्तछ उनै देव पूजनीय छन् ।

जुन देवको कुनै शरीर छैन, सबैको शरीर जसको शरीर हो, सबै शरीरहरू जुन आत्मा हो, सर्व शरीरहरूलाई जो नियममा राख्दछन् र सबै शरीरहरूमा जो अभिमान गर्दछन्, फेरि पनि जसमा नियम्य-नियामकभाव छैन, व्याप्यव्यापकभाव पनि जसमा छैन र जीव–ईश्वर भाव पनि जसमा छैन, जो सूर्य भएर सारा संसारलाई तताउँछन् र प्रकाशित गर्दछन्, चन्द्र बनेर देव, मनुष्य, औषधी आदिको पोषण गर्दछन्, वैश्वानर बनेर सबैको पेटमा रही खाए–पिएका अन्न–जल पचाउँदछन्, जो आनन्दस्वरूप हुन्, जसको आनन्द लेशको अंशले ब्रह्मादेखि लिएर स्तम्बपर्यन्त आनन्दित भइरहेछन्, जसलाई जानेर फेरि केही जान्न बाँकी रहँदैन, अर्थात् सबै कुरा जानिसकेको हुन्छ, जसलाई पाएर सबै कुरा पाइसकेको हुन्छ, केही पाउन बाँकी रहँदैन, सबै कुरा जसमा छ जो सबैको उपादान कारण हो, सबैको कर्ता हो, तैपनि अशेष विशेष रहन्छ, एक हो, अद्वितीय हो, सबै उपाधिहरूबाट वर्जित हो, सबैको आफ्नो आफै हो, न सँगै छ, न टाढा छ, स्मरणमात्रमै उपस्थित हुन्छ, हो, उही देव पूजनीय हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म र संस्कृति

म, तँ र ऊ भन्ने नाम जसमा छैन; देश काल र वस्तुको जसमा काम छैन; ज्ञाता, ज्ञान र ज्ञेयदेखि जो टाढा छ; सब ज्योतिहरूको ज्योति हो; सत्त्व, रज र तमको जसमा लेश छैन, जसमा न अशेष छ, न विशेष छ; तैपनि जसको नाम निर्विशेष छ, कुनै पद वाक्य जसको नाम बताउन सक्तैन, तैपनि एक नकार अक्षरको यस्तो माहात्म्य छ– त्यो सत् र असत्ले रहितलाई पनि सबै प्रपञ्चको निषेध गरेर शम, दम, सन्तोष, क्षमा, विवेक, वैराग्य आदि शुभ गुणहरूले युक्त अधिकारीको मनमा प्रकाश गरिदिन्छ । किनकि यो सबैको आत्मा अर्थात् स्वरूप हो, यसैले स्थूल हुँदा भ्रम र बीजरूप प्रपञ्चको निषेध हुनाले आफै नै शेष रहेर पूर्ण आत्मस्वरूपले प्रकाश हुन्छ । यस प्रकार नकार अक्षरको सहायता लिएर नै श्रुति भगवती त्यस देवताको वोध गर्दछिन् । जो छ र छैन पनि, तैपनि छ र छैन दुवैलाई सिद्ध गर्ने हो । विद्वान्‌हरूको भनाइ छ त्यसलाई जान्न गाह्रो छ, यस्तो हुँदो हो त ठीकै थियो । उसलाई कठिनाइसाथ जानिन्छ, परन्तु कठिनाइ त यो हो उसलाई जान्न सजिलो छैन न सजिलो छैन नै मानौं, परन्तु उसलाई जान्न त कठिन पनि छैन । जुन देवब्रह्म पनि होइन, उपादेय पनि होइन उसलाई कोहो कसरी जानून् ? जान्नु त अरूलाई पर्छ । आफूले आफूलाई जानु न जान्नु दुवै हुँदैन । जो आफ्नो आफू हो, उनै देव पूजनीय हुन् ।

जुन देवको साक्षात्कार गरेर दधीचि ऋषिले देवताहरूको हित गर्नेको लागि आफ्नो हाडहरू दिन अलिकता पनि सङ्कोच गरेका थिएनन्; किन्तु क्षणभरमा त्यस देवको ध्यान गरेर यस सङ्घातको त्याग गरेर उनै देवमा लय भएका थिए, जसका हाडहरूको वज्रास्त्र बनाइएको थियो, जसको प्रतापले इन्द्रले वृत्रासुरलाई मारेर देवताहरूलाई निर्भय पारेका थिए । जुन देवको विज्ञानले पिप्पलाद मुनिले सुकेशादि छ ऋषिहरूलाई प्राण, श्रद्धा आकाश, वायु, तेज, जल, पृथ्वी, इन्द्रिय, मन, अन्न, वीर्य, तप, मन्त्र, कर्म, लोक र लोकहरूमा नाम यी सोह्र कलावाला पुरुषको उपदेश गरेका थिए, जसलाई जानेर आजकल पनि मनुष्य जसरी गङ्गा आदि नदीहरू समुद्रमा मिलेर समुद्र नै हुन्छन्, त्यसरी नै प्रकृति पुरुषबाट परपुरुषमा लीन भएर परपुरुष नै हुन्छन् । जुन देवको ज्ञान नचिकेता नाम गरेका पाँच वर्षका बालकले यमराजकहां गएर समस्त ब्रह्माण्डलाई लात मारेर हिरण्यगर्भको सर्वोत्तम पदको पनि इच्छा नगरेरै पाएका थिए । जुन देवलाई जानेर याज्ञवल्क्यले जनक राजाको सभामा सुवर्णजटित गाईहरू अनेक विद्वान्‌हरूलाई शास्त्रार्थमा परास्त गरेर हरेका थिए, उनै देव पूजनीय हुन् ।

जुन देवसमान कुनै अर्को देवी धनी र निस्पृह छैनन्, जुन देव हामी उहाँलाई मानौं या नमानौं, यसको स्पृहा गर्दैनन्, किन्तु जो हामीहरूले नमान्नाले नै सिद्ध हुन्छ । कोही त छ नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसलाई मान्नु नमान्नुलाई लिएर हामी विवाद गर्दछौं । यदि कोही नहुँदो हो त कसको हुनु र नहुनुलाई लिएर हामी विवाद गरौं ? कोही छ, उसलाई ग्रहण गरेर विवाद गरिन्छ । जुन देव सबै धर्मवालालाई मान्य छन्, जसको कुनै धर्म छैन, तैपनि जसका सबै धर्म छन्, जसलाई नजान्नाले सबैं धर्ममा भेद देखिन्छ, जसलाई जान्नाले धर्महरूको, देशको, कालको, मेरो, तेरो इत्यादिको सबै भेद मेटिन्छ । न आफ्नो धर्ममा राग रहन्छ, न अर्काको धर्ममा द्वेष हुन्छ, किन्तु सर्वत्र सधैं सबै धर्महरूको अधिष्ठाता देशहरूका महाराज एकै सनातन देव सबमा दृष्टि-गोचर हुन्छन्, हृदय शान्त रहन्छ, आधि-व्याधि हट्दछन्, तोनोटै पीर हट्दछन्, सुख नै सु[illegible]रमा परिपूर्ण उपलब्ध हुन्छ, सबैलाई सबै प्यारा हुन्छन्, दोषी कोही हुँदैन, सबको सबै ईश्वररूप नै देखिन्छन्, उनै देव पूजनीय छन् र माननीय छन् ।

सृष्टिभन्दा पहिले एक नै सत्य, ज्ञान र आनन्दस्वरूप देव थिए, अर्को कोही थिएन । एक नै निष्काम, आप्तकाम अनन्तकाम र पूर्ण काम थियो, यस्तो देवलाई पनि नजाने कुन कारणले इच्छा भयो– म एक्लै छु, एकबाट धेरै होऊ, धेरै भएर जगत्को लीला हेरूं, उनले तीन गुण बनाए, पाँच भूत बनाए, ती नै तीन–पाँच मिलाएर चौध भुवन बनाए, तैपनि एकको एकै नै रहे, दोस्रो भएनन्, अनि दोस्रो बन्नको लागि उनले जसरी सूर्य प्रतिबिम्ब रूपले चमकदार पदार्थहरूमा प्रवेष गर्छ, जसरी नै प्रवेश गरे, प्रवेश गर्नासाथ चौध भुवन र त्यसमा बस्ने जीव चेतन भए । यस प्रकार एकै देश अनेक भएर विश्ववाटिकामा नै घुम्न लागे । अहिले पनि घुमिरहेछन्, जो भाग्यवान् छ, त्यो सन्त–महात्माहरूको सेवाबाट यो जान्दछ– एकै देव आफ्नो माया-शक्तिले सबैमा प्रवेश गरेर लीला गरिरहेछन् । उनी सबमा उस्तै सम परमात्माको दर्शन गर्दछन्, यस्ता, समदर्शी न कसैसँग राग गर्दछन्, न द्वेष गर्दछन्, न कसैलाई आफ्नो भन्दछन्, न कसैलाई पराई ठान्दछन्, आनन्दले जगत्को सैर गर्छन् । जो मूढ सन्त–महात्माहरूको सङ्गत गर्दैन, सत् शास्त्रहरूको अवलोकन गर्दैन, ऊ राग द्वेष गरेर आफैं दुःखी हुन्छ, आफ्ना अनुयायीहरूलाई दुःख–सागरमा डुबाउँदछ । जुन देवको ज्ञान सुखको लागि र अज्ञान दुःखको कारण हो, उनै देव पूजनीय छन् ।

जुन देवको वारपार छैन, जुन करोडौं ब्रह्माण्डहरूका एक आधार छन्, आफै निराधार छन्, जसको माया अपरम्पार छ । जसरी समुद्रहरूमा अनेक तरङ्ग उठेर लीन भइरहन्छन्, त्यसरी नै करोडौं ब्रह्माण्ड उत्पन्न गरेर लीन हुन्छन्, जो सानोभन्दा सानो र ठूलोभन्दा ठूलोमा पनि पूर्ण छन्, तैपनि आफ्नो मायाले मोहित पुरुषहरूलाई अपूर्ण जै देखाइदिन्छन् । अनेक भएर पनि जो स्वरूपबाट अच्युत हुनाले एकको एक नै रहन्छन् । जस्तो बहुरूपी या अनेक रूप धारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर अनेक झैं देखिन्छन् तैपनि एकको एकै हुन्, त्यस्तै जो आफ्नो मायाले ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र, वरुण, कुबेर, देव, दानव मनुष्य, पशु–पंक्षी अनेकरूपवाला दृष्टिगोचर हुन्छन्, तैपनि एकको एकै हुन् । जो अनेक आकारमा छिपेर काने–कानेपिच्चा खेलिरहेछन्, जो सूक्ष्मदर्शी उसलाई खोज्दछ, ऊ काने–कानेपिच्चाको खेलमा उसलाई खोज्न सफल भएर आनन्दले घुम्दछ, जो स्थूलदर्शी छ, ऊ उसलाई नगिचभन्दा पनि नगिच हृदयमा छिपेको भए तापनि खोज्न सक्तैन । ऊ [illegible] जान्छ, हार्छ, कहिले पनि जित्दैन । जो देव आफ्नो आफू हुनाले विवेकीहरूलाई परम–प्रत्यक्ष हुँदा [illegible]र अविवेकीहरूलाई जो करोडौं उपाय गर्नाले पनि दर्शन दिदैनन्, उनै पूजनीय छन् ।

जो देव कहीं त मथुरा, काशी, बदरिकाश्रम आदि तीर्थहरूमा; कहीं इन्द्रादिदेवताहरूमा; कहीं वामन, नृसिंह आदि अवतारहरूमा; कहीं ईश्वर, हिरण्यगर्भ, विराट आदि ईश्वरहरूमा; कहीं विश्व, तैजस, प्राज्ञ आदि जीवहरूमा; कहीं स्थूल, सूक्ष्म, कारण आदि शरीरहरूमा; कहीं जाग्रत्, स्वप्न, सुषुप्ति आदि अवस्थाहरूमा; कहीं आकाशादि भूतहरूमा; कहीं सत्त्व आदि गुणहरूमा; कहीं साम आदि वेदहरूमा; कहीं इतिहास पुराण आदिमा; कहीं ब्रह्मसूत्र आदि दर्शनहरूमा लुकेका छन् । बहिर्मुख पुरुष जसलाई यी स्थानहरूमा खोजेर हैरान भइरहेछन्, परन्तु उसको कहीं पत्ता लाग्दैन, यसैले विचराहरू दुःखको अनुभव गरिरहेछन् । अन्तर्मुखी पुरुष जसलाई यी ठाउँहरूमा खोज्दैनन् किन्तु प्राणादिको संयम गरेर आफ्नो हृदयाकाशमा नै खोज्दछन् । खोजेर उसलाई पाउँदछन् र सर्वदाको लागि सुखी र स्वतन्त्र हुन्छन् । जुन देवको दर्शन सुख र स्वतन्त्रताको लागि छ र जसको दर्शन नहुनु दुःख र परतन्त्रताको कारण हो, उनै देव पूजनीय छन् ।

जो नरपशु मूढ पुरुष संसारको चमक-दमक देखेर अन्धो भइरहेछ, जसलाई सत्य र असत्यको विवेक छैन, उनीहरूध्ये कोही कीर्तिमा, कोही वासनामा, कोही कामनामा, कोही स्त्रीमा, कोही पुत्रमा, कोही धनमा, कोही ऐश्वर्यमा, कोही धर्ममा, कोही अर्थमा, कोही काममा लागेका छन् । कसैलाई मित्र सम्झन्छन् कसैलाई शत्रु मान्दछन्, कसैसँग द्वेष गर्दछन् । देहलाई नै आत्मा सम्झन्छन्, देहका सम्बन्धितहरूलाई नै आफ्नो सम्झन्छन्, लकीरका फकीर छन् अर्थात् मानिएका (कल्पित) विन्दुलाई साँचो ठानेर नाप–तौलमा नै लागेका छन् । यस्तालाई जुन देवको छाया पनि देखिनु कठिन छ र जो विवेकी धीरवर पुरुष दुनियांको चमक–दमक देखेर मोहित हुँदैनन्, जसलाई सत्य असत्यको विवेक हुन्छ, उनी कीर्ति आदिमा, स्त्री, पुत्र आदि नाशवान् पदार्थहरूमा आशक्त हुँदैनन् । न कसैको राग गर्छन् र न कसैको द्वेष गर्छन्, सबैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समान प्रेम गर्छन् । जसको दृष्टिमा शत्रु-मित्र समान हुन्छन् जसको दृष्टिमा दोस्रो नै छैन, एकै जनार्दनलाई नै जो सर्वत्र, सर्वदा, सर्वथा सबैमा देख्दछन्, जसको देहमा आत्माध्यास छैन, र देहका सम्बन्धीहरूमाथि पनि जसलाई ममता र मोह छैन, त्यस्ता भाग्यवान् पुरषहरूको जुन देव आफ्नो स्वरूप नै हो उनै देव पूनीय छन् ।

ए मोहग्रस्त सोझो मान्छे ! चेत्, उठ्, मोहनिद्रा त्याग्, शोकतन्द्रा भगा, एक नै देव छन्, एकै देवले अनेक रूप धारणा गरेका हुन्, सबै एउटै ढुङ्गाका बट्टा हुन् अनि किन कसैसँग राग गर्दछस्, किन कसैसँग द्वेष गर्दछस्, एकको नै सबैमा दर्शन गर, एकको नै [illegible] स्पर्श गर, एकलाई नै चाख्, एकलाई नै सुँघ् एकैको गाना गा, एकैको ध्यान गर्, भेद कतै पनि, कहिले पनि, किञ्चित् पनि नदेख्, आफूलाई समान सबैलाई प्रेम गर्, आफूलाई नै समान सबैलाई सम्मान दे, मानप्रतिष्ठाको वाहना नगर्, ठूलो बन्ने इच्छा नगर्, सानो बनेर दुःखी पनि न हो । जस्तो तेरो देव सम छन् त्यस्तै तँ पनि सम रह, सपनामा पनि विषमन हो समता त्यस देवको भक्ति हो, समता नै ज्ञान हो, समता नै योग हो । समता सिद्ध हुनाले भक्ति, ज्ञान, योग सबै नै सिद्ध हुन्छन्, समता सिद्ध भएन भने त गरेको दान, धर्म, ज्ञान, भक्ति सबै निष्फल हुन्छन् । 'निर्दोषं हि समं ब्रह्म'– यो न्याय अनुसार समता नै तपस्या हो । समताबाट सम-परमात्मदेवको दर्शन हुन्छ; अरू कुनै पनि प्रकार सम ब्रह्मको दर्शन हुँदैन ।

यहाँसम्म ईश्वरको दार्शनिक स्वरूपको यत्किञ्चित् (अलिकता) विवेचना भयो । अब यसको उपर ईश्वरको विषयमा पौराणिक दृष्टिकोणबाट केही विचार गर्छु । श्रीमद्भागवतमा भगवान्को वचन छ–

अहमेवाऽसमेवाऽग्रे नाऽन्यद्यत्सदसत्परम् ।
पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम् ।। (२।९।३१)

सृष्टिको आदिमा कार्य (स्थूल) र कारण (सूक्ष्म) ले प्रतीत एक मात्र म नै थिएँ, म सिवाय अरू कोही पनि थिएन, सृष्टिपश्चात् पनि म नै रहन्छु र यो जुन जगत्प्रपञ्च देखिन्छ, त्यो पनि म नै हुँ तथा सृष्टिको संहार हुँदासम्म जे-जो बच्दछ त्यो पनि म नै हुँ । शिवपुराणमा पनि लेखिएको छ–

एक एव सदा रुद्रो न द्वितीयोऽस्ति कश्चन ।
संसृज्य विश्वं भुवनं गोप्तान्ते सञ्चुकोच सः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वतश्चक्षुरेवायमुतायं विश्वतोमुखः ।
तथैव विश्वतोबाहुर्विश्वतः पादसंयुतः ।।
द्यावाभूमी च जनयन् देव एको महेश्वरः ।
स एव सर्वदेवानां प्रभवश्चोद्भवस्तथा ।। (७।१।६।१४-१६)
अचक्षुरपि यः पश्यत्यकर्णोऽपि शृणोति यः ।
सर्वं वेत्ति न वेत्ताऽस्य यमाहुः पुरुषं परम् ।। (७।१।६।१३)

त्यस समयमा एक रुद्र नै थिए, दोस्रो कोही थिएन । ती जगद्रक्षकले नै संसारको रचना गरेर अन्तमा त्यसको संहार गरे । उनको चारैतिर आंखा छ, चारैतिर मुख छ, चारैतिर हात छ तथा चारैतिर गोडा छ । पृथ्वी र आकाशलाई उत्पन्न गर्ने एक महेश्वर देव नै छन्, उनै सबै देवताहरूका कारण र उत्पत्तिको स्थान हुन् । जो आँखा-कान विना नै देख्दछन्, सुन्दछन्, जो सबैलाई जान्दछन् तथा उनलाई कोही जान्दैनन्, उनी परम पुरुष भनिन्छन् ।
श्रीमद्भागवतमा लेखेको छ–

एकस्त्वमात्मा पुरुषः पुराणः सत्यः स्वयं ज्योतिरनन्त आद्यः ।
नित्योऽक्षरोऽजस्रसुखो निरञ्जनः पूर्णोऽद्वयो मुक्त उपाधितोऽमृतः ।। (१०।१४।)

उनी एक नै आत्मा पुराणपुरुष, सत्य, स्वयंप्रकाशस्वरूप, अनन्त, सबका आदि कारण, नित्य, अविनाशी, निरन्तर सुखी, मायाले निर्लिप्त अखण्ड, अद्वितीय, उपाधिले रहित तथा अमर हुन् ।
गोस्वामी तुलसीदासजीले पनि रामायणमा यसो भन्नुभएको छ–

व्यापक एक ब्रह्म अविनासी । सत चेतन घन आनन्दरासी ।।
आदि अन्त कोउ जासु न पावा । मति-अनुमान निगम जस गावा ।।
बिनुपद चलै सुनै बिन काना । कर बिनुकर्म करै बिधि नाना ।।
आननरहित सकल रस भोगी । बिनुबानी बक्ता बड जोगी ।।
तनुबिनु परस नयनबिनु देखा । ग्रहै घ्रानबिनु बास असेखा ।।
अस सब भांति अलौकिक करनी । महिमा तासु जाई किमी बरनी ।।

जुन शास्त्र यस प्रकार परमात्माको महिमा गाउँछन्, उनै यो पनि भन्दछन् उसलाई हामी आँखाले देख्न सक्तैनौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न सदृशे तिष्ठति रूपमस्य न चक्षुषा पश्यति कश्चनैनम् । (श्वेताश्व. ४।२०)
ज्ञानप्रसादेन विशुद्धसत्वस्ततस्तु तं पश्यते निष्कलं ध्यायमानः ।(मु.उ, ३।१।८)

ईश्वरलाई कोही देख्न सक्तैनन्, किन्तु हामीहरूमध्ये कसैले मनलाई पवित्र गरेर विमल बुद्धिले ईश्वरलाई देख्न सकिन्छ । यसैले जसले ईश्वरलाई मनको आँखाले (बुद्धिले) देख्न चाहन्छ उनलाई उचित छ कि उनले आफ्नो शरीर र मन पवित्र गरेर र बुद्धि विमल गरेर ईश्वरलाई खोजून् ।

त्यो परमात्मा एक नै हो तर त्यही एकको तीन संज्ञा छ– ब्रह्मा । विष्णु, महेश । यो उनै एक परमात्माको तीन संज्ञा अर्थात् नाम हुन् । विष्णुपुराणमा लेखिएको छ–

सृष्टिस्थित्यन्तकरणां ब्रह्मविष्णुशिवाभिधाम् ।
ससञ्ज्ञां याति भगवानेक एव जनार्दनः ।। (१।२।६६)

ती एक नै जनार्दन भगवान्ले सृष्टि, पालन र संहार गर्ने ब्रह्मा, विष्णु तथा शिवनामका तीन संज्ञा प्राप्त गरेका छन् । यो कुरा बृहन्नारदीय पुराणमा पनि लेखिएको छ–

नारायणोऽक्षरोऽनन्तः सर्वव्यापी निरञ्जनः ।
तेनेदमखिलं व्याप्तं जगत् स्थावरजङ्गमम् ।।
तमादिदेवमजरं केचिदाहुः शिवाभिधम् ।
केचिद्विष्णुं सदा सत्यं ब्रह्माणं कैश्चिदुच्यते ।। (१।२।२–५)

भगवान् नारायण अविनाशी, अनन्त, सर्वत्र व्यापक तथा मायाले अलिप्त हुनुहुन्छ, यो स्थावर-जङ्गमरूप सारा संसार उहाँबाट व्याप्त छ । ती दुःखरहित आदिदेवतालाई कोही शिव, कोही सदासत्यस्वरूप विष्णु र कोही ब्रह्मा भन्दछन् यस्तै प्रकार शिवपुराणमा आफै महेश्वरको वचन छ–

त्रिधा भिन्नो ह्यहं विष्णो ब्रह्मविष्णुहराख्यया ।
सर्गरक्षालयगुणैर्निष्कलोऽयं सदा हरे ।।
अहं भवानयं चैव रुद्रोऽयं यो भविष्यति ।
एकं रूपं न भेदोऽस्ति भेदे च बन्धनं भवेत् ।। (२।१।९।२८।३८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे विष्णु ! सृष्टि, पालन तथा संहार यी तीन गुणहरूको कारण म नै ब्रह्मा, विष्णु र शिव नामका तीन भेदले युक्त छु । हे हरि ! वास्तवमा मेरो स्वरूप सधैं भेदहीन छ । म, तपाईं, यो (ब्रह्मा) तथा रूद्र र अगाडि आएर जो कोही पनि हुन्छन्, यो सबैको एक नै रूप हो, त्यसमा केही भेद नै छैन, भेद मान्नाले बन्धन हुन्छ ।

श्रीमद्भागवतमा पनि स्वयं भगवान्को वचन छ–

> अहं ब्रह्मा च शर्वश्च जगतः कारणं परम् ।
> आत्मेश्वर उपद्रष्टा स्वयं दृगविशेषणः ।।
> आत्ममायां समाविश्य सोऽहं गुणमयीं द्विजः ।
> सृजन् रक्षन् हरन् विश्वं दध्रे सज्ञां क्रियोचिताम् ।। (४।७।५०–५१)

हामी ब्रह्मा र शिव संसारको परम कारण छौं, हामी सबैको आत्मा ईश्वर, साक्षी, स्वयंप्रकाश र निर्विशेष छौं । हे ब्राह्मण यो म (विष्णु) आफ्नो त्रिगुणमयी मायामा प्रवेश गरेर संसारको सृष्टि, रक्षा प्रलय गरेर भिन्दाभिन्दै कार्यक्रम अनुसार नाम धारण गर्छु ।

यसैले शिवपुराणमा लेखिएको छ–

> शिवो महेश्वरो देव रुद्रो विष्णुः पितामह ।
> संसारवैद्यः सर्वज्ञः परमात्मेति मुख्यतः ।।
> नामाष्टकमिदं नित्यं शिवस्य प्रतिपादकम् । (६।९।१–२)

शिव, महेश्वर, रुद्र, विष्णु पितामह, संसारवैद्य, सर्वज्ञ र परमात्मा– यी आठ नाम मुख्यरूपले शिवका बोधक हुन् । ती परमात्मा कस्ता छन् ? श्रीमद्भागवतमा लेखिएको छ–

> विशुद्धं केवलं ज्ञानं प्रत्यक्सम्यगवस्थितम् ।
> सत्यं पूर्णमनाद्यन्तं निर्गुणं नित्यमद्वयम् ।।
> ऋषे विदन्ति मुनयः प्रशान्तात्मेन्द्रियाशयाः । (२।६।३९–४०)
> ज्ञानमात्रं परं ब्रह्म परमात्मेश्वरः पुमान् ।
> दृश्यादिभिः पृथग्भावैर्भगवानेक ईयते ।। (३।३२।२६)

ब्रह्म सत्य हो, सधैं रहन्छ, छ पनि, सधैं रहने छ पनि । त्यो ज्ञानमय, चैतन्य र आनन्द-स्वरूप हो । उसको आफ्नो शरीर छैन, किन्तु विनाशवान् शरीरमा प्रवेश गरेर संसारको लीला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छ । त्यो खालि निर्मल ज्ञानस्वरूप हो, पूर्ण हो, उसको आदि छैन, अन्त छैन । ऊ नित्य र अद्वितीय छ । एक भएर पनि अनेक रूपमा देखिन्छ ।

एको देवः सर्वभूतेषू गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा ।
कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेता केवलो निर्गुणश्च ।। (श्वेता. ६।११)

एकै परमात्मा सबै प्राणीहरूभित्र छिपेका छन्, सबैमा व्याप्त भइरहेछन्, सबै जीवहरूको भित्रका अन्तरात्मा हुन्, जे-जति काम सृष्टिमा भइरहेछ, त्यसका नियन्ता हुन् । सबै प्राणीहरूको भित्र बसेका छन्, सबै संसारका कार्यहरूको साक्षिरूपमा देख्ने चैतन्य, केवल एक जसको कुनै जोड छैन र गुणहरूका दोषले रहित छन् ।

न तस्य कश्चित् पतिरस्ति लोके न चेशिता नैव च तस्य लिङ्गम् ।
स कारणं करणाधिपाधिपो न चाऽस्य कश्चिज्जनिता न चाऽधिपः ।।(श्वेता. ६।९)

संसारमा उसको न कोही मालिक छ, न उसमाथि आज्ञा चलाउने कोही छ, न उसको कुनै चिह्न छ । ऊ नै सबको कारण हो, उसको कोही कारण छैन, उसलाई उत्पन्न गर्ने कोही छैन, न उसको कोही रक्षक नै छन् ।

तमीश्वराणां परमं महेश्वरं तं देवतानां परमं च दैवतम् ।
पतिं पतीनां परमं परस्ताद् विदाम देवं भुवनेशमीड्यम् ।। (श्वेता. ६।७)

ती सबै सामर्थ्य र अधिकार राख्नेको सबैभन्दा ठूलो मालिक, सारा त्रिभुवनको स्वामी, परमपूजनीय देवलाई हामीहरूले चिनेका छौं ।

शुद्ध ब्रह्म निराकार चेतन विज्ञानानन्दघन सर्वव्यापि परमात्माको वास्तविक रूप सम्पूर्ण गुणहरूले सर्वथा अतीत छ । जगत्को सारा गुण-अवगुण, सत्व, रज र तमले बन्दछ । सत्व, रज र तम तीनै गुण मायाको अन्तर्गत छ, यसैले उनको नाम विष्णुमयी माया हो । यसमा सत्व उत्तम हो, रज मध्यम हो र तम अधम हो । परमात्मा यो मायाले अत्यन्त विलक्षण, सर्वथा अतीत र गुणरहित छन् । यसैले उनको नाम शुद्ध हो । अतएव उनी गुणातीत छन् ।

माया वास्तवमा छँदै छैन, यदि कहीं मानिहाले तापनि त्यो कल्पनामात्र हो । यो मायाको कल्पना परमात्माको एक अंशमा छ । गुण-अवगुण सबै मायामा छ । यो न्यायले सत्य, दया, त्याग, विचार र काम, क्रोध, लोभ, मोह आदि गुण र अवगुणहरूले युक्त यो सम्पूर्ण संसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

खीमबहादुर शाह राप्ती अस्पताल दाङ जिल्ला

ती परमात्मामा नै अध्यारोपित मान्न सकिन्छ । यस स्थितिमा उनी असल-खराब सबै गुणहरूले युक्त भन्न सकिन्छ ।

यो ब्रह्माण्ड जसको अन्तर्गत छ, ती मायाविशिष्ट ब्रह्म सृष्टिकर्ता ईश्वर शुद्ध ब्रह्मदेखि भिन्न छैनन् । उनी मायालाई आफ्नो अधीनमा राखेर प्रादुर्भूत हुन्छन्, समय-समयमा अवतार लिन्छन्, यसैले उनी माया विशिष्ट भनिन्छन् । गीतामा भनिएको छ–

> अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
> प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ।। (६।४)

जसरी अवतार हुन्छ उसरी नै सृष्टिकोआदिमा पनि मायालाई आफ्नो अधीनमा पारेर भगवान् प्रकट हुन्छन् । यिनैको नाम विष्णु हो । यिनी आदिपुरुष विष्णु सर्वसत्वगुण सम्पन्न छन् । सत्वगुणका मूर्ति हुन् । सात्त्विक तेज, प्रभाव, सामर्थ्य, विभूति आदिले विभूषित छन् । दैवी सम्पदाको गुण नै सत्त्वगुण हो । शुद्ध सत्व नै उनको स्वरूप हो । दुर्गुण त रज र तममा रहन्छ, प्रेम सादृश्य र सम्पन्नतामा हुन्छ, यसैले जुन भक्तमा दैवी सम्पत्तिको गुण हुन्छ उनी नै भगवान्को दर्शनलाई उपयुक्त पात्र सम्झिन्छन् । मायाविशिष्ट सगुण भगवान् मायालाई साथ लिएर समय-समयमा अवतार लिन्छन् । उनी सर्वगुण सम्पन्न छन् । यसैले यद्यपि त्यो शुद्ध सत्त्वगुणरूप सगुण-साकार परमात्मामा रज र तम वास्तवमा रहँदैन तथापि उनी रज-तमको कार्य गर्न सक्तछन् । न्यायकारी हुनाले उनी यथावश्यक, दुष्टतर्जन आदि कार्य गर्दछन् । राजा जनक मुक्त पुरुष थिए, परम सात्त्विक थिए, परन्तु राजा हुनाले न्याय गर्नु उनको काम थियो । चोरहरूलाई उनी दण्ड पनि दिन्थे । त्यसमा कुनै दोषको कुरा छैन । आमा आफ्नो प्यारो बच्चालाई शिक्षा दिनका लागि हप्काउँछिन् र कहिले आवश्यक सम्झेर मायाले भरिएको हृदयले एक दुई थप्पड दिन्छिन्, परन्तु यस्तो गर्नाले पनि उनले दया नै गरेको हुन्छ । यस्तै प्रकार दयानिधि, न्यायकारी भगवान्को दण्डविधान पनि दयाले नै युक्त हुन्छ ।

साभार – 'धर्म-विज्ञान'

☆

"कर्म त्यो निष्ठा, विचार औ क्रियापद्धतिको नाम हो,
जो सबैलाई धारण गर्छ, जसबाट मनुष्यको सात्विक उत्थान हुन्छ ।"

– खप्तडस्वामी

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मकर्म– शास्त्रको उपयोगिता आजको सन्दर्भमा

– सह-प्राध्यापक, दामोदर शर्मा
म सं वि. वि., दाङ

श्रुति स्मृति पुराण आदि हाम्रा जतिपनि धर्म-शास्त्र र कर्म-शास्त्र बनेका छन्, ती सबैको मूल श्रुति (वेद) नै हो, अरु सबै वेदैबाट निकालिएका हुन् ।

वस्तुतः, व्यासजीले १८ महापुराण रचे पछि अरु सबै मुनिहरूमा यो कुतूहल पैदा भयो कि हेरौं व्यासजीले ती पुराणहरूमा के लेख्नु भएको छ, मुनिहरूले सबै पुराणहरू ओल्टाई पल्टाई हेर्नु भयो । हेर्दा नयाँ कुरा केही पाउनु भएन । उनै वेदका पुराना कुरामात्रै घट-बढ परेको पाउनु भयो र मुनिहरूले भन्नुभयो– पुराणहरूमा त वेदका उनै पुराना कुरा मात्र रहेछन् । मुनिहरूले यसो भन्नु भएको हुँदा पुराणहरूको नाम पुराण रह्यो । यसबारे यास्क मुनि भन्छन्– "पुरा नवं भास" पहिले यो कुरा नयाँ नै थियो । अनि पुराण भनियो । यसरी नै इति ह आस=इतिहास पनि भनिन्छ ।

वेदलाई कसैले नित्य मान्छन्, कसैले ईश्वरले बनाएको भन्छन्, यी दुवै कुराको परिणाम एउटै निस्कन्छ, किन भने ईश्वरले पनि अघिल्लो कल्पमा वेद जस्तो थियो उस्तै वेद बनाउनु हुन्छ, त्यसमा लेशमात्र पनि परिवर्तन गर्नु हुन्न । यस्ता वेदमा कुनै दोष हुने सम्भावनै भएन, किन भने दोष पुरुषकृत नित्यासदृशमा मात्रै सम्भव हुन्छन् । वेद त नित्य र अपुरुषकृत शाश्वत सत्य ज्ञान हो । सृष्टिको आरम्भदेखि वेद उही छ । लगभग ३ अरब वर्ष भइसक्यो, यो कल्प चालु नै छ ।

अतः निर्दुष्ट वेदमा र तन्मूलक स्मृति आदि शास्त्रहरूमा परस्पर विरोधी र असत्य वचन हुनै सक्तैनन् । त्यस्ता वचन यी वेद शास्त्रमा भए आजको सन्दर्भमा मात्रै किन ? कहिल्यै पनि यी वेद शास्त्रहरूको उपयोगिता हुने थिएन, तर त्यस्ता वचन वेद शास्त्रहरूमा नहुनाले अघि जस्तै आजको सन्दर्भमा पनि यी वेदादि धर्मकर्म-शास्त्रहरूको पूरै उपयोगिता छ ।

कहीं कहीं शास्त्रमा परस्परविरोधी र असत्य जस्ता वचन देखिए भने हामीलाई अर्थ लागेन भन्ने सम्झनु पर्छ, सामान्यरूपले हेर्दा परस्परविरोधी र असत्य जस्ता वचन कहीं कहीं देखिन्छन् । तर ती कुरा गहिरिएर बुझेर हेर्दा सत्य र अविरोधी नै हुन्छन्, उदाहरणका निमित्त यस लेखमा त्यस्तै केही प्रसङ्गको चर्चा गरिएको छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) शिवपुराण हेर्दा शिवजी नै परमेश्वर हुनुहुन्छ, विष्णु आदि अरू सबै शिवजीकै अधीनमा हुनुहुन्छ । पुराणहरूमा पनि शिवपुराण नै सर्वोच्च पुराण हो भन्ने कुरा देखिन्छ । यस्तै जुन शास्त्र हेर्‍यो उसैलाई सर्वोच्च शास्त्र र उस शास्त्रले प्रतिपाद्य देवतालाई नै सर्वोच्च देव भनेको पाइन्छ, यसबाट परस्परविरोध स्फुटतया प्रतीत हुन्छ ।

(२) श्रीमद्भागवत अनुसार– श्रीकृष्ण भगवान्ले "आफ्नो परिचय दिनुहोस्" भन्दा नृगराजाले "मेरो नाम नृग हो, दानीहरूको नाममा मेरो नाम पनि सुन्नु भएको होला, मैले आकाशका [illegible] हुँदा [illegible] पूरै पृथ्वीमा वर्षाका धारा र पृथ्वीका परमाणु जति हुन्छन्, उति भव्य भव्य गाई दान गरेको थिएँ" भन्दै आफ्नो परिचय दिएको देखिन्छ । –

यावत्य: सिकता भूमौ यावत्यो दिवि तारका: ।
यावत्यो वर्षधाराश्च तावतीरददं स्म गा: ।।१२।। (१० स्क०, ६४ अ०)

सामान्यरूपले हेर्दा यो वचन असंभव हुनाले असत्य जस्तो लाग्छ ।

(३) मनुस्मृतिमा एउटा श्लोक छ–

न मांसभक्षणे दोषो न मद्ये न च मैथुने ।
प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला ।।१।।

यो वचन असत्य कैं प्रतीत हुन्छ । यो श्लोक भन्दा अघिका श्लोकले भनेका कुरासंग विरुद्ध पनि प्रतीत हुन्छ, अघिका श्लोकमा मासु खाँदा रक्सी पिउँदा निषिद्ध स्त्रीसंगम गर्दा ठूला-ठूला पाप हुन्छन् भनेको छ ।

(४) मनुस्मृतिमा अर्को श्लोक छ–

श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतच्चतुर्विधं प्राहुः साक्षाद् धर्मस्य लक्षणम् ।।१।।

वेद हेर्न पर्छ, स्मृति हेर्न पर्छ, आफ्ना कुलको आचार हेर्न पर्छ, आफ्नु आत्माले रुचाएको हुन पर्छ, यी ४ धर्मका साक्षात् लक्षण हुन् यो अर्थ देखिन्छ ।

यहाँ यो शङ्का हुन्छ कि आफ्ना आत्माले रुचाएको धर्म भइसकेपछि जे मन लाग्छ त्यही गरे त धर्म भइगयो, किताब हेर्न किन पर्‍यो ? । आफ्ना कुलको आचार गोहत्या गर्ने रहेछ भने गोहत्या गरे धर्म भइजाने भयो तर वेदले सामान्य पनि हत्या गर्नु भन्दैन । गोहत्या त परै रहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) पुराणमित्येव न साधु सर्वं
न चापि काव्यं नवमित्यवद्यम् ।
सन्तः परीक्ष्यान्यतरद् भजन्ते
मूढः परप्रत्ययनेयबुद्धिः ॥१॥

यो श्लोक हेर्दा पुराणमा पनि कतै कतै गलत लेखेको हुने रहेछ कि भन्ने शङ्का हुन्छ ।

(६) न्याय आदि आस्तिकषड्दर्शनहरू मध्ये जसलाई हेर्‍यो उसैलाई सबैभन्दा ठूलो वताइएको र उसले वताएको मार्ग नै कल्याणको लागि सही मार्ग हो भन्ने बताइएको देख्दा शङ्का हुन्छ ।

(७) कैकेयीका वचनले रामको वनवास भएको थाहा पाएर भरतले आफ्नी आमा कैकेयीलाई "तिम्रो स्वर्गवास न होस्, नरकवास होस्" इत्यादि अति नै उग्र वचन भनेका छन्, यसमा अनौचित्य देखिन्छ, किन भने आमाले छोराको हितको लागि त्यस्तो काम गर्नुमा अत्यन्त अनौचित्य देखिन्न । भगवान्लाई छोडेर अरू सबैमा आमा नै सर्वोच्च माननीय हुनुहुन्छ, यसै कारणले मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव यसमा आमालाई नै भगवान् भन्दा भिन्न श्रेष्ठहरूमध्ये प्रथमस्थान दिइएको छ, आमालाई त्यस्तो भन्ने भरतजीलाई पनि भव्यव्यक्तिमा गनिएको छ ।

(८) छोरो मातृपितृभक्त हुनुपर्छ भन्ने शास्त्रमा छ, मातृपितृभक्त हुनु भनेको माता-पिताको आज्ञा आदि पालन गर्नु त हो, आफ्ना पिता हिरण्यकशिपुको हरिभजन न गर्नु भन्ने आज्ञालाई प्रह्लादले पालन गरेनन्, तर यसको दण्ड प्रह्लादलाई मिलेन, वरु भगवान्द्वारा रक्षित भए । यसबाट शास्त्रमा असत्य उल्लिखित छ कि भन्ने शङ्का हुन्छ ।

(९) पुराणमा यो कथा प्रसिद्ध छ कि महारोग भएका वेश्यागामी यौटा ब्राह्मण थिए, तिनकी अत्यन्त प्रतिव्रता पत्नी थिइन् । रातीमा त्यसले वेश्या थि आँफैं हिंडेर जान न सकी ती ब्राह्मणले आफ्नी पत्नीसँग भने- "मलाई बोकेर त्यस वेश्याका पास पुर्‍याइ दे", उनी बोकेर हिंडिन्, चोर हुन् भन्ने भ्रमले यौटा मुनिलाई शूलीमा चढाइएको थियो, त्यस स्थितिमा पनि मुनि मरेका थिएनन्, त्यो ठाउँ बाटैमा पर्थ्यो, राती अँध्यारोमा बोकेर जांदा ती कोरीका पाऊले ती मुनिलाई घच्च लाग्यो, ती मुनिले भने- "सूर्य उदाउँदा वित्तिकै यो मान्छे मरिजाओस्", ती पतिव्रताले भनिन्- "त्यसो भए सूर्योदय नै न होस्", सूर्योदय नै बन्द भयो र तीनै लोकमा हाहाकार मच्चियो, सबै देवताहरू ती पतिव्रताको पास आएर प्रार्थना गरे, सूर्योदय भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजूरका पति न मरून्, 'सूर्योदय हुँदा मरि जाओस्' भन्ने ती मुनिको शराप व्यर्थ भई जाओस्, हजूरका पति नीरोग, सुन्दर बुद्धिमान्, विद्यावान्, सच्चरित्र, जितेन्द्रिय, धनवान्, दीर्घायुष्क भै जीउन्, सूर्योदय होस् ।" पतिव्रताले भनिन् "ती शाप दिने मुनिले मसंग 'मैले जानिन माफ दिनुहोस्' भन्न पर्छ", ती मुनिले पनि त्यसो भने र ती पतिव्रताले त्यसो भए सूर्योदय होस् भनिन् र यथ।समय सूर्योदय हुन लाग्यो ।

यसबाट के शङ्का हुन्छ भने– सर्वोच्च माननीय त भगवान् हुनुहुन्छ, भगवान्को वचनसंग विरोध[illegible]मा अरूको वचन अमाननीय हुन्छ, वेश्यागामी हुन पनि हुन्न र वेश्यागमनको लागि सहायता दि[illegible] हुन्न भन्ने भगवान्को वचन छ, ती पतिव्रताले वेश्यागमन कार्यको लागि सहायिका बन्ने काम किन गरीन् र यसको दण्ड ती पतिव्रतालाई किन मिलेन ? ।

(१०) श्रीमद्भागवतमा श्रीकृष्ण भगवान्ले गोपिनीहरूसँग रासलीला गर्नु भयो भन्ने कथा महाप्रसिद्ध छ । गोपिनीहरूले आफ्ना पतिलाई छोडेर राती–राती श्रीकृष्ण भगवान्का पास गएर रासलीला गर्नु उचित हो त ? । श्रीकृष्ण भगवान्ले पनि परपत्नी गोपिनीद्वारा रासलीला सम्पन्न गर्नु उचित हो त ? । तर न यसको दण्ड गोपिनीहरूले पाए, न श्रीकृष्ण भगवान्ले पाउनु भयो भने के कस्तो रहस्य शास्त्रमा उल्लिखित छ ।

(११) वैज्ञानिकहरू आज-भोलि विमानमा बसेर चन्द्रलोक पुगिसके, वैज्ञानिकहरूले साइकिल, मोटरसाइकिल, टेक्टर, ट्रक, मोटर, रेल, हवाईजहाज आदि बनाएर आज-भोलि कस्तो सजिलो बनाएका छन्, खै हाम्रा शास्त्रबाट यस्ता भव्य-भव्य काम बनेको देख्न पाइएको ? आज-भोलि के उपयोग छ हाम्रा शास्त्रको ? ।

(१२) आजको सन्दर्भमा भन्ने उल्लिखित छ, अघि चाण्डालआदिसँग छोइएमा शुद्ध हुनको लागि नुहाउँथे, पछि त्यो ह्रास भएर छिटो हाल्ने चलन आयो, आज-भोलि त्यो पनि हरायो, आज-भोलि यस्तासँग छोइयो छिटो हाल्दिन पर्‍यो भन्ने हो भने पक्डाउमा परिने डर छ, यस स्थितिमा हाम्रा शास्त्रले भनेका कार्यको निर्वाह कसरी गर्ने ?, निर्वाह गर्न नसके पछि हाम्रा शास्त्रकै उपयोग के ? ।

(१३) हाम्रा शास्त्रले स्नान सन्ध्या पाठ पूजा आदि गरे पछि धर्म भएर परलोक सुध्रन्छ भन्छन्, परलोक रहेन छ भने के सुध्रने ? ।

(१४) शास्त्रमा एकातिर हिंसा गर्न हुन्न भन्ने लेखेको छ, अर्कोतिर देवी आदिलाई बोको आदि बलि चडाउनू भन्ने पनि लेखेको छ, हिंसा न भै बलि कसरी हुन्छ र ? । एकातिर मासु खान हुन्न भन्छ, अर्कोतिर "पञ्च पञ्चनखा भक्ष्याः=पाँच नङ भएका कछुवा आदि पांचोटाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मासु खाए हुन्छ" भन्छ । परस्परविरोध भएन त ? परस्परविरोध भै सके पछि दुई मध्ये एक असत्य हुनु पनि अनिवार्य छ ।

शास्त्रहरूमा परस्परविरोधी र असत्य जस्ता कतिपय वचन देखाइए । अब तिनीहरूको उत्तर क्रमशः लेखिन्छ –

(१) कदाचित् हामीहरूले यी कन्या जस्ति राम्री कन्या नभए, न होलान्, न छन् पनि भन्छौं । यस्ता शब्द हामी किन बोल्छौं ? यी नानी बहुतै राम्री छन् यति कुरा [illegible] सम्झाउँन ती वचन सुन्ने मान्छेले पनि त्यस्तो सोझो सोझो अर्थ = त्यस्ती सुन्दरी न [illegible] छन् न हुनन् सम्झन्न । यी नानी बहुतै राम्री छन् यति कुरा सम्झन्छ, किन भने– अनन्तब्रह्माण्डमा अनन्त देशमा अनन्तकालमा त्यस्ती राम्री नानी हुँनै सक्तैनन् भन्ने कुरा हुनै सक्तैन र प्रशंसामा यस्तै बोली बोलिन्छ भन्ने कुरा उसले अज्ञातरूपमा भए पनि मानेकै हुन्छ ।

हो यस्तै हो, हामीले जस्तो कुरा सम्झाउन जस्तो भाषा बोल्छौं, शास्त्रहरूमा पनि त्यस्तो कुरा सम्झाउन त्यस्तै भाषाको प्रयोग भयो । यस उत्तरबाट शिवजी नै परमेश्वर हुनुहुन्छ, विष्णु भगवान् नै परमेश्वर हुनुहुन्छ, शिवपुराण नै सर्वोच्च पुराण हो, विष्णुपुराण नै सर्वोच्च पुराण हो, इत्यादि कुराको परस्परविरोधित्व छैन भन्ने कुरा स्पष्ट भयो ।

(२) यस शङ्काको पनि प्रथमशङ्काको समाधानबाटै समाधान भैसकेको छ । अर्थात् यसको पनि तात्पर्य 'मैले धेरै धेरै गाई दान गरेको थिएँ' भन्ने स्पष्ट भएको छ ।

(३) यस प्रश्नको तात्पर्य पनि आफूतिर फर्केपछि बुझिहालिन्छ । उदाहरणका निम्ति, हजूर वैद्यनाथ क्षेत्रको विकासकोषको लागि, पशुपतिनाथ क्षेत्रको विकासकोषको लागि, नेपाल राज्यभरका हरेक वैतनिक व्यक्तिसँग एक एक दिनको वेतन बराबरको चन्दा मागे छैं चन्दा माग्दै हिंड्नु भएको थियो, अरूले एक दिनको वेतन बराबरको चन्दा दिए, देवदत्तले एकछिनको वेतनको बराबरमात्रै चन्दा दियो, यस स्थितिमा हजूरले भन्नुहुन्छ, अरूले त चन्दा दिए देवदत्तले त दिएन, ठग्यो, देवदत्तले पनि कत्ति न दिएको त होइन, तर अरूले दिएका चन्दाको साम्ने त्यो चन्दा अति सानु हुनाले गिन्तीमा न आएर दिएन भनियो ।

त्यस्तै मांस–मदिरा–विषिद्धमैथुन–निवृत्तिबाट जो सुमेरु पर्वतजत्रा धर्मका पहाडहरू पैदा हुन्छन्, तिनका साम्नेमा मांस–मदिरा–निषिद्ध मैथुन–सेवनबाट भएका हिमालयपर्वतजत्रा पापका पहाडहरू सुमेरुपर्वतभन्दा हिमालयपर्वत अतिसानु भएको हुँदा गिन्तीमा न आएर मांस मद्य निषिद्ध मैथुन सेवनबाट पाप हुन्न, मांस मद्य निषिद्ध मैथुन निवृतिबाट महापुण्य पैदा हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनियो, जस्ताले जस्तो कुरा बुझाउँन जस्ता शब्दको प्रयोग गर्छन् उस्तालाई उस्तो कुरो बुझाउन शास्त्रमा पनि उस्तै शब्दको प्रयोग गर्न पर्‍यो, मांस मद्य निषिद्ध मैथुन सेवनबाट पाप हुन्न भन्ने त्यस श्लोकको अर्थ होइन ।

यसै उत्तरले त्यस श्लोकभन्दा अघिका श्लोकले भनेका कुरासँग यस श्लोकको विरोध पनि समाप्त गरियो ।

(४) यस प्रश्नको सजिलो उत्तर यो होकि श्रुति स्मृतिमा परस्परविरुद्ध दुई कुरा गर्न भनेको देखिएको ठाउँमा ती दुई कुरा मध्ये कुन गरौं कुन नगरौं भएमा आफ्ना कुलको आचार हेर्नू, आफ्ना कुलमा ती दुई मध्ये जुन काम गर्थे सो काम गर्नू । आफ्ना कुलमा ती दुई मध्ये कहिले के कहिले के गर्थे भने ती दुई मध्ये जो तिम्लाई मन लाग्छ सो गर्नू भन्ने त्यस श्लोकको अर्थ हो । शास्त्रले न भनेको कुरा पनि तिम्रा कुलले गर्थे भने गर्नू, त्यस्तो कुरा पनि तिम्रो आत्माले रूचायो भने गर्नू भन्ने त्यस श्लोकको अर्थ होइन ।

(५) यस प्रश्नको उत्तर हो– त्यस श्लोकमा पुराणशब्दले श्रीमद्भागवत आदि पुराण लिएको होइन, पुराना-पुराना हामी जस्ताले बनाएका शिशुपालवध जस्ता काव्य लिएको हो, त्यस्ता काव्यमा कतै कतै अनौचित्य भएर रसभङ्ग हुने खण्ड पर्छ–

'अनौचित्यादृते नान्यद्रसभङ्गस्य कारणं काव्येषु ।' यही नै काव्यको अवद्यत्व हो काव्यमा रसभङ्ग हुनु दोष हो, ढाँट्ने छल्ने चोर्ने परस्परविरोध पर्ने कुरा त्यस श्लोकमा गरिएको छैन, काव्यका कुरा हुन् हजूर ! यिनी, काव्य अलग हो, शास्त्र अलग हो, यसै कारणले काव्य भनेपछि पनि शास्त्र शब्द अलग पढिन्छ –

काव्यशास्त्रविनोदेन कालो गच्छति धीमताम् ।
व्यसनेन च मूर्खाणां निद्रया कलहेन वा ॥१॥

बुद्धिमान्‌को समय काव्यका र शास्त्रका रसले जान्छ, मूर्खको समय जुवा तास आदि दुर्व्यसनले निंदले र झगडाले जान्छ ।

हामी जस्ताले बनाएका काव्य आदिमा रसभङ्ग सम्पादक दोष हुनसक्छन् । शास्त्रमा यस्ता सरसताको कुरा गरिन्न; परस्परविरोध र असत्य नामका दोष न हुन पर्छ, यी दोष शास्त्रमा हुँदैनन् । (क्रमशः अर्को अङ्कमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो सनातन धर्म, संस्कृति र विकृतिबारे केही छलफल

– प्रा० छविलाल पोखरेल, धरान–१२

हाम्रो धर्मको नाम "एष धर्मः सनातनः – मनुस्मृति (४।१३८)" मा र बौद्धधर्मग्रन्थ "धम्मपद"मा पनि "एष धम्मो सनन्तनो (४।१४)" भनेर सनातनधर्मकै नामले चर्चित छ। मनुस्मृतिले "वेदोऽखिलो धर्ममूलम्" (२।६) अर्थात् धर्मको मूल वेदै हो [illegible] छ र सोही धर्मको नाम नै सनातनधर्म रहेको बुझिन्छ। अचेल त्यही सनातनधर्मलाई पश्चिमी विद्वान्हरूले हिन्दुधर्म भनेर व्यापक प्रचार गरेकोले हामी पनि यही नामको प्रयोग प्रायः गर्दछौं। भारतका संविधानको पच्चीसौं दफामा बौद्ध, जैन, शिख र वैदिकहरूलाई हिन्दुधर्ममा नै गणना गरिएको छ। वैदिक धर्मको कुरा वेदबाट आएको हो। वेद आजभन्दा करिब ८ हजार वर्ष पहिले बनेको कुरो पश्चिमी विद्वान् इतिहासकारहरू बताउँदछन्।

धर्मको मूल वेदै हो भने वेदले के भन्छ ? यो कुरा अवश्यै पनि बुझ्नु पर्दछ। ४ वेदका मन्त्रहरूको सँख्या करीब १८ हजार जति छ। ती सबै मन्त्रका फैसलामा अन्त्यका थोरै मन्त्रले थोरै वाक्यमा वेदको मुख्य आशय वा सारकुरा बताएको देखिन्छ। उदाहरणका रूपमा हेरौं:– ऋग्वेदका अन्तिम ३ मन्त्र र यजुर्वेदका अन्तिम अध्यायका १७ मन्त्र समेत २०।२१ मन्त्रले नै वेदको मुख्य सार बताएका छन्। अथर्व र सामवेदका अन्त्यमा पनि सोही कुराको पुष्टि भएको छ वेदले मनुष्य समाजलाई के उपदेश गरेको छ भन्ने कुरा संक्षेपमा त्यतिले नै स्पष्ट गरेको छ तर यस तथ्यलाई आफ्नै चश्माले हेरेमा मात्र सत्य कुरा बुझिन्छ। उक्त यजुर्वेदका १७ मन्त्रको जगद्गुरु शङ्कराचार्य, महीधर, सायण आदिले उत्तम अर्थ गरेका छन् तर लोककल्याणकारी पृथ्वीभरका मनुष्यजातिका निम्ति व्यवहारिक र पारमार्थिक उत्तम उपदेश ती सत्रै मन्त्रले गर्दछन् तापनि संसारबाट मुक्तिका निम्ति ज्ञानकाण्ड तथा स्वर्ग र अर्को जन्ममा समेत सुखभोग निम्ति कर्मकाण्ड छन् भन्ने भ्रमका साथै वेद स्त्रीजातिले पढ्न हुन्न शूद्रले सुन्नै हुँदैन भन्ने भ्रम सर्वत्र व्याप्त छ तर वेदका कुनै मन्त्रले पनि स्त्री र शुद्रले वेद पढ्‌ हुन्न भन्दैन। व्रतबन्ध गराइने वटुलाई प्रतिज्ञा गराइने मन्त्रले नै "एवमहं मनुष्याणां वेदस्य निधिपो भूयासम्" अर्थात् "त्यसै गरी म पनि मनुष्यहरूको वेदरूपी खानीको रक्षा गर्न सक्ने बनौं।" भन्ने प्रतिज्ञासूचक प्रार्थना गराइन्छ। यस प्रार्थनामा वेदलाई मनुष्यहरूको खानी भनेको छ तर तीन जात ब्राह्मण क्षत्रीय वैश्यको मात्र वेद हो भनेको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस क्रममा कात्यायन श्रौतसूत्रका आरम्भमा नै वेद र वैदिक यज्ञकार्यमा ककसको अधिकार छ भन्ने चर्चा गर्दा "ब्राह्मण–राजन्य-वैश्यानां श्रुतेः" (१।१।६), "स्त्री चाविशेषात्"–(१।१।७) अर्थात् सुन्ने बुझ्ने शक्तिमा स्त्री पनि पुरुषभन्दा भिन्नै न हुनाले स्त्रीको पनि अधिकार छ" भनेको छ। कतिपय ऋग्मन्त्रका ऋषि स्त्री पनि छन्। यज्ञकार्यमा पुरुष र स्त्रीले प्रदक्षिणा गर्ने मन्त्रहरू छुट्टै छन्। स्त्री (अविवाहित महिला) ले प्रार्थना गर्ने मन्त्र भन्छ – "त्र्यम्बकं य[illegible]मे सुगन्धि पुष्टिवर्धनम्। उर्वारुकमिव बन्धनादितो मुक्षीय मामुतः।।" (यजुर्वेद ३।६०) अर्थात् "ती[illegible]दा[illegible] (दुई आँखाका साथै ज्ञानको आँखा समेत) भएका शिव परमेश्वरको प्रार्थना गर्दछौं, जसबाट उत्तम पतिका साथ संयोग गराएर काँक्रा, वयर आदि फल परिपक्व भएपछि भेट्नुबाट छुट्टिए झैं हामीलाई पितृकुलबाट अलग गराइदिनुहोस् तर पति कुल (गोत्र) बाट हामी कहिल्यै न अलगियौं अर्थात् एकै पतिका साथ जीवनभर रहन सकौं।" वेद मन्त्रहरुको मूल आशय स्त्रीजातिलाई वेद न पढाउने छैन। यसो भएतापनि वस्तुत वेद भन्दा पछिका स्मृति (धर्मशास्त्र) हरुमा मात्र वैदिक मन्त्र र कर्ममा स्त्रीको अधिकारलाई रोकेको देखिन्छ तर वेदका मन्त्र भागले मात्र हैन ब्राह्मण भागले पनि स्त्रीलाई रोकेको छैन।

यद्यपि ब्राह्मण भागलाई पनि वेदै भनिएको छ– "मन्त्रब्राह्मणयोर्वेद नामधेयम्"–(आपस्तम्ब तथा कात्यायन) अर्थात् मन्त्र र ब्राह्मणको नाम वेद हो (वेद मन्त्र र ब्राह्मण २ भागमा छ) भनिएको छ तापनि 'ब्रह्मणो व्याख्यानात्" अर्थात् ब्रह्म (वेद) को व्याख्या (वेदमा भनेका कुराको विस्तार) भएकाले मन्त्र र ब्राह्मणमा कुनलाई प्रमाण मान्ने भन्ने स्थिति परेमा मन्त्रलाई प्रमाण (बलियो) मान्ने उपदेश कात्यायन आदिले गरेका छन्। त्यसकारण वेद मन्त्र सर्वश्रेष्ठ प्रमाण शास्त्र हो र यसले स्त्रीलाई वेद पढ्नबाट रोक्दैन।

वेदमा मात्र हैन, संस्कृत काव्य शास्त्रका महारथी महाकवि कालिदासले पनि उनको अभिज्ञान शाकुन्तल नाटकको प्रथम अंकको २९ सौं श्लोक (पद्य=सिलोक) मा नायक दुष्यन्तका मुखबाट शकुन्तलाको उपनयन (व्रतबन्ध) भएर ब्रह्मचारीको भेष कहिले सम्म रहला भन्ने शङ्का गरिएको छ। त्यसको किशोरकली व्याख्यामा मल्लीनाथले यमस्मृतिको "पुराकल्पे तु नारीणाँ मौञ्जीबन्धनमिष्यते" भन्ने प्रमाण दिएर कालिदासको भनाइ (शकुन्तला भन्ने नायिका व्रतबन्ध गरी ब्रह्मचारी हुनु) लाई समर्थन गरेको पाइन्छ र पारस्करगृह्यसूत्रको उपनयन प्रकरणमा गदाधरी भाष्यले "शूद्राणामदुष्टकर्मणामुपनयनम्" अर्थात् सदाचारी शूद्रको पनि उपनय गर्नू" भनी आपस्तम्बस्मृतिको प्रमाण समेत दिएर लेखेको छ।

यसै गरेर महाभारत शान्तिपर्व १८८ यौं अध्यायको १० श्लोकमा–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"न विशेषोऽस्ति वर्णानां सर्वं ब्राह्ममिदं जगत् ।
ब्रह्मणा सृष्टपूर्वं हि कर्मभिर्वर्णतां गतम् ।।"

अर्थात् "ब्रह्माले सृष्टि गरेको हुँदा सबै सन्तान ब्रह्म नै हो तर तिनले अनेक किसिमका काम गरेबाट अनेक वर्ण भएका हुन् ।" भनेर शूद्र पनि ब्राह्म नै हो (ब्रह्माकै सन्तान हो) र कामका आधारमा वर्ण बनेको बताएको छ महाभारतको त्यसै शान्ति पर्वमा शूद्रको हो त ? भन्ने प्रश्नको उत्तरमा–

"सर्वभक्ष्यरतिर्नित्यं सर्वकर्मकरो ऽशुचिः ।
त्यक्तवेदस्त्वनाचारः स वै शूद्र इति स्मृतः ।" (१८९ शा. प.)

अर्थात् जे पनि खाने (सबै कुरा खाने–सर्वभक्षी), जुनसुकै काम (सबै थरी काम) पनि गर्ने; वेदको अध्ययन र मर्यादा नगर्ने, दुराचारी र अशुद्ध मान्छेको जात शूद्र हो भनिएको छ ।

त्यस्तै नै महाभारत वन पर्वको १७३ औं अध्यायको ४२ सौं श्लोकले यो संसारमा मनुष्यत्व पैदा गर्नका निम्ति जातिको उत्कृष्टता (ठूलो–सानो, ऊचो–नीचो, माथ्लो–तल्लो) भन्ने परिकल्पना भएको हो भन्ने आशय व्यक्त गरेको छ ।

"जातिरत्र महासर्प मनुष्यत्वे प्रतिष्ठितः" अर्थात् हे अजिङ्गर जात भनेको यो संसारमा मनुष्यमात्रमा अडिएको छ । मान्छे हुनु नै एउटा जात हो । मनुष्यमा हुनुपर्ने गुणलाई मनुष्यता भनिएको छ र जसमा मनुष्यता (मानवोचित गुण) छ त्यो मनुष्य जातिमा गनिन्छ ।

आज-भोलि ईश्वरलाई पिता भनेर, धर्मका ठेकेदार भगवान्का छोरा (ईशू) को पूर्ण पत्त्यारका पादरी, फादर आदि भनिने चलन ईशाई धर्ममा चलेको देखिन्छ तर इश्वी जन्मनुभन्दा दशौं हजार वर्ष अगावै ऋग्वेदका छैठौं मण्डलको प्रथम सूक्तको पाँचौ मन्त्रले मान्छे जति सबैका रक्षक मातापिता तिमी नै हो तिमी नै सबैलाई तार्ने सदा रहने पिता हौ भनिएको छ–

"त्वं त्राता तरणोऽभूः पिता माता सदमिन्मानुषाणाम्"

परमेश्वर संसारका सबै मान्छेका माता पिता हुन्, तीन जात (बाहुन, क्षेत्री र वैश्यका) मात्रै परमेश्वर होइनन् । भन्ने कुरा स्पष्टै भनेको छ । ईश्वर र भगवान् शक्ति र सम्पन्नताका सूचक शब्द हुन् । परमेश्वरमा ती दुवै कुरा छन् । जेमा जहिले जस्तो पनि गर्ने गराउन वा हुन सक्ने परमेश्वरलाई कुनै छेकवारले थुन्दैन, कुनै नियमले बाँध्दैन र पनि ऊ शाश्वत–सत्यले नियमित भएर विश्वमा चिनिन्छ यो वैदिक मान्यता अनादि अनन्त छ अनवच्छिन्न छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो शास्त्रीय मान्यता अनुसार धर्ममा दुई पक्ष छन्– सद्व्यवहार र परमेश्वरको उपासना । सम्भवतः विश्वका सबै धर्ममा यही मान्यताले सर्वत्र समान आस्था र सम्मान पाउँदछ । यी दुई पक्षमा पनि सद्व्यवहार (सदाचार) पक्ष नै मुख्य छ र ईश्वरैमा विश्वास नमान्ने अनीश्वरवादीले समेत सद्व्यवहार पक्ष मान्नै पर्दछ । सो नमानेर असद्व्यवहार (दुराचार) गरेमा दण्ड भोग्नु पर्ने र समाजमाट निन्दा समेत पाउनु पर्ने हुन्छ । त्यस्ता अनीश्वरवादीले गुप्त अपराध गर्नु सम्भव छ । सच्चा ईश्वरवादीले ता सबैतिर ईश्वर व्याप्त हुनाले गुप्त स्थान नहुँदा गुप्त अपराध गर्नै सक्दैन । केहीहदसम्म समाजले र केहीहदसम्म सरकारले पनि सद्व्यवहार पक्षको सञ्चालन गर्दै रहेका छन् र त पृथ्वीमा मात्स्यन्यायले पिरोल्न पाएको छैन ।

महाभारत शान्ति पर्वको १०९ औं अध्यायको दशौं श्लोकदेखि तेह्रौं सम्मका चार श्लोक र कर्ण पर्वका ६९ यौं अध्यायका ५८-६१ श्लोकैले पृथ्वीभरका मनुष्यले गर्नुपर्ने स्वकर्म–स्वधर्म बताएका छन् । जस्तै–

"धारणद्धर्म मित्याहु धर्मेण, विधृताः प्रजाः ।
यः स्याद् धारणसंयुक्तः स धर्म इति निश्चयः ।।
यः स्यात् प्रभवसंयुक्तः स धर्मः । यः स्यादहिंसा संयुक्तः स धर्मः"

अर्थात् जनतालाई आ-आपना कर्मद्वारा आर्जेको खानलाउन र दुष्टहरूबाट सुरक्षित हुन दिने दिलाउने सुव्यवस्थाद्वारा दुनियाँलाई धान्ने (थाम्ने) हुनाले धर्म भनेको हो । जुन जस्तो सुव्यवस्थाबाट समाजमा सबै जनतालाई खानपान वास बस्न र रक्षा समेत भएर थाम्ने हुनसक्छ त्यही धर्म हो । जसबाट अहिंसा समेत हुन्छ त्यही धर्म हो । जसबाट उत्पानशील उन्नति र संरक्षण संप्रभुता भैरहन्छ त्यो धर्म हो । तर 'मीमांसासूत्र' को प्रथमाध्यायको दोस्रो सूत्रले "चोदनालक्षणोऽर्थो धर्मः" अर्थात् वेदले जुन काम गर्नू भन्छ तिनै काम धर्म हुन् । भनेको छ । मन्त्रको अर्थविस्तार गर्ने ब्राह्मणग्रन्थले "स्वर्गकामो यजेत" इत्यादि वाक्य (विधिविधान) ले बताए अनुसार काम गर्नु नै धर्म हो भनेको छ । यसो भएता पनि–

"श्रुतिधर्म इति ह्येके नेत्याहुरपरे जनाः ।
न च तत्प्रत्यसूयामो न हि सर्वं विधीयते ।।"

अर्थात् वेदले जुन काम गर्नू भनेको छ त्यो चाहीं धर्म हो कोही चाहीं त्यो होइन पनि भन्दछन् तर त्यो होइन भनिदैन । अनन्त भविष्य निम्ति पनि सबै त्यही हो भन्न सकिदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदका सार कुरा बारे माथि चर्चा भएका २० मन्त्रले भनेका उपदेश मध्ये यजुर्वेदका अन्त्यका तीन मन्त्रले उपासना भजन भक्ति भन्दछन् । ती बाहेक यजुर्वेदका ४० सौं अध्यायका बाँकी १४ मन्त्र र ऋग्वेदका ३ मन्त्रले सद्व्यवहार र एक परमेश्वरको कुरा बताउँदछन् । यस क्रममा ऋग्वेदका अन्तिम मन्त्रले–

"समानमस्तु वो मनो यथा वः सुसहासति"–यथा वः युष्माकं सुसह, आसति=सह अस्तित्वं स्यातथा वो मनः समानमस्तु="

अर्थात् समानो व्यवहारो विधेय= समान व्यवहारबाट सह अस्तित्व (साथै वस्तु) आवश्यक छ । अहिले राष्ट्रसंघले सह अस्तित्व र मानव अधिकारको चर्चा गर्दैछ, त्यो ता उक्त उपसंहार मन्त्रहरुकै विस्तृत व्याख्या जस्तो बुझिन्छ । हुन ता वेदमन्त्रहरू मध्ये कैयौंले समानता हुन सक्तैन भनेको छ र विषमलिङ्गीबाट संसार चलेको प्रत्यक्षै छ । संख्या र योगमा साम्यावस्था प्रकृति र विषमतामा सृष्टि भनेको छ । उदाहरणका निम्ति वेदको यो मन्त्र लिउँ–

**"अक्षण्वन्तः कर्णवन्तः सखायो मनो जवेष्वसमा बभूवुः ।
आदध्नास उपकक्षास उ त्वे ह्रदा इव स्नात्वा उ त्वे ददृशे ।।"(ऋ.वे. १०।७१।७)**

अर्थात् मनुष्यहरुमा आँखा, कान, आदि सबै इन्द्रियहरू न बिग्रिएका उस्तै शक्ति भएका समान उमेर भएका साथै छन् तापनि मानसिकशक्ति चाहीं बराबर हुँदैन (छैन नै) जस्तै पोखरीहरू कोही काखीसम्म, कोही मुखसम्म र कोही ता ज्यादै गहिरा नुहाउन हुने उत्तम हुन्छन् । यो कुरा प्रत्यक्षै छ । समान कक्षामा उही विद्यालयमा पढ्ने उही उमेरका छात्र–छात्रामा कोही प्रथम कोही मध्यम कोही अनुत्तीर्ण हुन्छन् । कति त धेरै पटक अनुत्तीर्ण हुन्छन् । यस्तो हो ता पनि महाभारतमा ती अनुत्तीर्ण हुनेलाई ढाढस दिंदै भनेको छ–

"अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः"

अर्थात् यहाँ अयोग्य पुरुष वा नारी कोही छैन तर अयोग्यलाई पनि योग्य बनाउने व्यक्ति वा संस्था नै पाउन साह्रै कठीन छ । उदाहरणका निम्ति धरानकै इञ्जीनीयरिङ्ग क्याम्पसलाई लिउँ । सो क्याम्पस खुलेपछि अन्यत्र कैयौं विषयमा अयोग्य र अनुत्तीर्ण हुनेले सो विषयमा उत्तीर्ण भै योग्य बने । यस्तो अरू स्थान विषय र व्यक्ति अनगिन्ति होलान् । तर दुःखको कुरो के भने त्यसरी आफू उत्तम व्यक्ति (डाक्टर, इञ्जीनीयर, प्रोफेसर, अफिसर, हाकीम आदि) बनेपछि पनि कतिपयले जाँड, रक्सी घूस–पेस, दुराचार आदि कुलतमा लागेर आफू र अरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत निकम्मा बनाएका छन् । समाज नै भाँडेका पनि छन् भने ती कामै गर्न नसक्ने समेत बनेका छन् । यसरी मानसिक शक्तिमा विषमता स्पष्टै भए पनि समानताको अर्थ श्रीमद्भगवद् गीताले यसरी स्पष्ट गरेको छ–

"आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥"–(गीता ६।३२)

अर्थात् आफूलाई जस्तै अरूलाई पनि भोक–तीर्खा जाडो–गर्मी, मान–अपमान आदिबाट सुख–दुःख हुन्छ भन्ने सम्झेर समान विचार राख्द जुन मानिसले व्यवहार गर्दछ त्यही मानिस ठूलो योगी हो । योगको अर्थ धेरै छ ता पनि "योगी युञ्जीत चात्मनि" भनेर गीतामा नै भनेको ले 'युजिर योगे' धातुबाटै योगशब्द बनेको छ भन्ने कुरा स्पष्टै छ । तर वाचस्पति मिश्रले पातञ्जल योगसूत्रको वैशारदी टीकामा "युज समाधौ न तु युजिर योगे" भनेका छन् ।

यसबारे वास्तवमा विचार गर्ने हो भने "युञ्जते मनः"–यजुर्वेद ५।१४ आदिमा र गीतामा पनि 'युजिर योगे' धातु नै रहेको अनि योगसूत्रकै क्रिया योग आदि समेत हेर्दा व्यापक अर्थ भएको 'युजिर योगे' धातु बाटै योगशब्द बनेको कुरा स्पष्ट हुन्छ । अति परम्परावादी चाहीं "समानं मन:" भनी वेदले भनेकोले र गीताले पनि "समं पश्यति योऽर्जुन" भनेको हुँदा समान व्यवहार गर्नुपर्दछ भन्दछन् तर समान व्यवहार गर्दा ता वर्णाश्रम धर्म नष्ट हुन्छ पनि भन्दछन्; यथार्थ कुरा त्यसो होइन । मन र दृष्टि समान रहेमा जाडो–गर्मी, भोक–तीर्खा, मान–अपमान, सुख–दुःखको विसमता अवश्य नै हट्छ, तर लोभ, काम, क्रोध, मोह आदिले यो समानता गर्न र हुनै दिदैनन् । यहींबाट धर्ममा विकृतिले जरा हाल्न थाल्दछ । अब हाम्रा सामाजिक विकृति (संस्कृतिको उल्टो व्यवहार) बारे चर्चागरौं ।

(१) हाम्रो समाजमा धर्म र संस्कृतिका नाममा कतिपय अमानवीय विकृतिले सांस्कृतिक परम्पराको ठाउँ ओगटेका छन् । यी विकृतिहरू मध्यकालमा पलाएका हुन् । बाबुकै चितामा जिउँदी आमालाई राखेर छोराले नै आगो लाउनु भनेर दक्षस्मृति–४।१९, पराशरस्मृति–४।४१, वृद्धहारीतस्मृति–८।१९८ र व्यास–स्मृति–२।५२ ले बताएका छन् तर त्यो कुरा सम्वत् १९७७ मा बनेको कडा ऐनले गर्दा छुट्यो । यो चलनबारे खोजी गर्दा रामायणकालमा दशरथसँगै उनका रानीहरू सती गएनन् । महाभारतकालमा पनि जबर्जस्ती सती बनाउने कुरा रहेन छ र त कुन्ती विधवा रहिन् । सत्यवती विधवा भएरै मरिन् । कति कति वीराङ्गना सती गएनन् । सो कुरा पाठकले नै बुझेको हुनुपर्दछ । रामायणकाल बुद्धभन्दा पहिले मानिन्छ र महाभारतभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिले बुद्धकाल मानिन्छ । यसकारण सतीप्रथा आजभन्दा करीब २ हजार वर्ष पहिले थिएन । अर्वाचीनकालमा थपिएको विकृति हो ।

(२) शूद्रलाई निन्दा गर्ने र सबैभन्दा तल्लो जात भनेर होच्याउने चलन पहिले पहिले थिएन । यो सांस्कृतिक विकृति पछि उब्जेको हो । शूद्रलाई ब्रह्माजीले नै दासको काम गर्नलाई सृष्टि गरेकोले त्यो जात दासताबाट कहिल्यै छुट्तैन भन्ने कुरा स्मृतिहरूमा पनि थपिएका हुन् –

"दास्यायैव हि सृष्टोऽसौ स्वयमेव स्वयम्भुवा ।
न स्वामिना निसृष्टोऽपि शूद्रो दास्याद्विमुच्यते ।। – मनुः – ८।४१३

यस्तै नै ब्राह्मणको सधैं सेवा गर्ने शूद्रलाई भूईंमा भोजन दिनुपर्दछ त्यो कुकूर जस्तै हो भन्ने कुरा आपस्तम्बस्मृति (९।३४) ले भन्दछ । यस्तै गरी (३) विधवा अमङ्गल हुन्, (४) शूद्रलाई छोए नुहाउनु पर्ने र (५) सबै शूद्रले वेद सुन्नु पढ्नु सम्झनु हुँदैन आदि कुरा पनि विकृति नै हुन् । उहिले उहिले यज्ञका काटमार र सोमलता जुटाउने आदि काम र सम्पूर्ण यज्ञमण्डपको नाप जाँच र निर्माण शूद्रबाटै हुन्थ्यो । यात्रा गर्दा विधवा आमाको दर्शन गरी आशीर्वाद छोरा–छोरी पाउँथे । वेद, रामायण र महाभारतमा यो कुराको पुष्टि हुन्छ । पछि–पछि वर्णाश्रम व्यवस्थाभित्र हेरफेर हुन छोड्यो । जात–भातको कुरो बढ्यो र कट्टरताले सामाजिक विकृतिको उग्र रूप लियो । अनि समाज टुक्रियो । तर आज–भोलि सबैले पढ्न–लेख्न पाउँछन् । अब "शूद्रले जदौ साहेब" नभनेर नमस्ते भन्छ । उसका छोरा–छोरी डाक्टर, प्रोफेसर छन् । कतिले गुरु (वेदपाठी)को काम पनि गर्दै होलान् बरू कति बाहुनले जाँड रक्सी आदि मादक वस्तु खाने, किनबेच गर्ने र उत्पादन गर्ने पनि गरेका पाइएलान् । कतिले जेल भोग्दै पनि होलान् र ती मादक वस्तु खाने तागाधारीलाई दण्ड दिने अधिकारी शूद्र पनि होलान् । यो समयको खेल हो ।

(क्रमशः बाँकी अर्को अङ्कमा)

"जसले प्रतिकूलतालाई धैर्यपूर्वक स्वागत गर्दछ, जो ठूलोभन्दा ठूलो विपतिको संभावना हुँदा पनि आफ्नो कर्तव्यबाट च्युत हुँदैन, ऊ नै जनसाधरणको पथ प्रदर्शक र समाजको भूषण मानिन्छ ।"

– खप्तड स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक विज्ञान – पुरुषार्थको साधन

– डा० राधाकृष्ण अधिकारी
सह–प्राध्यापक, वाल्मीकि विद्यापीठ

धर्म र विज्ञान साध्य र साधन दुई कोटिका तत्त्व हुन् । धर्म र विज्ञानमा धर्म साधन विज्ञान साध्य बन्दछ । धर्मशास्त्र विषयक विज्ञान धार्मिक विज्ञान हो । धार्मिक विज्ञान पुरुषार्थको साधन हो ।

मानव सचेतन प्राणी हो । सचेतन प्राणीलाई प्राणलाई आहुति दिनुरूप शारीरिक आहारले मात्र पुग्दैन, सचेतन प्राणीले शरीरलाई त धर्मको साधनमात्र सम्झन्छ । यस अवस्थामा शरीर साधन बन्छ र धर्म साध्य बन्छ ।

आफ्नो चेतनाको सहाराले विद्यमान स्थितिबाट उत्कृष्ट स्थितिमा उन्नत हुँदै जान खोज्नु त्यस सचेतन मानवको स्वभाव हो । त्यस स्वभावबाट प्रेरित मानव–जगत् सजिलो साधन जुटाई आफ्नो साध्य सम्पन्न गर्न अनादिकालदेखि निरन्तर संलग्न रही आएको छ । यस क्रममा जसलाई साध्य कोटिमा राखिन्छ त्यसलाई विज्ञान र जसलाई साधनको कोटिका राखिन्छ त्यसलाई धर्म भनिन्छ ।

आजको भौंतारिएको जगत्लाई धर्म र विज्ञानको वास्तविक स्वरूपको बोध गराउनु नितान्त आवश्यक हुन आएको छ । वास्तविक स्वरूपको बोध नभएर नै अँध्यारोमा डोरी लत्रेको देखेपछि सर्प हो भन्ने भ्रम अथवा कालो ठुटो देखेपछि तर्साउने भूत प्रेत आदिको भ्रममा परेर मानिस डराउँछ । त्यसैबाट अस्वस्थ पनि बन्छ । दुःख पाउँछ । तर वास्तविक स्वरूपको बोध भएपछि भने सारा भ्रम हटेर डर त्रास आदि कष्टप्रद दुःखप्रद विनिपातहरूबाट निवृत्त हुन्छ । विनिपात हटाउन, विनाशको पथबाट निवृत्त हुन र पुरुषले आर्जन गर्नुपर्ने चार पुरुषार्थ हासिल गर्न श्रुति र स्मृति (धर्मशास्त्र) ले विधान गरेका धर्मको सहारा लिनै पर्छ । अन्यथा एकोहोरो भौतिक विकासले दिनानुदिन मानवलाई उत्पथको बाटोमा डोहोऱ्याउँदै विनिपात (दुःख, कष्ट, पतन)को खाडलमा हाल्ने क्रम बढाउँदै लाने हुन्छ ।

आर्य जगत्मा वैदिक सनातन धर्म (हिन्दू धर्म) भन्ने कुनै नयाँ कुरो हैन । जसरी असारमा रोपेको धान मार्गशीर्षमा काटिन्छ त्यसै गरी सत्ययुगमा चारै पाउमा व्यक्त भएको धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलिको अन्तमा समाप्त हुन्छ । एक असार र मार्गशीर्ष जाँदैमा धान पनि समाप्त भएर जान्न र उत्पादकले नै त्यस धानको अस्तित्व कायम गरेको पनि हैन । तर हो त उत्पादक किसान नै । त्यसै गरी धर्म पनि अनादिदेखि चलिआएको छ । त्यस चलिआएकै धर्मका मनु आदि प्रवर्तक बन्ने हुन् र बनेका हुन् । मनु आदिले प्रवर्तन गराएका धर्म कलिको अन्तसम्म एक पाउले दुब्लो पातलो स्वरूपमा अडिएर रहन्छ । जुनबेला धर्म एक पाउले अडिन नसकेर समाप्त हुनेछ । त्यसबेला कलियुग पनि समाप्त हुनेछ ।

यद्यपि धर्मको स्वरूप यही हो भनेर किटान गर्नु ब्रह्मको स्वरूप किटान गर्नु बराबर हो । जसरी ब्रह्म अनन्त छ त्यसरी नै धर्म पनि अनन्त छ । जसरी ब्रह्म अनादि छ त्यसरी नै धर्म पनि अनादि नै छ । जसरी ब्रह्म गुहामा (अन्तरात्मामा) छिपेर रहेको छ त्यसरी नै धर्म पनि गुहामा छिपेर रहेको छ । त्यसकारण धर्मको स्वरूप यही हो भनेर तोक्न मुस्किल छ । तथापि जसरी व्यासले अठार पुराणमा पाप र पुण्य दुई कुरा परोपकार र परपीडनवाट प्रतिपादन गरेका छन् भनिन्छ त्यसरी नै ऋषि महर्षिहरूले ऐहलौकिक समृद्धि र पारलौकिक निःश्रेयस जुन् तत्त्वबाट प्राप्त हुन्छ त्यही नै तत्त्वलाई धर्म हो भनेर किटेका छन् ।

स्वयं साध्यभावमा रहिकन धर्म, अर्थ, काम र मोक्षरूप चारै पुरुषार्थको साधन पनि बन्ने (यस लोकमा सुख समृद्धि दिने र परलोकमा पनि अनन्त आनन्द दिने) धम नै हो ।

यस लोकको समृद्धि के हो परलोकमा निःश्रेयस के हो र धर्म तिनीहरूको साधन कसरी बन्दछ । अनि धर्म भनेको के हो, धर्मको अनुष्ठान कसरी हुन्छ । धर्मको अनुष्ठानको प्रयोजन के हो । इत्यादि निरूपणमा धर्म शास्त्रको अथ भएर इति हुने हुनाले धर्म भन्ने कुरो पुरा–पुर प्राणीमात्रको अभीष्ट सम्पादक तत्त्व हो । वेदले प्रयोजनको उद्देश्य गरेर बताएको कुरो नै धर्म हा । वेदको अर्थ प्रतिपादन गर्ने शास्त्र नै धर्म शास्त्र हो । यो काम राम्रो यो काम नराम्रो भनी कर्महरूको विवेचन (छानबीन) गर्नका लागि नै धर्म र अधर्मको निरूपण गरिएको हो अर्थात् जुन काम गर्नालि व्यक्ति, समाज, देशको भलाई हुन्छ अभीष्ट सम्पन्न हुन्छ त्यस कामलाई धर्म र यसको विपरीतलाई अधर्म भनिएको छ ।

धार्मिक विज्ञान आर्यहरूको सर्वोत्कृष्ट विज्ञान हो । आ–आपनो क्षेत्रमा त जसको पनि महत्त्व हुन्छ । तर धार्मिक विज्ञान भने मानवको सम्पूर्ण जीवनको परिपूर्तिमा नै पूर्णरूपमा महनीय छ । धार्मिक विज्ञान परिष्कृत र परिपक्व प्रज्ञाको उपज हो । तपस्याले शुद्ध स्वच्छ निर्मल बनेको अन्तःकरणरूप आदर्शमा अभीष्ट सम्पादक तत्त्वको रूपमा प्रतिबिम्बित भएको प्रतिबिम्ब धार्मिक विज्ञान हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म र संस्कृति

धार्मिक विज्ञान आर्यहरूको सर्वोत्कृष्ट विज्ञान हो । आर्यहरूको विज्ञान भन्दैमा आर्यहरूलाई मात्र हित गर्ने हुन्न । आर्यहरूको विज्ञान भनेको त आर्यहरूले त्यस उत्कृष्ट तत्वलाई धर्म भन्ने संज्ञाको बोध समेत प्राप्त गरी समाजलाई प्रदान गरेका हुनाले आर्यहरूको धार्मिक विज्ञान भनिएको हो । यस धार्मिक विज्ञानले चराचर प्राणीमात्रलाई फाइदा गर्ने तत्त्वहरूको पालन गर्न निर्देश गर्दछ । यस विज्ञानले न त कसैलाई तल झारेको छ न त कसैलाई माथि पारेको छ । यदि तल झारेको छ भने उसको दुर्गुणको आधारमा तल झारेको छ । यदि माथि राखेको छ भने उसको सद्‌गुणको आधारमा उसलाई माथि राखेको छ ।

अँध्यारोमा ढुङ्गा हान्न हुन्न । अँध्यारोमा हानिएको ढुङ्गाले थाप्लोमा लागेर थाप्लो फुट्‌ने हुन सक्छ । धार्मिक विज्ञानको बोध नगरी उसको आलोचना गर्नु सरासर गलत हो ।

धार्मिक विज्ञानको अध्ययन गर । अध्ययनले मात्र पनि पुग्दैन । त्यसलाई व्यवहारमा पनि प्रयोग गर । अनिमात्र त्यसमा रहेको गुणको बोध हुन सक्तछ । अध्ययन र व्यवसाय विनाको आलोचना गर्नु उत्मत्त प्रलाप सरह नै हुन्छ । उन्मत्तको प्रलाप उसको लागि हित सम्पादक नहुने मात्र नभएर समाजलाई बाधा पुऱ्याउने समेत हुन्छ ।

धार्मिक विज्ञान प्रति समाजमा जति जति अनास्था र वेवास्ता बढ्‌दै जान्छ त्यति त्यति नै विघ्न, बाधा, प्राकृतिक प्रकोप, पदार्थहरूको अभाव सामाजिक मर्यादाको उल्लङ्घन दैवी विपत्, आसुरी वृत्ति र प्रवृत्तिको वृद्धि, दैव वृत्ति र प्रवृत्तिको अभय, सम्भावनात्मक गुणहरूको विनाश र ध्वंसात्मक तत्त्वहरूको बोलबाला आदि अवाञ्छनोय कुराहरू लोकमा फैलिंद जाने हुन्छन् र नै एक व्यक्तिले अर्को व्यक्तिको रक्तपात गर्ने, मांस भक्षण गर्ने, एक व्यक्तिले अर्को व्यक्तिको थाप्लोमा सके बम प्रहार नसके बञ्चरो प्रहार त्यो प्रनि न सके ढुङ्गो प्रहार गर्ने दशाले पनि विस्तारै अनुक्रमसित अभिवृद्धि हुने अवसर छोप्दै जान्छ ।

धर्म भन्ने तत्त्व शरीरधारी जीवका लागि हो । जस्तो प्राणत्त्व नभई नहुने आवश्यक तत्त्व हो त्यस्तै धर्म भन्ने तत्त्व व्यक्ति, समाज, देश र विश्वकै लागि नभई नहुने अत्यावश्यक तत्त्व हो ।

धर्म भगवानको दाहिने स्तनबाट पैदा भएको हो । श्रद्धा, मैत्री, दया, शान्ति, तुष्टि, पुष्टि, क्रिया उन्नति, बुद्धि, मेघा, तितिक्षा ह्री (लज्जा) र मूर्ति यिनी तेह्र धर्मका पत्नीहरू हुन् । धर्मका यिनी पत्नीहरू (पालन–पोषण गर्ने तेह्र तत्त्वहरू) पनि व्यक्ति, समाज देश र विश्वकै लागि बाच्न र समृद्ध हुन आवश्यक छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म र संस्कृति

आदिकालमा धर्मले श्रद्धाबाट शुभलाई, मैत्रीबाट प्रसादलाई, दयाबाट भयलाई, शान्तिबाट सुखलाई, तुष्टिबाट आनन्दलाई, पुष्टिबाल स्मय (अभिमान) लाई, क्रियाबाट योगलाई, उन्नतिबाट दर्प (घमण्ड) लाई, बुद्धिबाट अर्थलाई, मेधाबाट स्मृतिलाई, तितिक्षाबाट क्षेम (कल्याण) लाई, ह्रीबाट प्रश्रय (विनय) लाई र मूर्तिबाट नर-नारायणलाई जन्माएको हुनाले अहिले पनि उक्त पदार्थहरूमा जन्य-जनक भाव सम्बन्ध अनुभव गम्य रूपमा प्रत्यक्षनै छ।

धर्मको अनुष्ठान गरेपछि त्यस अनुष्ठानबाट आर्जन गरेको धर्मसित धर्म उक्त पत्नीहरू र उक्त पत्नीहरूमा समुत्पन्न उक्त सन्ततिहरू पनि समन्वित भएर धर्मको अनुष्ठान गर्ने व्यक्तिसित सम्बन्ध राख्ने हुन्छन्। उक्त जन्म-जनक भावमा यदि कसैलाई सन्देह हुन्छ भने एक पटक आफ्नो आनुभविक क्षेत्रहरू मध्ये कुनै पनि सदृश वस्तुको समुत्पत्तिमा अन्तर्दृष्टि निहालेर हेरेमा छर्लङ्गिने छ। जुन सदाचाराले श्रद्धाले कृत्यको अनुष्ठान गरेको हुन्छ बाधक तत्त्व नभएमा त्यस सदाचारीले शुभ फल प्राप्त गरेकै हुन्छ।

मैत्री भाव राख्ने धार्मिकले प्रसन्नता पाएकै देखिन्छ। दयावान् पुरुषले अभय पाएकै हुन्छ। शान्ति नै सुखको साधन हो भन्ने कुरा शान्ति क्षेत्रको कामना गर्ने नेपालीहरूका निम्ति दोहोऱ्याई रहनु पर्ने कुरो देखिन्न। तुष्टिलाई आत्मसात् गरेको व्यक्तिले हर्ष प्राप्ति र हर्षित व्यक्तिले आनन्द प्राप्ति गरेकै हुन्छ। यसै गरी हरेक धर्म र धर्मका शाखा सन्ततिहरू धार्मिक अनुष्ठानले आफ्नो अनुष्ठान अनुरूप प्राप्त गरेकै पाइन्छ। यसमा पनि सन्देह छ भने अर्को हल्का उदाहरण लिऊ। मादक पदार्थको सेवन गर्नेले उन्मत्त अवस्थालाई पाएको हुन्छ भने सात्विक पदार्थको सेवन गर्नेले शुद्ध निर्मल चित्तवृत्तिलाई अँगालेको हुन्छ। विष भक्षण गऱ्यो भने मृत्युलाई वरण गर्छ भने अमृतपान गऱ्यो भने अमरत्वलाई प्राप्त गर्दछ। गहतको तिउन खायो भने पत्थरी निको हुन्छ भने चौलानी खायो भने पनि पत्थरी निको हुन्छ। नियमित गाईको सेवा गरी गाईको दूध खानेलाई क्षयरोग (टीबी) लाग्दैन। नियमित स्नान सन्ध्या गर्नी सूर्यलाई अर्घ चढाउनेलाई कुष्ट (कोर) रोग हुँदैन र भैसकेको भएपनि निको हुन्छ। आदि आदि। यस प्रकारले अनुष्ठान गर्ने व्यक्तिले अनुष्ठानको फल पाएकै देखिन्छ, सुनिन्छ र अनुभव पनि गरिन्छ। यसमा कुनै सन्देह छैन। हरेक पदार्थका साध्य-साधन-भाव जन्य-जनक-भावहरू नियमित हुन्छन्। (क्रमशः बाँकी अर्को अङ्कमा)

"सहिष्णुता र समन्वय हिन्दू अधिराज्य नेपालको गौरवशाली परम्परा मात्र होइन, वर्तमान व्यवहार पनि हो।"

— श्री ५ वीरेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौरस्त्य राजतन्त्र

– प्रा० हरिप्रसाद शर्मा आचार्य
म. सं. वि. वि., बेलझुण्डी, दाङ्ग,

यसो गरे सुख हुन्छ र यसो गरे दु:ख हुन्छ भन्ने सुख र दु:खका कारणहरूलाई यथार्थ गरी छुट्याउन न सकेता पनि दु:ख नहोस् र सुख प्राप्त होस् भन्ने चाहना प्राणीमात्रको हुन्छ। महान् राजनीतिज्ञ कौटिल्यले "सुखस्य मूलं धर्मः= सुखको मूल धर्म हो।" भन्नु भएको छ। 'धर्म' शब्दको अर्थ पनि व्यक्ति, समाज, राष्ट्र आदिलाई अडाउने वाला भन्ने हो। सृष्टिको प्रारम्भ कालमा राजा, राज्यव्यवस्था, दण्ड, दण्डपाउने व्यक्ति कोही थिएन। त्यस समयमा समाज धर्मद्वारा आपसमा मिलेर बस्तथे।

न वै राज्यं न राजसीन्न दण्डो न च दाण्डिकः।
धर्मेणैव प्रजाः सर्वा रक्षन्ति स्म परस्परम् ॥ (महाभारत, राजधर्म पर्व)

चरक संहिता अनुसार उक्त समय (सत्य युग) मा सबै सुखी थिए। आवश्यक भन्दा बढि वस्तुको कसैले पनि संग्रह गर्दैनथे। सबै परिश्रमी, खीर्रा शरीरवाला थिए र कुनै पनि रोगी थिएनन्। सत्ययुगको अन्त्यतिर केही व्यक्तिले आवश्यक भन्दा बढि वस्तुको संग्रह गर्दा उत्तरोत्तर बढि सम्पत्ति जम्मा गर्ने प्रवृत्ति जाग्यो। यसबाट समाजमा लोभ उत्पन्न हुन गई क्रमशः रोग उत्पन्न भयो=

"भ्रश्यति नु कृतयुगे केषाञ्चिदत्यादानात् साम्पन्निकानां शरीरगौरवमासीत्, शरीरगौरवाच्छ्रमः श्रमादालस्यम्, आलस्यात् संचयः संचयात् परिग्रहः, परिग्रहाल्लोभः प्रादुरासीत् ... ..." (च. सं.)

अब उत्तोत्तर समाजमा विकृति पैदा हुँदा सजिलैसँग बाँच्न न पाइने हुन थाल्यो। अत एव तात्कालिक समाजको स्थिति देखेर मनु उपदेश गर्नु हुन्छ– 'दण्डबाट नै समाज व्यवस्थित हुन सक्तछ, दण्ड विना शुद्ध चरित्र भएको मानिस पाइँदैन–

सर्वो दण्डजितो लोको दुर्लभो हि शुचिर्नरः।
दण्डस्य हि भयात् सर्वं जगद् भोगाय कल्पते ॥ (म. स्मृ. अ. ७ श्लो. २२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै शुक्राचार्यका अनुयायीहरूले भनेका छन्– "विद्या भनेको एक मात्र दण्डनीति नै हो; किनकि दण्डका डरले मात्र मनुष्य आफ्ना आफ्ना कर्तव्यमा रहन्छ=

"दण्डनीतिरेवैका विद्येत्यौशनसाः ।
दण्डभयाद्धि कृत्स्नो लोकःस्वेषु स्वेषु कर्मस्ववतिष्ठते ।"(काव्यमीमांसा, अ.२)

समाजमा ह्रास उन्नति भइरहन्छन् । ठूला माछाले साना माछालाई खाए जैं सिधा साधा जनतालाई टाउकेहरूले सताउँदा अत्याचारको चरमसीमा पुग्दा सामाजिक व्य[illegible] सुधार गर्नका निमित्त ब्रह्माजीले राजाको व्यवस्था गरेका प्रसङ्ग महाभारतमा आउँछन् । ती मध्ये एक पटक ब्रह्माजीले विरजालाई राजा बनाउनु भएको थियो । तर सुधार गर्दै जाँदा सातौं पुस्तामा पुगेर मात्र राज्य व्यवस्था पूर्ण व्यवस्थित भएको उल्लेख पाइन्छ । अर्को पटक मनुलाई ब्रह्माजीले राजा बनाउनु भएको थियो । ती मनुको समाजमा राम्रो रीतिस्थिति बसालेका हुँदा सबैले मनुलाई पिता मानेका हुनाले 'मानव=मनुका सन्तान' भन्ने ख्याति संसारमा चल्यो अनि राज्यव्यवस्था र दण्डनीति सुसञ्चालन गर्ने राजाको स्थान समाजमा परमश्रद्धेय भयो ।

"महती देवता ह्येषा नररूपेण तिष्ठति=

राजा मनुष्यका रूपमा ठूला देवता हुनुहुन्छ (म. स्मृ. अ. ७)

बृहस्पति उपदेश गर्नु हुन्छ– राजाले पालन न गर्ने हो भने समाजमा हाहाकार मच्चिन्छ, सबैका डरत्रासले मुटु धड्किन्छन्, मन स्थिर न हुँदा सबै अचेत जैं कर्तव्यमूढ भई मासिन्छन् ।–

त्रस्तमुद्विग्नहृदयं हाहाभूतमचेतनम् ।
क्षणेन विनशेत् सर्वं यदि राजा न पालयेत् ।। (म,भा.अ. ६८ रा.ध.प.)

महाभारत अनुसार राजाको अपमान गर्नेले गरेका दान, हवन, श्राद्धको कुनै फल हुँदैन=

सर्वलोकगुरुं चैव राजानं योऽवमन्यये ।
न तस्य दत्तं न हुतं न श्राद्धं फलते क्वचित् ।। (म.भा.अ. ६५ श्लो.२८ रा.ध.प.)

कसैले कुनै पाप–अकार्य–दुराचार–अपराध गरेमा त्यसको दण्ड राजाले दिएमा पाप गरेको व्यक्ति पापबाट मुक्त हुन्छ, त्यही दण्ड अरूले दिएर दण्ड भोगे पनि पाप गरेको व्यक्ति पापबाट मुक्त हुँदैन भन्ने कुरा महाभारतको शङ्ख र लिखितको कथाबाट स्पष्ट हुन्छ । लिखित नामका भाइ शङ्ख नामका दाजुलाई भेट्न जाँदा कसैलाई न जनाई फल खाए छन् । "न जनाईकन फल खाएकोले तिमीलाई चोरी गरेको पाप लागेको छ । जाऊ राजासँग दण्ड गरिपाउँ भन ।" यस्तो दाजुको आज्ञा पाई तदनुसार राजासँग भन्दा राजा सुद्युम्नले म क्षमा दिन्छु भन्दा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमान्दा राजाले उनका दुवै हात कटाए। रगत चुहाउँदै दाजुका छेउ आए पछि दाजुको वरदान अनुसार दुवै हात पहिलेका जस्तै भए। अब भाइले सोधेका प्रश्नको उत्तरमा दाजु शङ्ख उपदेश गर्नु हुन्छ– "मैले दण्ड दिएको भए तिम्रो पाप कट्टि हुने थिएन, राजाले दण्ड दिनु भएको हुनाले तिमी मात्र होइन पितृहरूसमेत तिमी पवित्र भयौ। राजा पनि दण्ड दिनुपर्नेलाई दण्ड दिनु भएको हुनाले पवित्र हुनु भयो।" (म. भा. अ. २३ रा. ध. प.)।

चरकसंहितामा "आफ्नै शत्रु भए पनि औषधोपचार गर्ने छु, भनी शिष्यलाई कबूल गराउने गुरुले राजाका विरोधीलाई औषधोपचार गर्ने छैन भन्ने कबूल गराउनुका साथै मैले जे भने पनि तैंले मान्नुपर्छ, तर राजाको विरोध भने मैले गर भने पनि न गर्नु भन्ने कबूल गराउने व्यवस्था छ–

न च ते मद्वचनात किञ्चिदकार्य, स्याद् ऋते राजद्विष्टान् .... न च कदाचिद् राजद्वेषिणां .... वाऽप्यौषधमनुविधातव्यम् .... बुद्धिमताऽमित्रस्यापि .... वचः श्रोतव्यमनुविधातव्यं चेति, (च. सं. अ, ८ विमानस्थान)

ब्रह्मा, विशालाक्ष, बृहस्पति, इन्द्र, शुक्राचार्य आदि देखि लिएर अर्वाचीन महान् राजनीतिज्ञ कौटिल्यका परम्परा समेतका पौरस्त्य राजनीति शास्त्रमा राजाको महत्त्व र अपरिहार्यतावारे वर्णन गरिएका तत्तद् वाक्य वा वाक्यांश, पद्य वा पद्यांश सङ्कलित गर्ने हो भने एउटा महाभारत बन्न शक्तछ। अतः यस विषयलाई यत्तिकैमा टुङ्गयाउँदै नेपालसित सम्बद्ध परम्परा पट्टि जाउँ।

नेपाल, काठमाडौं उपत्यकाका राजा जयस्थिति मल्लले र गोर्खाका राजा राम साहले कसैका घरमा धुवाँ पुत्ताएको न देखिए किन धुवाँ नदेखिएको ? प्रश्नका साथै अन्न न भएर त्यसो भएको बुझिए तुरून्त अन्नको व्यवस्था गरिदिनु हुन्थ्यो। राजा राम साहले चलाउनु भएको गाउँदेखि राष्ट्रिय स्तर सम्मको लोक कल्याणकारी रीति, स्थितिलाई पूर्णभरतखण्ड (एशिया)ले व्यवहारमा स्वीकार गऱ्यो। पृथ्वीनारायण साहले विराज वखेतीलाई काजी बनाउने आफ्नो इच्छा भएता पनि जनताको इच्छानुसार कालु पाडेलाई नै काजी (प्रधानमन्त्री) बनाउनु भयो। स्व. श्री ५ महेन्द्रले पञ्चायती प्रजातन्त्र लागू गरेता पनि ६ वर्ष पछि हाम्रो देशका निमित्त यही पञ्चायती प्रजातन्त्र ठीक छ वा अरू कुनै छ ? भनी राष्ट्रिय पञ्चायतमा सोधनी भएका बेला आफ्नो स्वार्थ पूरा गर्न पाए अनुसार राष्ट्रिय पञ्चायतका सबै सदस्यहरूले यही पञ्चायती प्रजातन्त्र ठीक छ भनी आफ्नै सर्वसम्मतिवाट समर्थन गरेपछि उनीहरूकै भरमा पञ्चायत व्यवस्थालाई निर्विकल्प घोषित गरिबक्सियो। वर्तमान श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवले पञ्चायत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवस्थामा असन्तुष्टिको केही झल्को पाए पछि स्व. श्री ५ महेन्द्रको स्वर्गारोहण भएको दश वर्ष पछि २०३७ सालमा यही पञ्चायती व्यवस्था ठीक छ वा बहुदलीय व्यवस्था ठीक छ भनी जनमत संग्रह गराइबक्सियो र जनताले (४ लाखको मात्र भएपनि) बहुमतद्वारा निर्दलीय पञ्चायती व्यवस्थालाई रोजेको हुनाले निर्दलीय पञ्चायती व्यवस्था नै चालू राखिबक्सियो र २०४६ सालमा देशका विभिन्न भागसहित राजधानी काठमाडौंमा ठूलो विप्लव मच्चिँदा जनताले बहुदल नै चाहेका रहेछन् भन्ने सम्झिबक्सी श्री ५ वीरेन्द्रबाट नै बहुदलीय व्यवस्था स्वीकार गरिबक्सियो ।

यस प्रकार प्रजाले राजालाई मान्ने राजाले प्रजाको इच्छानुसार राजनीतिक व्यवस्थालाई कार्यान्वयन गर्ने हाम्रो पौरस्त्य परम्परा हो । राजा शब्दको अर्थ पनि "जनतालाई आनन्द दिनेवाला" भन्ने हो । यही समझदारी कायम राख्न धर्म (कर्तव्य) को व्यवस्था भएको हो । हाम्रो पौरस्त्य राजनीति दर्शनमा त्यसैलाई सांविधानिक राजतन्त्रको बीज भन्नु पर्दछ ।

२०२४ साल चैत्रमा दाङ्ग विजौरीमा सम्पन्न भएको ऐतिहासिक विद्वत्संमेलनमा करपात्र स्वामीले– "राजामा अरु कसैको नियन्त्रण हुनु हुँदैन, धर्मको नियन्त्रण भने नभई हुँदैन" भन्नु भएको थियो । राजाले धर्म नछोडेमा यही धारणा हाम्रो शास्त्र मर्यादा अनुकूल छ ।

卐

"प्रत्येक देउराली पहाडका भन्ज्याङ, नदीका तट र सङ्गम जस्ता सर्वत्र ठाउँहरूमा सार्वभौम दैवी सत्ताको आभास पाउने नेपालीहरूको सफा र सुग्घर वातावरणमा दिव्य भावको अनुभूति गर्न मन पराउँछन् । त्यसैले नयाँ मन्दिरको निर्माण गर्नुभन्दा पराापूर्व कालदेखि पूजिँदै आएका हाम्रा देवस्थलहरूलाई हाम्रो आन्तरिक दैवी भाव र भक्तिको बाहिरी रूप सुहाउँदो किसिमले सम्भार गरी राख्नु हाम्रो आजको कर्तव्य हो ।"

– श्री ५ वीरेन्द्र

★ ★ ★

"अनुकूलताको प्रलोभन र प्रतिकूलताको भयलाई छाडेर तिमी सत्यको संकेतको अनुसरण गर । यसले जीवनपथमा आउने सब प्रकारको कष्टपीडा पार गरेर तिमीलाई तिम्रो साध्यसँग मिलाई दिन्छ ।"

– खप्तडस्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"शरणमेमि तां वाग्वतीमहम्"

कवि वाणीविलास पाण्डे र उनको वाग्मती स्तोत्र

– सह-प्राध्यापकः टीकाप्रसाद शर्मा
म०सं०वि०वि, पिण्डेश्वर विद्यापीठ, धरान–१४

राजधानी काठमाण्डौं थापाथलीबाट पाटन जानलाग्दा वाग्मती नदीमा संगसंगै दुईवटा पुल छन् । मास्तिरको ठूलो पक्की पुल छ र तलतिर सानो पुरानो पुल छ । आज भोलिको व्यस्त आवागमन ठूलो पुलबाट हुन्छ, सानो पुरानो पुल रित्तै छ । थापाथलीतिरबाट पाटनतिर जाने यो पुरानो पुलको मुखको टुप्पामा सुनौला सिंहध्वज भएको, अत्यन्त राम्रो (हैमसिंहध्वजोद्यत्कीर्तिस्तम्भाभिरामः) प्रस्तरस्तम्भ (ढुङ्गाको खांभो) खडा भेटिन्छ । यस स्तम्भमा कालीगरले छिनाले बडो कुशलताका साथ चटक्क पारेर राम्रा अक्षर काटेका छन् । यो एउटा अभिलेख हो । अभिलेखहरूले इतिहासलाई काम लाग्ने सत्य कुरा सङ्गालिराखेका हुन्छन् । यस अभिलेखलाई "गीर्वाणयुद्ध शाहको वाग्मती अभिलेख" भन्दछन् । यो देवनागरी (हामीले आज–भोलि लेख्ने गरेको) लिपिमा लेखिएको छ । यस अभिलेखलाई हामी शाह कालको सबैभन्दा श्रेष्ठ अभिलेख मान्न सक्तछौं । यो अभिलेख संस्कृतमा विविध छन्दमा जम्मा ५४ श्लोकमा छ र यसको सारांश पछि नेपालीमा गद्यमा लेखिएको छ । यो अभिलेख विक्रम सम्वत् १८६८ मा अर्थात् कण्डै पौने दुईसय वर्ष अघि लेखिएको हो । यो, वाग्मती–नदीमा पुल बनाएवापत लेखिएको हूनाले यसलाई 'सेतु–स्तम्भाभिलेख' पनि भनिन्छ र यो पुल १३५३ हात लामो छ । यस पुलको शिलान्यास विक्रम सम्वत् १८६८ साल मार्गशीर्ष शुक्ल (मोक्षदा) एकादशी तिथि विहिवार भएको र पूरा निर्माण भै समुद्घाटन ४ महिना पछि चैत्र कृष्ण सप्तमी विहिवार भएको कुरा अभिलेखबाट स्पष्ट थाहा हुन्छ । यस अभिलेखबाट, नेपालको इतिहासले थुप्रै तथ्य पाप्त गरेको छ । यस अभिलेखको संस्कृत र नेपाली दुवै भाषा, त्यस बेलाका प्रसिद्ध विद्वान् पण्डित वाणीविलास पण्डे को हो ।

सजिलाका लागि यो अभिलेखलाई हामी तीन खण्ड गरी हेर्न सक्तछौं । पहिलो खण्ड वाग्वतीस्तोत्र, दोस्रो खण्ड मूल अभिलेख र तेस्रो खण्ड– संस्कृत छन्दो बद्धमूल– अभिलेखकै नेपाली सारांश । अथवा भाषाका दृष्टिले संस्कृत र नेपाली भनी दुई खण्ड र अभिलेख प्रयोजनका दृष्टिले, स्तोत्र-भाग र अभिलेख-भाग भनेर पनि दुई भाग गर्न सकिन्छ, अध्ययन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ताको आफ्नो इच्छा। प्रस्तुत यस लेखले पहिलो भाग 'वाग्वती स्तोत्र' लाई मात्र संक्षेपमा संस्पर्श गर्न चाहन्छ।

यो नेपाल त्यस्तो राष्ट्र हो जुन एक प्रकारले पहाड–पर्वत र नदी–नालाहरूले भरिएको छ। विश्वविश्रुत हिमालय यसको अभिभावक हो, जुन हिमालय आफ्ना अनेकौं उत्तुंग दुर्लंघ्य चुचुराहरूमा प्रातः कालीन तरणिकर–सम्पर्कले मुस्कुराउने गर्छ र गर्वोन्नत सगरमाथाको विश्ववन्द्यशिर अरु समुन्नत हुन्छ। माथि बादलसँग मितेरी लाउने, धवल हिमाचल अनि अनगिन्ति हरीतिमा मण्डित पर्वतमाला, ताल–तलैया, नदी–नाला, छाँगा छहरा, तल लह–लहाउँदा– समतुल्ल मैदान–फाँट, वन–जङ्गल, कासार कानन, मानौं नेपाल–भन्नु यही नै हो, जसको विश्वमा नै आफ्नै अलग्ग पहिचान छ। उता सिंधु यता ब्रह्मपुत्र अनि गङ्गा–यमुना यी हिमालयका ममतामय सन्तान हुन् छोरी हुन् भने, यी; यिनीहरूका पनि माऊमा नेपाली आबो-हावामा सल्बलाई– सुसाई– रहेका सप्त कोशी, सप्त गण्डकी, सप्त कर्णाली र अरू बेगिन्ती नदी–नालाहरूलाई के भन्ने ? जसको महिमा, उत्कर्ष र महात्म्य संसारका नै प्राचीनतम शास्त्र वेद र पुराण–कालदेखिनै गाइदै र सुनिदै आइएको छ र जसको अदम्य, उच्छ्वल र अश्रान्त गति र यो नेपाल र यी नेपालीका प्रकृतिमा, स्वभावमा एकाकार भै आएको छ। जल नै त जीवन हो गति हो प्रगति प्रवाह हो।

राजधानी, काठमाडौं उपत्यकामा वाग्मती, विष्णुमति, रुद्रमति आदि सप्तमति नदीहरू विद्यमान छन्। नदीको किनार पवित्र मानिन्छ त्यो नदी–प्रवाहले, साथै वग्ने हावाले, सूर्यका उज्याला किरणका संस्पर्शले, खुल्ला आकाश र वातावरणले पवित्र भएको हो। पुराना समयमा नदी किनारमा बसोवास धार्मिक दृष्टिले हुन्थ्यो यसलाई स्वच्छ–सुग्घर राख्ने चेष्टा–प्रयत्न बराबर भइरहन्थ्यो। सरयूका किनारमा अयोध्या, यमुनाका तटमा मथुरा, गङ्गाका तीरमा काशी आदि नदी तटका प्रचीन नगरलाई सम्झदा त्यहाँ धार्मिकता, स्वच्छता–पवित्रता एकजिउ भई सँगै बसेका थिए भन्ने कुरा स्पष्टै देखिन्छ। यिनीहरूलाई मोक्षदायनी नगरीको रूपमा समादर गरिएको छ। आजको काठमाडौं उपत्यका पनि पुराकालमा त्यस्तै, यी सप्तमती नदीहरूका किनारमा रहेका पुण्यस्थल, वस्ती–नगरीहरूकै संमिलित एउटा रूप हो भन्न सकिन्छ। देवदत्तन (देवनगरी) त आज पनि वाग्मती–नदीका किनारमा बसेकै छ, जहाँ ज्योतीश्वर भगवान् पशुपतिनाथ विराजमान हुनुहुन्छ। भगवती देवनदी वाग्मतीको उद्गम स्थल काठमाडौंको उत्तरको पर्वत-मालामा वाग्द्वार भन्ने ठाउँ हो। काठमाडौंको समतल उपत्यकामा यिनी सुन्दरीजलमा प्रवेश गर्छिन् र केही समय यो उपत्यकामा स्वच्छन्दताका साथ आफू–खुशी घुमदै, रमाउँदै, यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परितृप्त गर्दै, विष्णुमतीआदि आपना शेष–अशेष सहचरी बहिनीहरूलाई भेटेर, सगेटेर दक्षिण चोभारको बाटो हुँदै अनन्त पथमा अघि बढ्छिन् । यिनै वाग्मतीको स्तुति यस अभिलेखको पहिलो खण्डमा कवि 'पाण्डे' ले गरेका छन् ।

पण्डित वाणी विलास पाण्डे बहुश्रुत, विद्या–विनोदी, कर्तव्य–परायण, व्यवहार–चतुर विद्वान् थिए । राजदरबारमा उनको राम्रो प्रतिष्ठा थियो, उनी मान्य गुरुवर थिए । भाइ–भारदारहरूमा मान थियो । त्यस वेलाका प्रधान मन्त्री भीमसेन थापा यिनको इज्जत–सम्मान गर्थे । यिनी पौराणिक आचार्य थिए र थिए ठूला कवि । ५४ श्लोकको यो लामो अभिलेख वाहेक धौकल सिंहको (वि. सं. १८५०) नारायण स्थान अभिलेख, महारानी सुवर्णप्रभाको (वि. सं. १८६५) नक्साल अभिलेख र रानी लक्ष्मीदेवीको (वि सं १८६६) पचलो अभिलेख समेतको रचना पण्डित वाणीविलास पाण्डेले गरेका हुन् । यी तीन अभिलेखहरूको रचना–शैली देख्न पाइएको छैन तापनि देख्न पाइएको यस अभिलेखका आधारमा यस्तै रोचक र प्राञ्जल होला भन्ने अनुमान गर्न सकिन्छ । कृत्य–कौमुदी वाणी विलास– सिद्धान्त, पुरश्चरण प्रयोग रत्न-दीपिका, वेदान्तसार संग्रह गंगास्तोत्र, नवरत्न युगलस्तोत्र र प्रशस्तिरत्नावली यिनका ग्रन्थाकार कृतिहरू हुन् । नाम देख्ता यी सबै ग्रन्थ संस्कृत भाषामा लेखिएका प्रतीत हुन्छन् र यी ग्रन्थमा नामबाट पनि यिनी भारि–विद्वान्, सबै विषयमा रुचिराख्ने शास्त्र–कवि थिए भन्न सकिन्छ । गङ्गा स्तोत्र, नवरत्न, मुगल स्तोत्र र प्रशस्ति रत्नावलीले यिनलाई– काव्य कविको रूपमा प्रस्तुत गर्दछन् ।

पण्डित वाणी विलास पाण्डेको 'वाग्वती स्तोत्र यस अभिलेखको शुरुमा छ, यसमा इन्दिरा छन्दमा १६ श्लोक र अन्त्यमा एक श्लोक वसन्ततिलका छन्दमा गरी जम्मा १७ श्लोक छन् । यसको अन्त्यमा "इति श्रीमन्महाराजाधिराजराज्ञ्या: श्रीललितत्रिपुरसुन्दरीदेव्या आज्ञया श्रीरामहृदयपण्डितात्मज– वाणीविलासपण्डित कृतं वाग्वती स्तोत्रं शुभम्' लेखिएको छ । यो स्तोत्र राजमाता श्रीललितत्रिपुर सुन्दरीदेवीका आज्ञाले श्रीरामहृदय पण्डितका पुत्र वाणी विलास पण्डितले रचना गरेको हो भन्ने यसको अर्थ भयो ।

यो स्तोत्र भक्ति भावनाले ज्यादै रसिलो छ । यसको भाषा काव्यमय छ, कवि शब्दहरूको समुचित सन्निवेशमा, अर्थ चातुर्यमा, अलंकारहरूको विच्छित्तिमा निपुण देखिन्छन् । विविध, शास्त्रीय पाण्डित्य र लोक व्यवहार नैपुण्य त कविमा छंदैछ भक्तिजन्य भाव तन्मयतामा पनि उनी उत्तिकै हृदयाऽऽवर्जक छन् केही उदाहरण हेरौं वाग्मतीको स्तुति गर्न आँट गर्दा, जाहेर गरिएको यो नम्रता– उनी भन्छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जननी ! वाग्मती ! मनले गमेर न सकिने, वचनले वखान गरेर न सकिने हजूरको महिमामा ठूला ठूला देवताहरू त सामर्थ्य राख्तैनन् भने त्यसमा म जस्तो अदना व्यक्ति तम्सिनु कहाँसम्म उचित होला, तैपनि अघि सर्दैछु, अम्बे ! क्षमा रहोस् –

जननि ! वाग्वति ! त्वत्स्तुतीरवाङ्मनसगोचराः कर्त्तुमीश्वराः ।
जगति पामरा मादृशा नराः कथमलंतरामत्र सह्यताम् ॥ १ ॥

अर्को एउटा पद्यवन्धमा कविको शब्द– केली र अर्थ–गौरवता हेरौं, उनी [illegible] "पानीमा कमल उम्रन्छ, यसैले कमलको अर्को नाम अप्+ (पानी) मा ज = (जन्मने) अब्ज भयो, तर कमलबाट जन्मने–उम्रने कुरा दुनियामा देखिन्न । किन्तु अम्बे ! वाग्मती ! आश्चर्य, हजुर त शिवजीको मुख+अब्ज (कमल) बाट+ज= जन्मनु भयो–

जलरुहं जलाज्जायते, जलं जलरुहान्नहि व्याप्तिमत्र ताम् ।
इति विधेर्हरस्यम्ब ! भीतिभिः शिवमुखाब्जजा त्वं सती भुवि ॥ २ ॥

–यहाँ कार्यकारण भावमा, व्याप्तिमा प्रकृति विपरीतता देखाएर वाग्मती लौकिक–विधि नियम देखि कहिं माथि छन् भन्ने अभिप्राय, कविले यस श्लोकबाट प्रकट गरेका छन् । वाग्मती शिव–मुखबाट पैदा भएको पौराणिक आख्यान पनि यहाँ स्मरणीय छ ।

कवि वाणी विलास पाण्डे आफ्नो स्तुति कर्ममा, उक्ति शिल्पमा बेजोडको लज्जत सजाउँदै अगाडि भन्छन्– पानीमा परेको कुनै पनि भारिपदार्थ चुर्लुम्म डुब्छ, उत्रन्न, यो अनुभूत तथ्य कुरो हो, तर अम्बे ! वागमती थुप्रै थुप्रै पापहरूको गह्रौं भारी बोकेको पापी पुरुष पनि तपाईको जलमा डुब्ने वित्तिकै (डुबुल्कि मार्ने, स्नान गर्ने, नुहाउने) तुरुन्तै माथि उत्रन्छ (सबै पापबाट मुक्त भै छुट्कारा पाउँछ) ।

जलगतं च यत्तच्च मज्जति गुरु किलेह यस्त्वज्जले जनः ।
जननि ! पातकाद्योघसंचितो भवति मग्न उन्मज्जतीश्वरी ! ॥ ७ ॥

वाग्मतीको जलमा अरूजलमा भन्दा खास बिशेषता देखाएर कविले यहाँ व्यतिरेक अलंकारको राम्रो समायोजन गरेका छन् ।

अनि आर्को पद्यमा कविको यो सूक्त– देवी ! वागमती ! भगवान् पशुपतिनाथ तपाईंका किनाराको निवासले, काशीमा वस्ने विश्वनाथ बाबाले मानिएकी अनि मुक्तिका लागि मैहुँ भन्ने देवनदी गङ्गाको मानौं परिहास गरिरहनु भएको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तव तटे जनन्यत्र वासत, पशुपतिर्जगन्मुक्तये स्थिराम् ।
परिहसत्यहो विश्वनाथसत्कृतसुरापगां काशिकावहाम् ।। १० ।।

यहाँ राम्रो उत्प्रेक्षा गरी, स्वदेशका तीर्थको उत्कर्षमा कविबाट गहिरो समादर प्रकट भएको छ ।

भक्त कवि आर्को एउटा पद्यमा भन्छन्– ए वाग्मती ! तपाईंका दायाँ र बायाँ दुवै काखमा बस्न पाएर एकापट्टि ज्योति– ईश्वर पशुपतिनाथ र अर्कापटि सकल–सिद्धि–दात्री देवी गुह्येश्वरी, आनन्दले मुस्काइरहेका छन्, तपाईं सर्वदात्री हुनुहुन्छ, यसमा केही आश्चर्य छैन–

पशुपतिः शिवो ज्योतिरीश्वरः सकलसिद्धिदा गुह्यकालिका ।
विजयते मुदा त्वत्तटे सदा, त्वमिह सर्वदात्रेति नाद्भुतम् ।। १२ ।।

वाग्मतीकै किनारमा भगवान् पशुपतिनाथको भजन–संकीर्तन गर्दै कवि, आफ्नो जीवनलाईधन्य बताउन प्रबल इच्छा राख्तछन् ।

शिव ! जगत्पते ! पार्वतीपते ! पशुपते ! महादेव ! शंकर ।
इति सुजल्पतोऽर्हनिशं मम, भवतु त्वत्तटे गंगिके ! स्थितिः ।। १४ ।।

अन्तमा कवि भन्छन्– जुन वागमतीको, पवित्र, विशुद्ध जलको सेवन गर्नाले सबै पाप–ताप धुजा हुन्छन्, यो लोक र परलोक दुवै सुध्रन्छन्, म मुक्तिकारण स्वरूपा तिनै वाग्मतीको शरण पर्दछु :–

यदमलाम्बुनो नित्यसेवनं, वृजिननाशनं दुखदारणम् ।
भविकभावनं मुक्तिकारणं शरणमेमि तां वाग्वतीमहम् ।। १५ ।।

मात्र १७ श्लोक भएको यो स्तुतिकाव्य आकारका दृष्टिले ठूलो स्तुति काव्य हैन तर भक्तिभावको उत्कर्षले भाव–तल्लयता, काव्य सौन्दर्य र रचना–माधुर्यले भने निश्चय नै गौरवपूर्ण ठूलो काव्य हो र यस स्तुति काव्यले यसका स्रष्टा कवि– पण्डित वाणी विलास पाण्डेलाई भक्त कवि पंक्तिमा निश्चयनै समादरणीय स्थानमा उपस्थित गरेको छ । शुभम्

सन्दर्भ पुस्तिका:– 'सात साहित्यिक अभिलेख'
गोपाष्टमी, २०४९

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यसन र जीवन

— प्रा० चेतोनाथ शर्मा आचार्य
वाल्मीकि विद्यापीठ, काठमाडौं

समय आफ्नो रूपमा क्षण, लव, मुहूर्त, अहोरात्र, सप्ताह, पक्ष, मास, अयन, वर्ष आदि अवान्तर रूपले व्यवहार हुँदै बितिराखेको हुन्छ। यो कहिले कहाँबाट शुरु भयो र कहिले टुङ्गिने हो यकीन साथ कसैले भन्न सक्ने कुरा छैन। यसरी अविरल रूपमा चल्दै रहने, बित्दै जाने समय सबैका लागि समानै भएपनि यापनको विधि चाहिं बुझक्कड विद्वान् र असमझदार मूर्खको अलग अलग हुन्छ। संकलित नीति पुस्तक हितोपदेशमा उक्त दुवै थरीको समय यापनामा हुने भिन्नतालाई यसरी छुट्याइएको छ-

काव्यशास्त्रविनोदेन कालो गच्छति धीमताम् ।
व्यसनेन च मूर्खाणां निद्रया कलहेन वा ॥

अर्थात् जो समझदार विद्वान् छन् तिनको समय काव्यको अध्ययन मनन, शास्त्र चिन्तन जस्ता काम कुरा गर्दै बित्दछ भने मूर्ख पामरको चाहिं आवश्यकभन्दा बढी सुतेर, निदाएर, व्यसन (धूम्रपान, मद्यपान, गाँजा, चरेश, मर्फे, कोकोन आदि) को सेवन गरेर अथवा अरूसित झै-झगडा गरेर बित्दछ।

समय कसरी प्रहाहित भै रहेको छ घडीको सेकेन सुई हेरी अडकल्न सकिन्छ। त्यसै सुईको गतिमा प्रत्येक व्यक्तिको आयु बित्दै र क्षीण हुँदै गएको हुन्छ। जीवनका आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक जस्ता अनेक पक्ष भनौं या धारा हुन्छन्। तब जुनसुकै धारा पनि निरवधिक नभै सावधिक हुन्छन्। ज्यादा सुतेर वा कलह गरेर पनि मानिसले समय गुजार्दछ भन्ने कुरा पनि माथिको श्लोकमा परेको छ तर यहाँ शीर्षक र समसामयिक प्रसङ्गलाई दृष्टिगत गरी व्यसनले अलमस्ती भै जीवन यापन गर्नेबारे केही चियो-चर्चो गरिन्छ।

व्यसनी बनेर जीवन यापन गर्नेमा अपठित वा अबुझ मात्र हुन्छन् भन्ने कुरा ठीक र साँचो होइन। किन भने कुलीन बहुश्रुत, पठित, धार्मिक, उदासीन, लोकमा मान प्रतिष्ठा पाएका व्यक्तिपनि सोझै, अरुको सङ्गमा परेर अथवा देखासिकी रूपले व्यसनमा फसेका देखिन्छन्, पाइन्छन्। किन त्यस्तो भएको होला ? भन्ने बारे सोधखोज गर्दा विभिन्न कारण पाउन सकिन्छ व्यसनी व्यक्तिसितको सम्पर्क, समझदारीको कमी, बुद्धिको अपरिपक्वता, हानि नोक्सानी वा विरह व्यथाको उत्पीडन आदि। ती सबको अतिरिक्त इन्द्रियको चञ्चलता र विषयको आकर्षण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि कारण छ। इन्द्रियरूपी सर्पको आकर्षणले आकर्षित व्यक्तिबाट नहुने दुष्कर्म केही छैन र हुँदैन। निम्नलिखित नीतिश्लोकले पनि यस्तै भनेको छ–

लोकार्चितोऽपि कुलजोऽपि बहुश्रुतोऽपि धर्मस्थितोऽपि विरतोऽपि शमान्वितोऽपि ।
अक्षार्थपन्नग–विषाकुलितो मनुष्य स्तन्नास्ति कर्म कुरुते न यदत्र निन्धम् ।।

भनाईको मतलब के हो भने इन्द्रियको शक्ति त्यति प्रबल हुन्छ कि जसले सामान्य मानिसलाई मात्र होइन अर्थिक, बौद्धिक, सामाजिक जस्ता दृष्टिले विशेषता राख्नेलाई पनि लडाएर छोड्छ; इन्द्रियको यस किसिमको प्रवलतालाई 'बलवानिन्द्रिय ग्रामो विद्वांसमपि कर्षति' भनेर गोतांशले पनि व्यक्त गरेको छ। उता सप्तशतीमा 'ज्ञानिनामपि चेतांसी देवी भगवती हि सा बलादाकृष्य मोहाय महामाया प्रयच्छति' भनेर बलवती मायाले ज्ञानीको चित्तलाई पनि आकर्षित न तुल्याई नछोड्ने कुरा बताएको छ। त्यसै भएर होला अपठित, अशिक्षित र अबुझ मात्र होइन पठित, शिक्षित वा बुझक्कड पनि व्यसनका दास बनेका पाइन्छन्।

व्यसन या अम्मलका पनि बहुविधरूप र अनेक नाम छन्, मद्यपान, धूमपान, खेल-तमासा, लागूपदार्थ सेवन आदि। भगवान् कृष्णले उद्धव गीतामा भेद, वैर, अविश्वास गर्दै अन्त्यमा 'व्यसनानि च' भनेर असन शब्दले मद्यपान, तास जुवा र व्यभिचार समेत तीन कुरालाई लक्षित गर्नु भएको छ। वस्तुतः विचार गर्दा अम्मलका सबै अंश र स्वरूपलाई यिनै तीनमा अन्तर्भाव गर्न सकिन्छ।

मात्रा, गुण, दोष, सेवन विधि र शारीरिक क्षमता आदिलाई दृष्टिगत गरी व्यसनी याने अम्मलीका हानि–नोक्सानीका रूप पनि बेग्लै वा अलग रूपका हुन्छन्, हुनसक्छन्। ती मध्ये धूमपानबारे केही भन्न र बुझ्न प्रयास गर्दा यसको शुरुआत कहाँबाट, कसले, कसरी गर्‍यो भनेर यकीनसाथ भन्न गाह्रै छ। कक्कड, गाँजा, पाइप पिउन खप्पिस बनेकाहरू त महादेवसितै यसको सम्बन्ध गाँस्न बेर लाउँदैनन्। शिवबुटी नामले पुकार्छन्। घरबार र अन्य विषय सुख त्यागेर हिँडेकाहरूले पनि जतनसाथ शिवबुटीको पोको बोकेर हिँडेका हुन्छन्। हिँड्दै जाँदा चिम्टा गाडेर जहाँ हुन्छ धुनी लगायो दुई-चार जना धूमभक्त जम्मा हुन्छन्, गफ गाफ चल्छ, शिवबुटी शुरु हुन्छ। भाङ, धतूरो मात्र होइन कालकूट बिषलाई समेत पाचक जस्तै गरी पचाइदिने महादेवको कुरा छाडेर मानवीय क्षेत्रको समस्याको रूपमा यसलाई छानबीन गर्नु परेको छ। यसबारे कालकण्ठ शिवबाट लिनुपर्ने शिक्षा के छ भने उनले लोककल्याणका लागि नपिइ नहुने भएको विष पिउनु पर्दा बक्षःस्थल र त्यसका आसपासमा भएका महत्वपूर्ण अङ्गलाई पिरपिराउ एवं बाधा अडचन नपुगोस् भनेर गलाभन्दा तल झारेका छैनन्। यसबाट उनको विद्वता र सजगता झल्कन्छ।

यद्यपि अम्मल भन्दा सुर्तिका विभिन्न स्वरूप र गाँजा समेत पर्दछ, तर यसको अति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसिद्ध टड्कारो रूप चाहि सिगार, सिग्रेट या चुरोट तमाखु बिडी नै हो । सुदूर पश्चिमको भूभाग-बाट माग शुरु भएको र सर्दै पूर्वीयक्षेत्रसम्म आएको यस अम्मलमा बानी बसाल्न पहिले पैसाको पुरस्कार र मौखिक रूपमा स्यावासी पनि दिइन्थ्यो रे । पछि बानी बसेपछि पियक्कडहरूको यसमा आकर्षण बढ्यो, अनि खेतीको रूपमा उब्जाउने, कलकारखानाको माध्यमले उत्पादन गर्ने काम पनि भयो । बानी परेकाहरूले जतिसुकै मोल बढे पनि यसलाई छोड्न सक्ने स्थिति आएन । अन्य कुरालाई धार्मिक दृष्टिकोण राखेर न छुने र न खानेले पनि चुरोट बिडी जस्ता कुरा चाहि प्रसादी नै सम्झेर पिएको देखिन्छ । लोग्ने मान्छे हुन या स्वास्नी मान्छे, चाड पर्व ह[illegible]तिथि सराध कुनैमा रोकतोक या छेकथुन केही छैन । उमेर, जात या लिङ्गको भेदभाव नमानी धेरैले समान रूपमा स्वीकार्ने र सकार्ने सक्ने यो अम्मल संख्याको दृष्टिले कतै कम-वेशी देखिएला तर उच्च पहाडि भागदेखि समथल तराई भागसम्म समान रूपमा यो प्रचलित रहेको देखिन्छ । अरू ठाउँ त भए भए, आदिकबि भानुभक्त, मोतीराम जस्ताको जयन्ती मनाउँदा नाम चलेका कवि, लेखकहरूले तस्बीर वरिपरि चुरोट बिडीकै धूप हालेको देखिन सच्छ । बिहान उठी ठूलो पातामा तमाखु टाँसेर चिलिम भरि कोइला पारेर स्वाद ली-ली कन आफू तान्ने र आएकालाई पनि तनाउनेलाई भने के कसो हो तर इस्टभमा जसोतसो बिहान बेलुकाको ताउलो तताएर पेट पूजा गर्न बाध्य हुनु परेको शहरी र बाक्ला बस्तीका लागि निकै बाधा परेको छ । अन्य आवश्यक वस्तुको उत्पादनमा निकै पछि रहेको नेपालमा पनि मद्य एवं धूमपानको साधन जुटाउन भने आत्मनिर्भर जस्तो भएको छ । प्रचार प्रसारको दृष्टिले पनि मेची महाकाली जहाँ जाउ खाँचो पर्दैन । हुनत धूमपानको मूल स्वरूप सुर्तीले लहलह भएर धान फल्ने गल खेतमा हरियाली साथ फलेर आफ्नो मात्र सजीवता दर्शाउने होइन किन्तु सरकारलाई मोटो रकम राजस्व बुझाएर प्रसारका साधन रेडियो, टेलिभिजन देखिलिएर प्रचारका माध्यम गोरखापत्र, राइजिङ्ग नेपाल लगायत कैयौं पत्रिकालाई समेत टेवा पुऱ्याई धूमपान प्रेमीहरूलाई घीत मारेर संख्याभाव कायम गरेको कुरा प्रत्यक्ष छ । त्यसको अतिरिक्त यसले हजारौं हजारलाई रोजगारी पनि नदिएको होइन । तर पनि यतिविधि उपयोगी कुरामाथि किन यस्तो खरख्वाहत ? प्रश्न नउठ्ने होइन ।

जुन सुकै काम कुराका पक्ष विपक्ष दुवै हुन्छन् । तिनमा जुन पक्ष बढी वजनदार र सकारात्मक छ त्यसलाई अपनाउँदै जाने र हलुका एवं नकारात्मक पक्षलाई छोड्दै जानु बुद्धिमानी ठहर्छ । जुनसुकै देशको लागि एक सबल जनशक्ति देश विकासको लागि प्रमुख साधन मानिन्छ । क्षय (टि बी.) अर्बुद र अन्य अनेक रोगको कारक तत्त्व मध्ये एक मानिएको धूमपानलाई प्रचार प्रसारका साधन समेत प्रयोग गरी अन्धधुन्ध रूपले प्रश्रय दिनुलाई अब कुनै विवेकीले ठीक ठहऱ्याई ताली ठोक्न मिल्दैन । अरू नचाहिंदो कुराको अन्ध अनुकरण गर्न सिपालु हामीले अमेरिका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फ्रान्स जस्ता विकसित देशले धूमपानबाट हुने खराबी कम गर्न सार्वजनिक स्थलमा त्यसको प्रयोग गर्न नपाइने नियम लागू गरिसकेको कुरातिर किन ध्यान नपुऱ्याई अनास्था गर्ने ?

यहाँ विचरणीय कुरा के छ भने लागू पदार्थको ओसार–पसार र सेवन अहिले अन्तर्राष्ट्रिय समस्या मानिएको छ, जुन समस्याबाट नेपाल पनि अछूतो एवं चोखो छैन। यहाँनिर नबुझिएको र स्पष्ट हुनुपर्ने कुरा केछ भने गाँजा, चरेशलाई शायद लागू पदार्थ मानिएर होला त्यसको खेतीलाई उच्छित्तो पारिएको खबर देख्न सुन्नमा आउँछ। तर यो धूमपान र मद्यपान चाहिं लागू पदार्थ अन्तर्गत पर्दो रहेनछ क्यार ? सोभियत रूसको स्वरूप छिन्नभिन्न हुँदा रासका रास भोंडका फालिएको र फेलिएको खबरले पनि हामीलाई रत्तिभर प्रभाव पार्न सकेको छैन। कँयौं मद्यप्रेमीहरूले त देवी, भैरब जस्ता देव देवीको पूजा सामान रूपमा यसको समर्थन गरेको पाइन्छ भने कतिले सोमपानसित तुलना गर्न खोजेको पनि। त्यसरी चाहिंदो नचाहिंदो उदाहरण पेश गरेर मद्यपानलाई समर्थन गर्नुको कुनै औचित्य छैन। जुन जाति, धर्म वा सम्प्रदायमा निजीरूपले मद्य मांसको प्रयोग हुँदै र गरिंदै आएको छ त्यस सम्बन्धमा यहाँ केही भन्नु छैन र भन्न खोजिएको पनि होइन। तर यसलाई राष्ट्रिय उद्योगको स्तरमा कायम गरी खुलारूपले बिक्री वितरण, अन्ध धुन्ध प्रचार, सार्वजनिकस्थलको प्रयोगलाई चाहिं कथमपि समर्थन गर्न सकिंदैन र गर्न पनि हुँदैन। जुन कुरा मुस्लिमदेशले धर्मको अङ्ग र आदर्श रूपमा अपनाएको छ त्यसलाई हामी निजी शिष्टता र सभ्यताको रूपमा पनि लिन सक्तैनौं भने घुमाइ फिराइ हिन्दूराष्ट्रको पुच्छर गाँस्नु कुनै माने रहँदैन। याद गर्नलायक कुरा के छ भने अनुशासन र आचरण पक्ष कम्जोर रहेको देश र समाज कहिल्यै उठ्न र अगाडि बढ्न सक्तैन। आधुनिक विकासका साथ बढ्दै जाने यातायातका साधनको प्रयोगमा पनि धूमपान मद्यपान र अन्य लागू पदार्थले निकै हानी पुऱ्याएको छ। यसप्रति चासो राखी कडा निषेध नगर्ने हो भने अझै बढ्ने छ।

देशमा आएको प्रजातान्त्रिक परिवर्तनले बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्रका साथ सार्वभौम सत्ता जनतामा आएको छ। जनतामा सार्वभौमसत्ता आउनुको अर्थ हो आफैं आफ्नो अस्तित्व साधक बन्नु, नियामक हुनु। त्यो कुरा उसले अलग रूपमा नभै आफूले निर्वाचन गरेको प्रतिनिधिद्वारा गर्दछ। त्यसो हुँदा राष्ट्रिय सभा होस् या प्रतिनिधि सभाका सदस्य सांसद हरू स्वयं अनुशासित एवं आचरणशील हुनु जति जरूरत छ त्यसबाट बन्ने कार्य पालिका, न्यायपालिका अनि सैनिक क्षेत्रसम्म यसको आवश्यकता त्यत्तिकै रहन्छ। यस कुरालाई प्रत्येक नागरिक देखिन् हरेक तहका जनप्रतिनिधिहरूले समान रूपमा सकार्नु र स्वीकार्न सक्नु पर्छ। तर शाब्दिक रूपमा जे भनिन्छ क्रियात्मक रूपमा अलिकति पनि उतार्न सकिएन भने त्यसबाट कुनै लाभ लिन सकिंदैन।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महादेवको अति प्रिय स्थल र वस्तुको महिमा

– सुरतबहादुर शाह
कालीमाटीगढी, अछाम

ब्रह्माण्डमा जसको कोही मालिक छैन, जसको कुनै कारण छैन, जसको आदि अन्त छैन, जो सबैको मालिक छ, परमपूजनीय छ, जसलाई शिव, महेश्वर, रूद्र, विष्णु, पितामह, संसार–वैद्य, सर्वज्ञ, र परमात्मा भनिन्छ। तिनलाई हाम्रा आराध्यदेव देवताका देवता अर्थात् महादेवको नामबाट पनि जान्दछौं। यस्ता नित्य एवं अद्वितीय तथा एक भएर पनि अनेकरूपमा चिनिने प्रभुको पनि सबैभन्दा प्रिय मानिने स्थल र वस्तुको शृष्टि भएको कुरा अनेकन पुराण वा महात्म्यमा गरिएका वर्णनबाट ज्ञात हुन्छ। यसै सन्दर्भमा पृथ्वीमा शृष्टि भएका स्थलमा महादेवको सबैभन्दा प्रियस्थल भनी स्कन्दपुराणको मानस खण्डमा उल्लेखित वैद्यनाथ क्षेत्रको सम्बन्धमा संक्षेपमा भएपनि उल्लेख गरी सर्वसाधारण पाठकहरूमा जानकारी गराउनको साथै यस स्थलको अझ बढी पौराणिक अनुसन्धान एवं अन्वेषणको लागि श्रदेय विद्वान्‌हरूमा लेखकको आग्रह छ।

वैद्यनाथ क्षेत्रः–

वैद्यनाथ क्षेत्रमा अवस्थित वैद्यनाथ ज्योतिर्लिङ्गको महीमा अपार छ। महादेव वैद्यनाथको भेषमा सबैको रक्षा र भुक्ति मुक्तिदाताको रूपमा वैद्यनाथ क्षेत्रमा विराजमान हुनुहुन्छ। महादेवका भक्तगणले साकाररूपमा प्रभुको दर्शन पाउँछन् भन्ने विश्वास छ। तर यसको लागि आत्मशुद्धि एवं अन्तर्ज्ञान प्राप्त गर्न सक्नु पर्दछ। साथै महेश्वरलाई निराकार पनि भनिन्छ र उहाँको प्रतीकको रूपमा शिवलिङ्गको आराधना गरिन्छ।

सेती अञ्चलमा पर्ने युग्म पर्वतबाट निस्केर बाजुरा जिल्लालाई चिर्दै प्रसिद्ध खप्तड लेकको पूर्व र मालिकाको पश्चिममा पर्ने भू–भाग सिंचन गर्दै अछामको पश्चिमी भागको बिचोबिच हुँदै दक्षिण तर्फ बगेको वृद्ध गङ्गा (बुढि गङ्गा) र पश्चिमबाट पूव बहेकी सरस्वती नदी (लुग्रली गाड)को सङ्गम स्थित वैद्यनाथ ज्योतिर्लिङ्गको चारैतिर बीसकोशको क्षेत्रफलमा फैलिएको भू-भाग "वैद्यनाथ क्षेत्र" (अपभ्रंशबाट वैद्यनाथ पनि भनिन्छ) को नामले प्रसिद्ध छ। यस क्षेत्रको प्रमाणिकतामा स्कन्दपुराण अन्तर्गत मानस खण्डको वैद्यनाथ महात्म्यमा महादेवले भन्नु भएको भनी उल्लेखित निम्न श्लोकलाई लिन सकिन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृद्धगंगा महापुण्या यत्र पुण्या सरस्वती
महर्षिभिः समाहूता ममप्रियचिकीर्षया ।। १० ।।
यत्र संगमिते पुण्यनद्यौ ते वरवर्णिनी
तत्र मध्ये महाक्षेत्रे मम प्रीतिकरं शुभम् ।। ११ ।।
विधते वैद्यनाथस्य सुरसिद्धनिषेवितम्
वैद्यनाथस्वरूपेण तत्रास्मि वरवर्णिनि ।। १२ ।।
सहानेन कुमारेण तथैव च त्वया सह
तन्मे प्रियतमं क्षेत्रं जनीहि वरवर्णिनि ।। १३ ।

अर्थात् हे वरवर्णिनी । ठूलो पुण्यदानियी सरस्ती नदीले युक्त भएकी मलाई नै खुसी गराउन महर्षिहरूले आह्वान गरिएकी बूढी गङ्गा र उनै सरस्वतो नदी जोडिएको स्थानको मध्य भागमा मलाई प्यारो लाग्ने असल महाक्षेत्र छ र त्यहाँ देवताहरू र सिद्धहरूले सेवा गरिएका वैद्यनाथ रहनु भएको छ । त्यही वैद्यनाथको स्वरूप गरी त्यहाँ म कुमार र तिमी सहित भएर बसेको छु । त्यही नै मेरो ज्यादै प्यारो लाग्ने क्षेत्र हो ।

यतिमा मात्र सीमित नरहेर यस क्षेत्रको सुन्दरता र पावनतादेखि मुग्ध भएर महादेवले आफ्नो अन्तरइच्छा यसरी प्रकट गर्नु भएको छ –

यादृशं वैद्यनाथस्य क्षेत्रं प्रियतरं मम
तादृशं न च कैलासो न विन्ध्या विद्यते प्रिया ।। १४ ।।
न तादृशानि क्षेत्राणि मम प्रियकराणि वै
सन्ति भूमण्डले क्वापि कैलाशेऽपि तथेश्वरी ।। १५ ।।

अर्थात् वैद्यनाथ क्षेत्र नाम गरेको क्षेत्र जतिको प्यारो छ त्यतिकै प्यारो न त कैलाश छ, नबिन्ध्याचल नै छ । त्यस्ता प्रकारले मलाई मनपर्ने प्यारो वैद्यनाथ क्षेत्रभन्दा अर्को न त पृथ्वी तलमा छ न त कैलाशमा नै छ ।

यस स्थलमा रहेको वैद्यनाथ शिवलिङ्गको शुभदर्शनले मात्र दुःख र शोकबाट मुक्ति मिल्दछ । जबसम्म मानव यस लिङ्गको दर्शन गर्दैनन् तबसम्म संसारमा दुःखी पीडाबाट तड्पिरहन्छन् भनी देवाधिदेवले हामीलाई यसरी सचेत गराउनु भएको छ–

तावद् भ्रमन्ति संसारे दुःख-रोग-ग्रहातुराः ।
यावन्मे वैद्यनाथस्य लिङ्गं नार्चन्ति मानवाः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झण्डै नौ लाख वर्ष अघि लङ्कापति रावण समेतले यस स्थलमा तपस्या गरी महादेवलाई खुसीपारी आफ्नो मनोवाञ्छा पुरा गरेको भन्ने पौराणिक यथार्थता भएको यस क्षेत्रमा "फेरव नामकोस्यालले उक्त शिवलिङ्गको दर्शन विना पनि त्यहाँ बस्नाले मात्र मुक्ति पाएको थियो।" भन्ने उल्लेख गर्दै यस स्थलको पवित्रता एवं महता सम्बन्धमा उक्त पुराणमा यसरी वर्णन गरिएको छ-

प्राप्य जन्मद्वयं राज्य मृग-भूपेन्द्र-संज्ञकम्
फेरूकोऽपि सदुष्टात्मा तत्र मे दर्शनं विना ।। ६३ ।।
वासमात्रेण दुष्टात्मा स्थले प्रियतरे मम
कृत्वा जन्मद्वयं राज्यमन्ते सायुज्यतां गतः ।। ६४ ।।

अन्य देवी देवतामा चढाएको प्रसाद झैं वैद्यनाथमा (शिवमा) चढाएको नैवेद्य लगायत सबै सामाग्री ग्रहण गर्नु अर्थात् खानु हुन्न, यो सबै शिवस्व लाग्छ भन्ने जनधारणा पनि पाइन्छ। हुन पनि वैद्यनाथ (शिवजी) मा अर्पण गरिएको सम्पत्ति नास मास गर्नेहरूको भलो भएको नदेखिएकोले अरू देवी देवताको मन्दिरमाभन्दा शिव मन्दिरको सम्पत्ति प्रायः सुरक्षित रहेको पाइन्छ। जुन रूपमा भएपनि शिवगुठी कायम रहेको र पूजा सञ्चालन भइरहेको जतातत्तै भेटिन्छ.।

तर शिव पुराण विश्वेश्वर संहितामा सुतजीले शिवभक्त व्यक्ति मन, वचन र कर्मले हुनुपर्छ। शिवभक्तले धारण गर्नुपर्ने कुरा नियमानुसार पालना गर्नु पर्दछ। यस्ता भक्तले शिवमा चढाएको नैवेद्य हेरेमा मात्र उसको सारा पाप नाश हुन्छ भने लाएमा यस लोकमा फेरि जन्मी रहने कष्टबाट पनि मुक्ति पाउँछ भन्ने निर्णय दिनु भएको छ। उहाँको प्रसादलाई महाप्रसाद सम्झेर खानु पर्छ भने अन्य सम्पत्ति आफ्नो निजी प्रयोगमा ल्याउने कल्पनासम्म गर्नु हुन्न, यस्तो गर्नेहरूका सन्तानसम्मले समाजमा हीनताबोध गर्दै नाश हुनुपर्दछ। भगवान् शिवको पूजा गर्ने विधि र चढाउनु पर्ने सामग्री अनेकन भएतापनि उहाँको पूजा गर्दा रूद्राक्षको माला पहिरेर निधारमा विगुतको तीन रेखा लगाएर बेलपत्र अर्पण गर्दा उत्तम हुन्छ भन्ने मानिएको छ। यसरी वहाँलाई सबैभन्दा प्रिय लाग्ने बेलपत्र, विभूत र रुद्राक्षबारे संक्षेपमा भएपनि परिचय गरौं।

बेलपत्रः-

महादेवको अति प्यारो स्थल "वैद्यनाथ क्षेत्र" जति प्यारो वस्तु बेलपत्र र त्यसको फल हो। बेलपत्रको रूख वहाँको दोश्रो रूपमा पुजिन्छ, बेलका तीन पातमा ब्रह्मा, विष्णु, महेश्वर, रज, सत्व, र तम तीन गुण रहन्छन्। 'जय-मालूर' भन्ने नाम समेत २१ नाम बेलका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेलको रूखको वरिपरि पाँचसय हातसम्म तीर्थ क्षेत्र मानिन्छ । बेलको रूखको जरामा दैनिक पानी चढाई आफ्नो शिरमा सिंचन गर्ने र जलग्रहण गर्ने व्यक्तिको सम्पूर्ण पाप नष्ट हुन्छ । बेलको रूखलाई पूजा गर्दा शिवजी कै आराधना गरे तुल्य हुन्छ । बेलको नैवेद्य र पात टिपेर सधैं शिवलाई चढाउने मानिस मरेपछि कैलाश बास पाउँछ । मृगको करुण पुकारमा प्रभावित भई न भागी फर्कने प्रतिज्ञा गराई छोड्ने व्याधाले अज्ञानतावश बेलपत्र टिप्दै खसाल्दा नजिकैको शिवलिङ्गमा पर्न [illegible] नपाएर भोको वस्नु परेतापनि त्यो दिन महाशिवरात्रि पर्न गएकोले भोकै बसी तीनै प्रहर शिवलिङ्गमा बेलपत्र चढन गएको प्रभावले व्याधाले पनि शिवलोक पाएको कुरा शिवरात्रि व्रतकथामा वर्णन गरिएको छ । विष्णु धर्मोत्तर आदि पुराण अनुसार बेलको उत्पत्ति लक्ष्मीका स्तनबाट वैशाख शुक्ल तृतीयामा श्रीफल श्रीतरुकारूपमा भएको भन्ने बुझिन्छ ।

विभूतः–

गङ्गा, यमुना र सरस्वतीलाई क्रमशः शिवनाम, विभूति र रूद्राक्ष भनिन्छ । त्यसैले विभूति र रूद्राक्ष लगाई सदा सर्वदा धारण गरी शुद्धसंग शिव नाम लिने कुनै पनि व्यक्तिले यस जुनिमा शिव दर्शन पाउँछ । शिवको नाम जप्नमा जन्म जन्मान्तरको साधना चाहिन्छ । जसले जन्म–जन्मान्तरमा शिवको तपस्या गरेको हुन्छ त्यसले मात्र शिवको नाम सम्झन्छ । शिवको नाम जप्नाले मात्र पनि ब्रह्महत्या जस्ता पाप नष्ट हुन्छन् । जसले अटूट रूपमा भगवान् शिवको भक्ति गर्छ त्यसले मोक्ष पाउँछ । यस सम्बन्धमा शिवपुराण विश्वेश्वर संहितामा यसप्रका वर्णन गरिएको छ –

पापानां हरणे शम्भोरस्ति शक्ति र्हि यावती
शक्नोति पातकं तावत् कर्तुं नैव नरः क्वचित्

भावार्थः– मानिसहरूले गरेको पापहरू भगवान् शिवको नाम एकपटक जप्दा पनि नाश हुन्छ । उहाँका एकनाममा कोटी कोटी पाप नष्ट गर्ने शक्ति छ ।

देवाधिदेव महादेवले सदैव लेपन गर्ने विभूति पनि दुई प्रकारका हुन्छन् (१) महाभष्म (२) स्वल्प भष्म । महाभष्म तीन किसिमका हुन्छन्, जसलाई– श्रौत, स्मार्त र लौकिक नामले पुकारिन्छ । श्रौत र स्मार्त भष्म तागाधारी र लौकिक भष्म जोसुकैले प्रयोग गर्न सक्छ भनिएको छ ।

गाईको गोवरको गुइँठा बालेर भष्म बनाइन्छ । यसलाई आग्नेय भष्म भनिन्छ । त्यसैगरी धुनि (अग्निशाला) मा बनेको भष्मलाई पवित्र मानिन्छ । अन्य यज्ञमा गरिने होममा बनेका भष्म पनि उपयोगी हुन्छ । महर्षि जावालिले सबै जात, वर्ण र आश्रम वासीले यो भष्म लगाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ भन्नु भएको छ। शिरमा, निधारमा दुवै कानमा, नाकको दुवै प्वाल, मुख, घाँटी छाति, दुवै हात, दुवै हातको कुइना र नाडी, नाइटो, घुंडा, कुर्कुचा तथा दुवै खुट्टामा भष्म दलेर श्री शिवको आराधना उपासना गर्नेले सहजै मुक्ति प्राप्त गर्दछ। शरीरको बत्तीस, सोह्र, आठ अथवा कम्तिमा पाँच स्थानमा त्रिपुण्ड्र धारण गर्नु पर्दछ।

रुद्राक्ष:–

सेती अञ्चल अछामको खासगरी कुण्डाली र मंगलसेनमा पनि पाउन ... रुद्राक्ष शिवजीको प्यारो वस्तुको रूपमा लिइन्छ। यसको धारण र दर्शनबाटै श्री शिवजीको कृपाले सम्पूर्ण पापबाट मुक्ति मिलदछ। शास्त्रमा रुद्राक्षमाई शिवजीको आँखाको रूपमा वर्णन गरिएको छ।

एक पटक हालको सुनसरी जिल्लास्थित धरानको पिण्डेश्वरमा भगवान् शिव अघोर तपस्यामा लिन रहनु भएको बेला वहाँका दुवै आँखा खुले। आँखाबाट बगेको आँशु जमीनमा खस्दा तत्कालै रुद्राक्षको विरुवा उत्पन्न भयो। त्यसै विरुवाबाट रुद्राक्षको फल फल्यो। ती सबै रुद्राक्ष भगवान्ले विष्णुभक्तलाई बाँडिदिनु भयो। भगवान् शिवबाटै उत्पति भएकोले रुद्राक्ष धारण गर्नेसँग वहाँ धेरै प्रसन्न हुनुहुन्छ भनी शिव पुराणमा वर्णन गरिएको छ। अमलाको फल बराबरको रूद्राक्षलाई उत्तम मानिन्छ। रुद्राक्षलाई सबै जातिका अर्थात् शूद्र, पतित लगायत आश्रमका नरनारीले धारण गर्न पाउँछन् र गर्नु पर्दछ भनी शिव पुराणमा भनिएको छ।

"सर्वाश्रमाणां वर्णानां
स्त्री–शूद्राणां शिवाज्ञया।
धार्या सदैव रुद्राक्षा:"

रुद्राक्षका चारैतिरको थोपा थोपालाई छुट्याउने जुन ठाडो धर्सो बनेको हुन्छ, त्यसैलाई मुख भन्ने प्रचलन छ। रुद्राक्ष धेरै मुखी हुन्छ। एक मुखे रुद्राक्ष शिव स्वरूप, दुई मुखेलाई गौरी शङ्कर वा हरिहर भनिन्छ। तीन मुखे रुद्राक्ष ब्रह्मा, विष्णु, महेश्वरको स्वरूप धारण गर्नाले साधनाको फल छिटै मिल्दछ। चार मुखे रुद्राक्ष ब्रह्मस्वरूप, पाँच मुखे रुद्राक्ष रुद्र (पशुपति) रूप, छ: मुखे कार्तिकेय स्वरूप, सात मुखे अनङ्ग, आठ मुखे भैरव रूप, नौ मुखे भैरवी या कपिल मुनि प्रतीक, दश मुखे नारायण स्वरूप, एघार मुखे रुद्र रूप, बाह्र मुखे रुद्राक्ष आदित्य रूप तेह्र मुखे विश्वदेवहरूको स्वरूप र चौध मुखे रुद्राक्षलाई साक्षात् शिवस्वरूप मानिन्छ। भगवान् शिवको आराधना गर्ने भक्तहरूले एक मुखे रुद्राक्ष देखि चौध मुखे जुन पाइन्छ त्यसको माला बनाएर वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसै धारण गरी वहाँमा मन लगाएमा वा वैद्यनाथ क्षेत्रमा गई ज्योतिर्लिङ्गको परिक्रमा र दर्शन गरेमा पनि हलेशी महादेव, पशुपतिनाथ, विश्वनाथ, किराँतेश्वर, जलेश्वर महादेव लगायतका द्वादश ज्योतिर्लिङ्ग जस्ता अनेक नामबाट पुकारिने देवाधिदेव महादेव प्रसन्न हुनु भई भक्तहरूको मनोकामना पुरा गरिदिनु हुन्छ ।

त्यसैले सबैको रक्षक र दुर्जनको संहारक भै क्रमशः शिवस्वरूप र रुद्रस्वरूपमा बस्ने हाम्रा [illegible]यदेव महादेव प्रभुमा, नेपाल अधिराज्यको साथसाथै–

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह
एवं
रा ज प रि वा र
तथा
सम्पूर्ण नेपाली एवं पाठक वर्गको
सुस्वास्थ्य, सुसमृद्धि, प्रगति एवं विश्व शान्तिको लागि प्रार्थना गर्दै
नव वर्ष २०५० को
शुभारम्भको यस शुभ घडीमा सबैमा हार्दिक मङ्गलमय शुभकामना
अर्पण गर्दछु ।

ॐ वैद्यनाथाय नमः ।

★ ★ ★

सन्दर्भ सामग्रिः–

(१) स्कन्दपुराण (मानस खण्डान्तरगत)
(२) शिव पुराण
(३) खेचराद्री महात्म्य – पं उमाकान्त जोशी
(४) गोरखापत्र
(५) व्रतमाला
(६) रुद्राक्षमाहात्म्य
(७) विष्णु धर्मोत्तर पुराण

"शिवविहीन यज्ञ जसरी दक्ष यज्ञ हो, उस्तै प्रकारले आध्यात्मिकताविहीन सभ्यता युद्धको आतङ्कले ग्रस्त उन्माद मात्र हो ।

– खप्तड स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव–प्रार्थना

— पं० श्री गोविन्दप्रसाद घिमिरे
बालाजू, काठमाडौं ।

आमाको गर्भभित्र प्रबल जलनको दर्दमा ज्ञान मिल्छ,
जन्म्यो रोयो अनि मिलिगयो फेरि संसार–चक्र ।
भन्छन् जान्ने, म त अबुझ छू, को छ यो तत्त्व बुझ्ने ?,
पाऊँ सद्ज्ञान शम्भो तनमनवचसा पाप निर्मूल गर्ने ।। १ ।।

आनन्दी त्यो सबतिर खुशी गै गयो बालकाल,
ठेट्ने, चालासँग भइबित्यो जोवनी खेलबाड ।
लर्की आयो वय निहुरियो लोभ पो जाग्न खोज्ने ?,
पाऊँ सद्ज्ञान शम्भो तनमनवचसा भूल निर्मूल पार्ने ।। २ ।।

गर्छू यो यो अनि विषयको स्वामि हुन्छू भनेर,
कुद्दा कुद्दै पछि पछि सधैं दास भैंछू गलेर ।
भारी आयो गरमा पिठमा शान्ति केही न मिल्ने,
पाऊँ सद्ज्ञान शम्भो तनमनवचसा भ्रान्तिको नाश गर्ने ।। ३ ।।

व्यर्थै गर्छू रीस म अरुको गल्दछू नित्य नित्य,
डाहा राखी हृदय बीचमा छोप्न खोज्छु असत्य ।
आफैं चुक्छू तुलबुल हुँदै बन्दछू धर्म गर्ने,
पाऊँ सद्ज्ञान शम्भो तनमनवचको राग नै खाग गर्ने ।। ४ ।।

लोभी भोगी दुःखी सुखी बडो नीच कन्चूस दानी,
लुच्चो छुच्चो निमुख बलियो स्वार्थिलो दुष्ट मानी ।
जस्तो होला गति मति उही फेरि के फूर्ति गर्ने ?,
पाऊँ सद्ज्ञाव शम्भो तनमनवचसा नीचता नष्ट पार्ने ।। ५ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्तीका यी अगुण गुणको कर्म भाग्यानुसार,
भोग्छन् तर्छन् असल विषयी घुम्दछन् बारबार ।
लागोस् इच्छा प्रभु हुन सदा दास नै बन्नु पर्ने,
पाऊँ सद्ज्ञान शम्भो तनमनवचसा लालसा लोप गर्ने ।। ६ ।।

सर्वात्मा भैकन पनि सती–मृत्युमा खेद गर्दै,
क्रोधी ज्यादै भइ नयनले कामको प्राण हर्दै ।
देखाएको जगतममता सारले हीन भन्ने,
पाऊँ सद्ज्ञान शम्भो ? तनमनवचसा जीवनी सौम्य भन्ने ।। ७ ।।

खाई हालाहल जगतको त्रासलाई मिटायौ,
जोगी भोगी स्वरूप सबले अन्त्य के हो बतायौ ।
मेरै लाछीपन अरु रह्यो आफूलाई न चिन्ने,
पाऊँ सद्ज्ञान शम्भो ?तनमनवचसा सात्विकी भाव मिल्ने ।। ८ ।।

तिम्रै सृष्टि स्वरूप यसमा खोज्छु जे मिल्छ सोही,
आफ्नो भन्ने तर जगतमा छैन हे नाथ ? कोही ।
आफैं भन्दा अरू सब कनै आत्म बास्ता न गर्नें,
पाउँ सद्ज्ञान शम्भो ? तनमनवचसा बन्धको फन्द छुट्ने ।। ९ ।।

देख्दा देख्दै म र शरीर यो भिन्न छन् देह मर्छ,
मर्नेले रोज्छ जे जे मन त्यस पछी नित्य लागी रहन्छ ।
बाटो के हो ? परपर हुँदै शान्ति सर्वत्र मिल्ने,
पाऊँ सद्ज्ञान शम्भो ? तनमनवचले स्वप्न संसार तर्ने ।। १० ।।

जानेकै छू कुशल कवि नै हूँ न ज्ञानी न सन्त,
सक्छू गर्नें न त प्रिय पूजा हे प्रभो ! हे अनन्त ? ।
सेवा तिम्रो शिव सकलको गर्नमा भक्ति पाऊँ,
माया कायासंग पर हुँदै मुक्तिकै निम्ति पाऊँ ।। ११ ।।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवानी भवस्तोत्र (गौरी शंकरस्तोत्र)

— रामप्रसाद जोशी
साहित्याचार्य, एम. ए. बी. एड.

ॐ ह्रीम्

जो जन्मका रक्षणका विनाशका ।
बन्छन् सदा कारण आदि सृष्टिका ।।
जस्को नता आदि न मध्य अन्त छ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।
।। १ ।।

शब्दार्थ जस्तो जसको स्वरूप छ ।
सम्पूर्ण ब्रह्माण्ड जहाँ विलीन छ ।।
जस्को महाधाम अपार शान्त छ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।
।। २ ।।

विघ्नेशलाई लिइ काखमा सदा ।
रमाउने चालक पूर्ण विश्वका ।।
जस्को शिवा औ शिव सौम्य नाम छ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।
।। ३ ।।

मन्दारमाला अहिहार मण्डित ।
रत्नादिले युक्त र भस्म शोभित ।।
जस्ले सदा बर्षण शान्ति गर्दछ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।
।। ४ ।।

लिने सतीको मृतदेह काँध... ।
गर्ने तपस्या शिवप्राप्ति रूपमा ।।
जो अर्धं नारीश्वरूप एक छ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।
।। ५ ।।

गौरी भवानी शिव शम्भु नामका ।
गर्ने सुधावर्षण पूर्णं विश्वमा ।।
अज्ञान जस्ले सब नाश गर्दछ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।
।। ६ ।।

जो भक्तका रक्षक दुष्ट नाशक ।
प्राणीहरूका पनि प्राण धारक ।।
जस्को दया सत्य समष्टिरूप छ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।
।। ७ ।।

के नाग के किन्नर यक्ष मानव ।
इन्द्रादि जस्को स्तुतिमा सदा रत ।।
जो ईश्वरी ईश्वरको स्वरूप छ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।
।। ८ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्गा भवानी जगदम्बिका रमा ।
स्वयं विधाता हरिमा स्वरूपमा ।।
ब्रह्माण्डमा नै जसको प्रसिद्धि छ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।

।। ९ ।।

जो [illegible] व्याप्त छ पूर्ण विश्वमा ।
सूर्यादि सारा ग्रहका स्वरूपमा ।।
जस्को कृपाले नरमुक्ति पाउँछ ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।

।। १० ।।

जो दीनका पालक पूर्ण विश्वका ।
गर्ने सदा रक्षण भक्त वर्गका ।।
जो सत्यका पोषक ज्ञान दायक ।
त्यस्ता भवानी भवमा प्रणाम छ ।।

।। ११ ।।

जो रूद्ररूपस्तव पाठ गर्दछ ।
माहेश्वरीका र महेश सम्मुख ।।
भोगेर ऐश्वर्यंहरू यहाँ सब ।
त्यसले भवानीश्वर धाम पाउँछ ।।

।। १२ ।।

कठिन शब्द र तिनको अर्थ:—

१– भवानी	= पार्वती
२– भव	= शङ्कर
३– रक्षण	= रक्षा
४– आदि	= पहिलो
५– शब्दार्थ	= शब्द र अर्थ
६– सम्पूर्ण	= सबै
७– विघ्नेश	= गणेश
८– शिवा	= पार्वती
९– मन्दार	= मन्दार नामको फूल (पारिजात)
१०– अहिहार	= सर्पको माला
११– मृतदेह	= मरेको शरीर
१२– अर्धनारीश्वर	= शरीरको आधा भाग पुरुषको र आधा भाग नारीको भएका संसारका मालिक
१३– सुधा–वर्षण	= अमृतको वर्षा

★

"नेपाली मानस बुद्धलाई विष्णुको अवतार मात्र मान्दैनन् शिवमा बुद्धत्व र बुद्धमा शिवत्व पनि भेट्दछन् ।"

– श्री ५ वीरेन्द्र

★ ★ ★

"हिन्दू संस्कृतमा भोगको वहिस्कार पनि छैन – अर्थ र कामको तिरस्कार पनि छैन– परन्तु यिनीहरू जीवनका लक्ष्य होइनन् भोग रहोस् तर रहोस् धर्मको नियन्त्रणा र उसको लक्ष्य हो मोक्ष या भगवत्प्राप्ति ।"

– खप्तड स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धपीठ, वैद्यनाथक्षेत्र – अछाम

— प्र० अ० मथुराप्रसाद रेग्मी
महेन्द्र मा. वि., बयलपाटा, अछाम

(लेखक अछामका गुरुघरानासँग सम्बन्धित हुनुहुन्छ। परम्परा झैं उहाँले महेन्द्र मा. वि. अछामको प्र. अ. भै अछाममा शिक्षाको ज्योति प्रज्वलित पार्न लागीपर्नु भएको छ। वैद्यनाथ क्षेत्रसंग सम्बन्धित उहाँको संस्मरण यहाँ राखिएको छ र यस्तै वैद्यनाथ सम्बन्धी किवदन्तीमांगल संस्मरण कथा आदि अरूबाट पनि पाउने अपेक्षा गरिएको छ। – सम्पादक)

"वैद्यनाथ–पुण्यधामतुल्यं कैलाश शिखरे ।
नातः परतरं धाम क्वचिदार्य धरातले ।।"

यस्तै १५।२० श्लोक पाठ गर्दै स्व. पिताज्यू श्री खगेन्द्रराजज्यू ती नै कालमा दैनिक पूजा–अर्चना गर्नुहुन्थ्यो। अन्य देवी देवताको नित्य नैमित्तिक पूजामा स्तोत्र पाठ गर्ने गरेको भएता पनि त्यसमा वैद्यनाथ सम्बन्धी स्तोत्रको नै प्रधानता हुन्थ्यो। वैद्यनाथज्यूप्रति पिताको अति ठूलो भक्ति थियो कि त्यहाँका प्रथम पीरसिद्ध मण्डपनाथको नामबाट आफ्नो जेष्ठ सुपुत्रको नाम नै राख्नु भएको थियो। त्यसैले बुबाज्यूबाट जानकारी हुन आएको संस्मरण पाठकहरूको जानकारीको लागि यहाँ लेख्ने प्रयास गर्दै छु।

महाशिवरात्री पर्वमा आफ्नो ७८ वर्षको वृद्ध अवस्थामा बुबाले वैद्यनाथ जाने ठूलो इच्छा गर्नु भयो। मलाई पनि साथै जाने कर गर्दा मैले भने– 'हजूर जस्तो बूढालाई पनि राम–(मेला) चाहिन्छ ?' बुवाले हाँस्दै भन्नु भयो– 'उल्लु राम हो र ? दर्शन गर्न जाने।' यीनै कुराको शिलशिलामा पिताज्यूले सुनाउनु भोः–

"ज्योतिष हेर्ने हाम्रो परम्परादेखि नै हो। मेरा तीनै पुस्ता अगाडिका बाजेलाई पूर्वी अछाम विनायक चालसाका मुखियाले आफ्नो चिना लेखिदिन ठूलो आग्रह गर्नु भो। बाजेले चिना लेखी आफैं बुझाउन जानु भएछ। मुखियाको घर नजिकैको वनको बाटोमा बाजेले एउटा ग्वालो देख्नु भएछ ऊ गाई भैंसीर बाख्राहरू चराइरहेको थियो। वैशाखको महिना थियो। गोठालोको आङ्मा सूर्यका किरणहरू परेका थिएनन्। यो देखी बाजेलाई केही आश्चर्य लाग्यो। यो गोठालोलाई बुझौंन त भन्ने मनमा लागी बाजे गोठालोदेखि केही टाढा एउटा साचो वृक्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छहारीमा बस्नु भएछ । उता गोठालो पनि विना छहारीमा सुत्यो, तर उसको आङमा विना वृक्ष शीतल छाँया थियो । बाजेलाई यो पक्का पनि गोठालो हैन, यो को रहेछ ? के रहेछ ? भन्नेबारेको कौतुहल उठ्यो । उनले मनमनै सोचे यसबारे सकेसम्म गाउँमै बुझ्छु ।"

वाजे मुखियाको घर पुगेछन् । उनबाट ठूलो श्रद्धा पाए । यतिकैमा गाई भैंसीहरू ल्याई त्यो गोठालो मुखियाकै घर आयो । 'यी गाई भैंसीहरू तपाईंकै हुन् ?' बाजेले मुखियालाई सोधे । मुखियाले जवाफ दिए– 'मेरै हुन् ।'

भोलिपल्ट चिनाको पारिश्रमिक र दक्षिणा समेत मुखियाले बाजेलाई सभक्ति सौंपे । बाजेले स्वीकारेनन् । अनि मुखियाले भने– 'गुरुज्यू मेरो सावगासले भेटेसम्म हजूरमा अर्पण गर्न चाहन्छु । हजूरको के मा इच्छा छ ?' बाजेले भने– 'मलाई केही चाहिँदैन, यदि दिनुहुन्छ भने तपाईको गाई भैंसीहरू हेर्ने गोठालो दिनुहोस् ।' 'के के पो माग गर्नु हुन्छ भन्ने सोचेको, जावो गोठालो पो माग्नु भएछ, हुन्छ; लैजानु होस् ।' मुखियाले जवाफ दिए ।

बाजे घर पुगे । घरका सबै सदस्यहरूलाई कडा निर्देशनका साथ उनले भने– 'मैले ल्याएको मान्छेलाई कसैले कुनै काम पनि नअह्राउनु ।' केही महिनापछि डारूल्ला खेत (छिपेखोलादेखि २ कि. मी. दक्षिणतिर) को रोपाई थियो । वाजे विहान कतै जानु भएको थियो खेतमा काम गर्नेहरूलाई दिनको अर्नि (खाजा) दिने समस्या बजैलाई पऱ्यो । यो कुरा बुझी बज्यैले हुन्न भन्दा भन्दै पनि गोठालोले अर्नि समाई खेततिर लाग्यो । यतिकैमा बाजे घर फिर्नु भो । सबै कुरा बुझी तत्काल गोठालोलाई फिर्ता पाउन बाजे पनि खेत तर्फ नै दौडे । गोठालोले खेतालाहरूलाई अर्नि सौंप्यो । यतिकैमा खेततर्फ दौडि आइरहेका बाजेलाई देखी गोठालो पनि वैद्यनाथ मन्दिरको लक्ष्य गरी दौड्यो । बाजे पनि दौडदै गोठालाको केही सामिप्य भएपछि गोठालो त सर्पमा परिणत भई स...ल...ल... गर्दै दौड्यो । तैपनि बाजे त्यसैलाई पनि पक्रन दौडिरहे । बाजे नजिक पुगेको त्यो सर्प त गरूड भई बिस्तारै उड्यो । उड्दा मानव भाषामा बाजेलाई भन्यो– "यदि तिमीमा भक्ति बढ्यो भने मलाई वैद्यनाथको मन्दिरमा प्रतिवर्ष पाउने छौ । त्यहाँ म बाहेक ९२ सिद्धहरू छन् ।"

यी थिए अष्टसिद्धि नवनिधि प्राप्त महासिद्ध । यिनलाई कसैले संसारनाथ, कसैले गरूडनाथ र कसैले सर्पनाथ भन्दछन् ।

वाजेलाई यी सिद्ध पुरुषको मनग्य सेवा गर्न नपाउँदा ठूलो ग्लानी भयो । उहाँले वर्षमा ५ महिनाभन्दा बढी वैद्यनाथ मन्दिरमा आफ्नो जीवन बिताउन थाल्नु भयो । आफ्नो ठूलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रद्धालाई अमर पारी राख्न उहाँले वैद्यनाथमा चाँदीका दुईवटा सर्प र दुईवटा नरमुण्डमाला सभक्ति समर्पण गर्नुभयो । जुन अझसम्म छदैछन् । विस्तृत कुरा जान्ने इच्छा भए भाइ गणेशदत्तलाई मैले लेखोट पुस्तिका 'दिएको छु, उनैसँग गई हेर्नु ।' यो नै वृतान्त पिताज्यूले गर्नु भयो ।

उनै प्रभु वैद्यनाथको अनुकम्पाबाट बाजेका दुईवटा सन्तान भए – (१) दे[illegible] (२) सर्वानन्द । सर्वानन्द ज० अमरसिंह थापासँगै अछामबाट प्रस्थान गरी गड्कुमाउको लडाई[illegible] सहभागी बने । ठूलो सफलता हासिल गर्दा उनले वैद्यनाथमा शिलाका श्वेत मूर्ति चढाए । दुईवटा काफल खेतको मूलमा शेषशायी भगवान् नारायणका मूर्ति चढाए । जेठा देवीदत्तले अछामको राज्यपाई दण्डधारी (राजा) कहलाइए ।

यस कलियुगमा पनि वैद्यनाथक्षेत्र विकास संस्था अछामका संस्थापक संरक्षक श्री सुरतबहादुर शाहको सक्रियतामा उनै प्रभुको अनुकम्पाले वैद्यनाथ क्षेत्रको ऐतिहासिक पुनर्निर्माण गर्न जुन सफलता प्राप्त भएको प्रत्यक्ष देखियो । यसबाट मेरा पूज्य पिताज्यूले सुनाउनु भएको घटना स्मृतिपटलमा ताजा हुन गएकोले कोर्ने प्रयत्नसम्म गरेको छु । यस पुण्यस्थलको प्रख्याति जति लेखे पनि थोरै छ र अझै अनुसन्धेय नै छ ।

ॐ वैद्यनाथाय नमः

卐

"हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ । हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्दछ । अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं ।"

– श्री ५ वीरेन्द्र

★ ★ ★

"वैज्ञानिक यन्त्रहरूको उत्पादनको दक्षता असीम हुँदा पनि अध्यात्म ज्ञान तथा प्रेम-प्रीति-विहीन मानव-संस्कृति मरुभूमिको तातो बालुवाको एक मुठी मात्र हो ।"

– खप्तड स्वामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वेच्छाचारीपना छोडी राजा रंक रिझाउँछन्

— प्रा० ऋषिराम पोखरेल
नयाँपाटी, सुन्दरीजल, काठमाडौं ।

संयोगैले एकमात्र हिन्दू राष्ट्र छ विश्वमा ।
जहाँ सम्मान राजाको छ वैधानिक रूपमा ।। १ ।।

वेद भन्दछ 'राजा हो मर्यादा–बिन्दु राष्ट्रको' ।
अंग प्रत्यंग जनता, समष्टि (एकता) शक्ति राष्ट्र हो ।। २ ।।

हो गुप्तचर नै दृष्टि, सैन्य हो राष्ट्रको बल ।
मस्तिष्क राष्ट्रको मन्त्री, कोष हो गतिसाधक ।। ३ ।।

किल्ला सीमा सुरक्षा हो, मित्र हुन् टुकुटी सबै ।
मर्यादामा सबै बस्दा राष्ट्र लाग्छ उभो सधैं ।। ४ ।।

तेह्र प्रकारका राष्ट्र वेद शास्त्र बताउँछ ।
वैधानिकी राजसत्ता प्रजातन्त्र वरिष्ठ छ ।। ५ ।।

गणतन्त्र, प्रजातन्त्र आदिका जनतन्त्रमा ।
कोही भोकै मर्न सक्छ मतकै गणना हुँदा ।। ६ ।।

विकास, सुविधा आदि मतै आधार मान्दछन् ।
मतदाता पूज्य हुन्छन् विरोधी हेय बन्दछन् ।। ६ ।।

हुन्छ आधार मतकै मतैको मात लाग्दछ ।
पार्टी विवादले सत्ता कुर्सीको लक्ष्य राख्दछ ।। ८ ।।

पार्टी सिद्धान्तका ढर्रा जो सधैं सुन्नु पर्दछ ।
चुनावो खर्च औ पार्टी खर्चको भार पर्दछ ।। ९ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैंले नै चुनेकाले कुभलो गर्न सक्तछ ।
सत्तावादी बनी नेता जनता मार्न सक्तछ ।। १० ।।

यस्तै बाधाहरू पर्दा जनता दुःख पाउँछन् ।
संवैधानिक राजाले सतर्क पार्न सक्तछन् ।। ११ ।।

सम्भावना खराबीको प्रजातन्त्री नकार्दछन् ।
सचेत जनता राजा प्रजातन्त्र सपार्दछन् ।। १२ ।।

राष्ट्रमा जनता आफ्नै रुचिको काम पाउँछन् ।
राज्य–शासक आफैंले रोजेको व्यक्ति ल्याउँछन् ।। १३ ।।

एकतन्त्री राजतन्त्र पारिवारिक तन्त्र कुन् ? ।
स्वेच्छाचारीपना छोडी राजा रङ्क रिझाउँछन् ? ।। १४ ।।

तस्मात् पीडा दिने काम जन–शोषण रोक्दछ ।
प्रजातन्त्री राजतन्त्र जनताले रुचाउँछ ।। १५ ।।

प्रजातन्त्र राजतन्त्री मनपर्दी हटाउँछ ।
राजा प्रजातन्त्र छाडा हुनबाट बचाउँछ ।। १६ ।।

प्रजातन्त्री राजतन्त्र संवैधानिक रूपमा ।
संस्थापित भए हुन्छ समन्वय यथार्थमा ।। १७ ।।

यी नै सबै तथ्यहरू वेद–शास्त्र बताउँछन् ।
यही तथ्य बुझी हिन्दू यसैलाई रुचाउँछन् ।। १८ ।।

–शुभम्–

★

"धर्मले ब्रह्माण्डको परमसत्यको खोजी गर्दछ, दर्शनले यसको व्याख्या गर्छ र संस्कृतिले यी दुवैलाई जीवन पद्धतिमा आत्मसात् गर्छ ।"

– श्री ५ वीरेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलियुग वर्णन

— अनु० खड्ड बहादुर शाही
डुम्राकोट डोटी

ज्योतिष शास्त्र विद्हरूको काल गणना अनुसार चार युगहरूको जम्मा मान ४३ लाख २ हजार सोह्र वर्ष बराबरको मानिएको छ । यसमा सत्ययुग सबैभन्दा लामो मानिएको छ । जसको आयु १७ लाख २८ हजार वर्षको हुन्छ । यसमा त्रेतायुग १२ लाख ९६ हजार वर्ष र द्वापर युग ८ लाख ६४ हजार वर्ष मानिएको छ भने कलियुखको अवधि जम्मा ४ लाख ३२ हजार वर्षको मात्र मानिएको छ । मानव विकासको ज्योतिषमयी व्याख्या ज्यादै रोचक र यथार्थको पूरक पनि छ । यी युग-युगान्तरहरूले स्पष्ट व्याख्या गर्दछन् कि आदि युगमा मानव विशालकाय दीर्घजीवी र उच्च जीवन-मूल्यबाट पुष्ट थियो । यी युगहरूका शृंखलाको एक विशेष प्रभाव मानव सभ्यताको विकासको साथसाथै मिलेको छ, साथै प्रत्येक युगमा कोही न कोही युग पुरुष अथवा औतारहरूले जन्मलिएको छ, तर यसमा खास गरेर कलियुगको वणन नै गरिएको छ ।

कलियुग सबैभन्दा अधोगतिको हुनेछ । यो युगको आयु जम्मा ४ लाख ३२ हजार मध्ये अहिलेसम्म ५ हजार वर्ष वितिसकेको छ । मानव शरीरको मान ७ हातबाट घटेर औसत ३ हात रहन जानेछ । यस युगमा मुख्यत: २ (दुई) अवतार हुन जानेछन् । पहिलो अवतार भगवान् बुद्ध र दोस्रो अवतार यस युगको अन्तमा 'कल्की' हुनेछ यस युगमा मानिसको बढी आयु १०० वर्षको हुने छ । पुण्य ५ विश्व मात्र रहन जानेछ । जवकि पाप ९५ विश्व बढ्न जानेछ । गङ्गा यस युगको पवित्र तीर्थ हुने छ र हरिद्वार सबैभन्दा ठूलो तीर्थ स्थल हुनेछ । यस युगमा माटोको भाडाहरूको प्रचलन हुनेछ । फलाम कागजका मुद्राहरू प्रचलनमा आउनेछन् । सबै जातका मानिसहरू आपनो धर्मबाट बञ्चित हुन जानेछन् । धूर्तहरूको बढी मान्यता हुनेछ निम्न जातिका मानिसहरू आपनो स्वार्थ साधनमा तत्पर रहनेछन् । कुकर्ममा जनरुचि हुनेछ । स्त्रीहरू आपनो पतिव्रता धर्मवाट विचलित हुन जानेछन् । महिलाहरू अल्पायुमै गर्भवती हुन जानेछन् । व्यभिचारी आइमाई आफूलाई सती भन्ने छन् । पुरुषहरू स्त्रीको वशमा रहेर चल्नेछन् । पिता कन्यादान गर्नुबाट हीन हुन जानेछन् । क्रुरता, जघन्यता, यस्तो हुन जानेछ कि गाई र ब्राह्मणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलि दिने प्रथा चल्ने छ । धर्मको केवल एक पाऊ मात्र रहन जानेछ । गाईले दूध कम दिनेछिन् । युगको अन्तमा मानिस केवल ५२ अंगुलको हुन जानेछन् । यस्ता किसिमका घेरै पापहरू कलियुगमा भएपछि अन्तमा उडीसा (भारत) को सम्भल भन्ने गाउँमा विष्णुयशको घरमा 'कल्की' भगवान्को अवतार हुन जानेछ र पृथ्वीमा भएका सबै पापीहरू वहाँबाट न[illegible] जानेछन् तथा धर्म–राज्यको पुनः स्थापना हुन जानेछ ।

नवभारत टाईम्स अङ्क ... वर्ष ... [illegible]

卐

होला धर्म जसै जसै कम यहाँ पाप्हेरू बढ्दै गई ।
आफूलाई प्रकट् म गर्दछु सखे त्यै त्यै बखत्मा गई ।।

सज्जन्लाई बचाउनै अधमको संहार गर्नै पनि ।
औतार् लिन्छु म आफ्नू युगमहा धर्मै बढाउँ भनी ।।

– भगवान् श्री कृष्ण

★ ★ ★

पापै ताप र दुःख कष्ट सब हो, सन्तोष सद्धर्म हो ।
कर्तव्यैतिर लाग धर्म गरियो स्वर्गै उही जानियो ।।

– आत्रेय ऋषि

"समाजसेवी जस्तो चोखो उपाधि हासिल गर्न नचाहने मानव विरलै होलान् । यस पवित्र नामसँग संलग्न भएपछि काम पनि त्यस्तै निर्मल र शुद्ध हुनु पर्दछ भन्ने मेरो धारणा रही आएको छ ।"

– श्री ५ ऐश्वर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो बडी मालिका यात्रा

-- खड्ग बहादुर शाही
डुम्राकोट, डोटी

अछाम जिल्लाको मङ्गलसेनमा तत्कालिन जिल्ला पञ्चायत सचिवालयमा कार्यरत [illegible] अवस्थामा मैले धेरै मानिसहरू मालिका देवीको दर्शन गर्न गएको पाएँ र साथै तिनीहरू-बाट ती देवीको वर्णन पनि सुनेको थिएँ। मलाई पनि बडी मालिका देवीको दर्शन गर्ने ज्यादै इच्छा भयो र अनुकूल मिलाई दर्शन गर्ने अभिलाषा मनमनै गरें।

वडी मालिका देवी बाजुरा जिल्लाको करीब १५ हजार फीटको उचाईमा रहेको मल्लिका गिरि नामक पर्वतमा अवस्थित छन्। श्रावण शुक्लपदा चतुर्दशीका दिन अथवा जनै पूर्णिमाको पहिलो दिन मालिका माताको स्थानमा मेला लाग्दछ। त्यसैदिन विभिन्न जिल्लाका मानिसहरू त्यहाँ गई मालिका देविको दर्शन गरी आफ्नो मनोकांक्षा पुरा गर्दछन्। त्यहां दर्शन गर्न जाने बाटोहरू दिनहरू र बास बस्ने ठाउँहरू निश्चित छन्। कति दिन पहिले, कहाँ कहाँ बासबस्दै जानुपर्छ त्यो निश्चित छ। जुन बाटो जानुपर्छ र जहाँ जहाँ बास बस्दै जानुपर्छ त्यही बाटो र त्यहि बास बस्दै जानु अनिवार्य छ।

मैले पनि यिनै देवीको दर्शन गर्ने शिलशिलामा अछाम जिल्लाको सदरमुकाम मङ्गल-सेनबाट केही साथीहरूका साथ यात्रा शुरू गरें। सर्वप्रथम हामीहरू त्यो दिन राती काला गाउँको रोल भन्ने ठाउँमा बास बसियो। दोस्रो दिन तरिगैडामा राजाकौ घरमा बास बसियो, तेस्रो दिन विहान त्यही तरिगैडामा खाना खाएर विभिन्न उकालो ओरालो हुँदै त्यही गाउँको सिरान कैलाश खोलामा पुगियो। त्यही नजिकै किनिगिने भन्ने एक रमाइलो स्थान आयो। त्यहाँ केही मिनेट आराम गरी उकालो चढ्यौं। करीब दुईघण्टा उकालो चढेपछि एउटा चिरकिट्टे भन्ने स्थान आउँछ। त्यहा देउताको स्थापना पनि गरेको रहेछ। हामीहरूले पनि त्यहाँ देउताको दर्शन गर्‍यौं र उकालो लाग्यौं। केही उकालो चढेर राति ठाडो ओडार भन्ने स्थानमा बास बसियो। चोथो दिन बिहान त्यही ठडो ओडार भन्ने ठाउँमा पुरिपकाउन लगाएर हामी सबैले २।२ वटा पुरी खाएर त्यहाँबाट उकालो लाग्यौं। केही उकालो हिडेपछि डाँडाको टुप्पोमा चाखमाई देवीको मन्दिर आउँछ। डाँडामाथि रहेको त्यो मन्दिर वरपरको दृश्य रमाइलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्थ्यो । त्यहाँ हामीहरूले केही मिनेट आराम गरी त्यहाँबाट ओरालो लाग्यौं । ओरालो ज्यादै ठाडो थियो । हिंड्न पनि डर लाग्ने । करीब २ घण्टा जति ओरालो ओर्लिए पछि पुनः उकालो आयो । उकालो चढ्दा केही समस्या अवश्य पनि महसूस हुन्थ्यो । यो उकालोमा जति जति हामीहरू माथि चढ्दै गयौं हावा र पानी बढि बढि हुँदै गयो चीसो पनि ज्यादै भ[illegible] साथका केही साथीहरू त चिसोले हात खुट्टा चल्नै नसक्ने अवस्थामा पनि पुगे । [illegible] चुचुरोमा पुगेपछि हावा चल्दै रह्यो । चिसो पनि ज्यादै बढ्यो । एकपल्ट सबै हामीहरू [illegible] ज्यादै चिसो महसूस गरी चल्नै नसक्ने साथीहरूलाई सबैले चेपचाप गरी साथमा भए[illegible] ओढाई तिनीहरूलाई ततायौं । त्यही डाँडामा गतेमाई भन्ने देवीको स्थान रहेछ र त्य[illegible] दर्शन गरी ओरालो लाग्यौं । राति मितिखौला भन्ने स्थानमा बास बस्यौं । त्यहाँ मालिका दर्शन गर्न जाने मानिसहरूले बास बस्नै पर्दो रहेछ ।

यात्राको पाचौं दिन मितिखौलामा चिया पिएर उकालो लाग्यौं । उकालो एक घण्टा मात्र हिंड्नु पर्ने भएपनि ज्यादै ठाडो थिया । उकारो हिंडिसकेपछि गोठेमाईको स्थान आउँछ र त्यहाँ गोठेमाईको दर्शन गरी केही मैदानी भाग हुँदै त्रिवेणी भन्ने स्थलमा पुग्यौं । क्षरि नदी र वेनुभद्र नदीको सङ्गम त्रिवेणी ज्यादै रमणीय स्थल छ । त्यहाँ त्रिवेणीमा आफ्ना पितृहरूको श्राद्ध गर्ने प्रथा पनि रहेछ । हामीहरूले पनि त्यहाँ नुवाएर आ-आफ्ना पितृहरूको श्राद्ध गर्‍यौं र बिहानको खाना त्यहो एक होटलमा खायौं । त्यहाँ एक पौवाको बाहिरपट्टि पाल हालेर त्यो दिनको लागि त्यहीं बस्ने व्यवस्था मिलायौं ।

त्यहाँ केही छिन आराम गरी करीब दिउँसो १०- बजे हामीहरू त्यहाँका रमाइला दृश्यहरू हेर्न भनी गयौं । बिभिन्न प्रकारका फूलहरू फुलेका त्यहाँका वरपरका स्थलहरू ज्यादै रमाईलो देखिन्थ्यो । यस्तो अति सुन्दर र भव्य फूलहरूले सिगारिएको त्यो रमणीय स्थल हेर्दा मनमा ज्यादै आनन्द आउँदथ्यो । हेरी राखुँजस्तो लाग्ने । अलि भिरालो जस्तो आकारमा फैलिएका सामान्य उकालो र ओरालो भएको बीच-बीचमा जमीनका साना साना ढिस्काहरूमा फुलिरहेका फूलहरूले गलैंचा बिच्छाए जस्तै देखिने त्यो ठाउँको दृश्य हेर्दा साच्चिकै देउताहरू बस्ने स्वर्ग यही हो कि भन्ने आभास हुन्थ्यो । त्यसको प्राकृतिक दृश्य यति सुन्दर र रमाइलो छ कि त्यसको वर्णन गर्न नसकिने । त्यहाँका विभिन्न रमणीय स्थलहरूको दृश्यावलोकन गर्दै हामीहरू मुख्य प्राकृतिक दृश्य भएको स्थल "साइखेति" भन्ने स्थानमा पुग्यौं त्यो ठाउँ एक गजबको रहेछ । त्यसको दृश्य अचम्म लाग्दो नै रहेछ । त्यहाँ एक प्रकारको वन हुँदो रहेछ, जसले ठीक धानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकार प्रकार जस्तो भएर आफ्नो स्वरूप देखाउँछ। त्यहाँको जमीन पनि धान रोप्दादेखि भित्र्याउँदासम्म जे जे गर्नु पर्दछ त्यस्तै त्यहाँ देखिन्छ। साना साना खेतका गराहरू भएको कतै बीउ छरेको जस्तो देखिन्छ। कतै सानो सानो बीउ टुसाएको जस्तो छ त कतै बीउ उम्रीरहेको [illegible] छ। कतै बीउ रोप्नलाई जमीन ठीक पारेको (सायको) जस्तो, कतै भरखर रोपेको जस्तो [illegible]को धान ठूलो हरियो भएको जस्तो छ त कतै बीउका मुठा बानेर थुपारेको जस्तो छ। कतै मानिसहरू खेत रोपिरहेको छ। कतै धान काटेर थुपारेको जस्तो देखिन्छ। कतै खोल्साको [illegible] मानिसहरूले पराल बोकिरहेको जस्तो देखिन्छ। वास्तविक रूपमा त्यो एक प्रकारको [illegible]। जो विभिन्न किसिमले (माथि उल्लेख भएअनुसार) उम्रिन्छ। अन्तमा जब त्यो कुहिन्छ ठीक परालजस्तो देखिदो रहेछ। धेरै नजीकबाट हेर्दा त त्यति रमाइलो देखिदैन, तर करीब १५।२० मिटर टाढाबाट हेर्दा ज्यादै रमाइलो लाग्दछ। त्यो स्थल हेर्न जाने दर्शकहरू त्यहाँ धान छर्कने गर्दा रहेछन्। हामीहरूले पनि त्यहाँ केही धान छर्‍यौं। भाग्यमानी मानिसले त्यहाँ धानको बाला पाउँछ भन्ने भनाई पनि छ। त्यहाँका विभिन्न प्रकृतिक दृश्यहरू हेर्दै त्रिवेणीमा फर्कियौं र राति त्यहि बास बसियो।

यात्राको छैटौं दिन अथवा त्रियोदशीका दिन हामीहरू त्रिवेणीमा नुहाएर मालिका दर्शनको लागि प्रस्थान गर्‍यौं। डोटी र जुम्लाबाट लिङ्गो (सल्लाको लामो काठ) ल्याएर मालिकामा चढाउने पनि रहेछ। त्यसको लागि त्यहाँ लिङ्गो ल्याएर पहिलो दिन नै सिपाहीहरू त्यहाँ पुगिसकेका थिए। एक अनौठो अर्को प्रथा पनि त्यहाँ त्रिवेणीमा गर्ने प्रक्रिया रहेछ। त्यहाँको पुजारीले एक चाँदीको कलश लिएर त्रिवेणीको बीच नदीमा उभिने रहेछ। डोटी तर्फका मानिसहरू र जुम्ला तर्फका मानिसहरूले त्यो कलशलाई आफूतिर तान्ने गर्दछन्। त्यो कलश जसले आफूतिर तान्न सक्यो त्यस सालमा त्यसै तर्फ राम्रो (सुभकाल) हुन्छभन्ने प्रचलन पनि रहेछ। कहिलेकाहीं त्यहाँ कलश तन्ने समयमा झगडा पनि पर्दोरहेछ।

त्यहाँबाट हिंड्दा बाटामा ज्यादै रमाइला दृश्यहरू देखिन्छन्। रङ्गी-विरङ्गी बाटाका बरपरका फूलहरूले पदयात्रीहरूलाई ज्यादै आनन्द हुन्थ्यो। त्रिवेणीबाट हिंडेको करीव २ घण्टा पछि लट्ठी साट्ने स्थान आयो। त्यहाँ ढुङ्गाको मूर्ति राखी देवताको स्थापना गरेको रहेछ। त्यहाँ आफ्नो साथमा भएका लट्ठीहरू एक अर्कामा साट-बदल (Chenge) गर्ने चलन पनि रहेछ। हामीहरूले त्यहाँ देवताको दर्शन गरी उकालो लाग्यौं। कहीं उकालो कहीं ओरालो चढ्दै हामीहरू वसुधारा भन्ने स्थानमा पुग्यौं। त्यहाँ पहराबाट थोपा-थोपा गरी पानी चुहिंदो रहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही वेर त्यहाँ आराम गरी वसुधाराको पानी खाएर करीव १० मिनेट उकालो चढेपछि मालिका देवीको स्थान आयो । पहाडको चुचुरोमा रहेको देवीको मन्दिर भव्य छ । त्यहाँको दृश्य हेर्दा ज्यादै आनन्द लाग्यो । करीब ११ बजे बिहान त्यहाँ पुगेका थियौं र मालिका देबीको दर्शन गरी त्यही नजिकै पाल हालेर बस्ने व्यवस्था मिलायौं ।

मालिका माताको उत्पत्तिबारे जनोक्ति यसप्रकार छ– अघि सत्ययुगमा श्री [illegible] भगवान्कि अर्धाङ्गिनी सत्य देवीको मृत्यु हुँदा शङ्करजीले उनको लास बोकी हिंडी रहेका थिए । त्यसै वखत सत्यदेवीको दाहिने अङ्ग त्यहाँ मालिलका गिरि नामक पर्वतमा पतन भएछ । [illegible] बडी मालिका देवी उत्पन्न भइन् र शिवेश्वर महादेव मौर्य क्षत्रपीठ भई शिव शक्ति स्व[illegible] लागिन् ।

यस्तै प्रकारले उहिल्यै सत्ययुगमा कुनै एक ब्राह्मण उत्तरा खण्ड स्थित मालिलका गिरि नामक पर्वतमा तपस्या गर्न भनी जाँदा बाटामा एक भयानक राक्षससग जम्काभेट भएछ र त्यो राक्षससँग लडाई पर्दा राक्षसले ब्राह्मणलाई मारिदिएछ । उनकी ब्राह्मणी गर्भवती रहेछिन् । मास पूर्ण भएपछि उनीबाट एक पुत्र पैदा भएछ । एकदिन ब्राह्मणीलाई स्वप्न भएछ कि उनका पति राक्षसद्वारा मारिएकाले उनको काजक्रिया केही नहुँदा नरकमा परेका छन् । उनका पुत्रले राक्षसलाई मारी त्रिवेणीमा काजक्रिया गरेपछि ती ब्राह्मण मोक्ष हुनेछन् र स्वर्ग जानेछन् । आफ्नो पुत्र ठूलो भएपछि ती ब्राह्मणाले स्वप्नमा भएको वृतान्त आफ्ना युवा छोरालाई सुनाइन् । छोराले पनि आफ्नी आमाको आज्ञा अनुसार त्यो बाटो हुँदै उत्तरा खण्डतिर लाग्यो । बाटोमा आफ्नो बाबुलाई मार्ने राक्षसलाई भेटी लडाई गरी त्यसलाई मारिदिए । त्यसपछि वेनुरुद्र नदी र क्षीर नदीको सङ्गम त्रिवेणीमा गई बाबुको क्रिया गरेछन् । त्यो देखी देवी प्रसन्न भइन् र जुन मानिसले श्रावण शुक्ल चतुर्दशीका दिन त्रिवेणीमा नुहाई मेरो दर्शन गर्ला त्यसको मनोकांक्षा पूर्ण होला । तिमीलाई वीरत्वको वरदान दिएँ भनी ती ब्राह्मणलाईलाई वरदान दिएर देवी अन्तरध्यान भइन् । त्यसै बेलादेखि त्रिवेणीमा आफ्नो बाबुको श्राद्ध गरी त्यहाँ स्नान गरी मालिका देवीको दर्शन् गर्न जाने प्रथा चलेको हो भन्ने भनाई छ । त्यस बडी मालिका वरिपरि अन्य देवीका स्थानहरू पनि छन् । जस्तै गहतेदेखि कैलाश, बुढीनन्दा, नाटेश्वरी, नन्दादेवी खलाटुप्पा आदि । यसको अगाडि दक्षिणतिर एक ठूलो घण्टा छ । त्यो शाही सेनानी भरत केशरी सिंहले चढाएका रहेछन् । यस मन्दिरको पूर्वतिर ज्यादै ठूलो भीर छ । उहील्यै सत्य-युगमा मानिसहरू त्यो भीरबाट फालहाली तुरुन्तै आफ्नो अपराधबाट मुक्त हुन्थ्यो भन्ने जनोक्ति पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो दिन श्रावण शुक्लपक्ष चतुर्दशीका दिन बिहान वसुधारामा नुहाएर मालिका देवीको पुनः दर्शन गरियो । मन्दिरको पश्चिमतिर एक होम कुण्ड छ । त्यहाँ विहान भव्य होम हुने रहेछ । होम भइसकेपछि तिलकको लागि त्यहाँ मानिसहरूको ज्यादै भीड हुने रहेछ । हामीहरूले [illegible] केही तिलक लिएर बढी मालिका मातासँग बिदाई दर्शन गरी वरदान मागी फर्कियौं । [illegible] ओरालो हिड्नु पर्दो रहेछ । तर ओरालो ज्यादै ठाडो थियो । केही घण्टा ओरालो [illegible]पछि बुढी मालिका देवीको स्थान आउँछ । त्यहाँ बुढी मालिका देवीको दर्शन गरी केही [illegible] [illegible]न्यौं । त्यहाँको भनाई अनुसार ती बुढी मालिका भन्ने मालिका देवीकी आमा हुन् [illegible] भएकोले पहाड चढ्न नसकी त्यहीं वसिन् । त्यहाँबाट करीब १०।१५ मिनेट हिंडेपछि ऐंक धर्मद्वार भन्ने स्थान आयो । त्यहाँ ढुङ्गाभित्र मानिस छिर्ने प्वाल रहेछ । त्यहाँभित्र पसि दर्शन गर्दा रहेछन् । भनाइ छ धार्मिक व्यक्तिहरू मात्र भित्र पसी निस्कन् । पापीहरू त्यहीं अड्किन्छन् । त्यहाँबाट हामीहरू ओरालो हिड्दै करीब ४.०० बजे अपरान्ह नाटेश्वरीमा पुग्यौं । ठूलो जङ्गल छ । त्यो जङ्गलको बीचमा सानो मैदानी भाग छ । त्यो मैदानको छेउतिर नाटेश्वरी देवीको मन्दिर छ । सेतो कमेरो माटोले पोतेको त्यो मन्दिर राम्रो देखिन्छ । ५।१० मिनेट जति त्यहाँ आराम गरियो । देवीको दर्शन पनि गरियो नाटेश्वरी देवीको मजिक अलितल चौरमा पाल हाली त्यो रात त्यहीं बास बस्ने व्यवस्था गरियो । यस नाटेश्वरी देवीको पनि ठूलो महिमा छ । अघि सत्ययुगमा शङ्कर र पार्वती एकान्त स्थलमा रहन जाँदा त्यहाँ संसारको रक्षा गर्ने कोही नभएर राक्षसहरूले देउताहरूलाई सताउन लागे । त्यसो हुँदा सबै देवताहरू मिलेर विष्णु भगवान् कहाँ गए र शङ्कर भगवानलाई एकान्त स्थलबाट फर्काउन आग्रह गरे । विष्णुजीले पनि देवताहरूको निवेदन स्वीकार गरी शङ्करजीलाई एकान्त स्थलबाट फर्काउने अठोट गरे । उनलाई मोहबाट छुटाउन आफ्नो मोहनी रूप धारण गरेर शङ्करजी बस्नु भएको स्थानमा गए । त्यहाँ सुन्दरी बनी हाउ–भाउ कटाक्ष गर्न लागे । त्यो देखि पार्वती अन्तरध्यान भइन् । शङ्करजी त्यो मोहनी रूप विष्णुका पछि लागे र पक्रन खोजे तर पक्रन सकेनन् । तिनका पछि पछि लागी नाटेश्वरीमा पुगे पछि त्यहाँ नाच्न लागेको मौकामा शङ्करजीले छोप्न खोज्दा ती मोहनी रूप धारण गरेकी सुन्दरी त्यहीं नै अन्तरध्यान भइन् । पछि शङ्करजीले राम्ररी विचार गर्दा विष्णु भगवान्ले आफ्नो मोहनी रूप धारण गरी मेरो मोह भङ्ग गर्न आउनु भएको हो भन्ने थाहा पाएपछि तिनको नाम अमर होस् भन्ने कामना गरे साथै त्यसको नाम नाटेश्वरी राखे र जुन मान्निसले बडी मालिका देवीको दर्शन गरी नाटेश्वरी देवीको दर्शन गर्ला त्यसको इच्छा पूर्ण हुनेछ भन्ने वरदान दिनु भयो । त्यसबेला देखि नै श्रावण शुक्ल पक्ष चतुर्दशीका दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बडी मालिका देवीको दर्शन गरी दोस्रो पूर्णिमाको दिन नाटेश्वरी देवीको दर्शन गर्ने चलन चलेको हो भन्ने छ ।

दोस्रो दिन बिहान जनै पूर्णिमाको दिन हामीहरू सबैले नाटेश्वरी नजिकै रहेको धा... नुहाएर नाटेश्वरी देवीको दर्शन गऱ्यों । त्यहाँ दर्शन गर्ने मानिसहरूको घुइँचो थियो । ... दर्शन गर्ने यात्रुहरूले त्यहाँ बोका बलि दिनुपर्दो रहेछ । हामीहरूले पनि सबै मिलेर एक बो... किनेर काटयौं । सर्वप्रथम डोटी जिल्ला कार्यालयबाट चढाएको बोका काटिने रहे... पालैसँग सबैका बोकाहरू चौरमा छोड्दै चटाचट काटिए । करीब ५०।६० बोक... होलान् । त्यसै दिन रक्षाबन्धन पनि भएकोले त्यहीं ब्राह्मणद्वारा रक्षा बन्धन र जनै फर्न का... पनि भयो । विहानको खाना त्यहीं खाएर त्यहाँबट हामीहरू बाजुरा जिल्लाको मौर्य टाटे आदि स्थानहरू हुँदै फर्कियौं । इतिश्री ।

जय मालिका माता

माथिमा मालिका देवी तल वसुधारा ।
दर्शन गरी मालिकाको फर्क्यौं हामी सारा ।।

★

"विकासको हाम्रो तात्पर्य भौतिक उपलब्धि मात्र होइन हामीले खोजेको विकास मानिसको सम्पूर्ण आध्यात्मिक दैविक एवं विकाससित अपरिहार्य सम्बन्ध राख्दछ ।"

– श्री ५ वीरेन्द्र

★ ★ ★

"राष्ट्रिय परम्परा, संस्कार र धर्म जस्ता मान्यताको आफ्नो पनमा अड्ने दृढताले राष्ट्रिय मनोवल उच्च गराउन सघाउ पुऱ्याउँछ ।"

– श्री ५ वीरेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा

सरू र सपनाको राजकुमार

– महेशविक्रम शाह

(टीकापुरको स्कूले जीवनमा नै २०३४/०३५ सालतिर पूर्ण प्रकाश नेपाल 'यात्री' ज्यूद्वारा सम्पादित "हिमाली सौगात" साहित्यक पत्रिकामा "साहित्यिका फूल लापकोटा" नामक पहिलो कविताको प्रकाशन पश्चात निरन्तर ... झुल्किनु भएका शाहजीको पहिलो कथा "आमा" नामक शीर्षकमा महेन्द्रनगरबाट प्रकाशित हुने ... साप्ताहिकमा २०३६ सालमा प्रकाशित भएको थियो। त्यस्तै धनगढीबाट प्रकाशित हुने "परिचर्चा" सोप्ताहिकमा पनि शाहजीका स्कूल जीवनताकाका कविताहरू हामीहरूले पढ्न पाएका नै हौं। तत्पश्चात २०३६ सालमा "किसान" शीर्षकको कविताबाट मधुपर्कमा देखा पर्नु भएका लेखकका कविता, कथा, निबन्ध आदिको मधुपर्क, गरिमा, बगर, अनुराग, वीमा, तन्नेरी, खेचराढी र टीकापुर आवाज आदि साहित्यिक पत्रिकाको माध्यमबाट रसास्वादन गर्न पाइरहेका नै छौं। टीकापुर आवाज, सेट्स स्मारिका, अनुराग तथा वैद्यनाथ क्षेत्र स्मारिकाको सम्पादक रहिसक्नु भएका शाहजीको मधुपर्कमा प्रकाशित "तृष्णा" शीर्षकको कथा निकै चर्चित रह्यो र श्री नकुल सिलवालको "२०४८ सालका सर्वोत्कृष्ठ रचनाहरू" भन्ने संकलनमा यथास्थान पाउन सफल भएको छ।

वैद्यनाथ क्षेत्रको प्राङ्गणमा जन्मनु र हुर्कनु भएको भएतापनि बाल्यकालमा नै बसाई सराई तथा शिक्षा आर्जन गरेको स्थानको कारणले होला उहाँ आफूलाई टीकापुरको भन्न रुचाउनु हुन्छ। लेखनमा वैद्यनाथको बरदहस्त प्राप्त भएको मान्नै पर्ने प्रतिभा भएका शाहजीले धर्म तथा देवभक्तिको नाममा गरिने स्वार्थपरक कुकृत्यबाट अबला नारीले भोग्नु परेको स्थितिको मार्मिक चित्रण गर्दै समाजलाई सचेत पार्नु भएको यस अनुसन्धानात्मक कथाले साहित्य सिर्जनामा मात्र हैन "देउकी" को वास्तविकता जान्नपनि थप मद्दत गर्नेछ।
– सम्पादक)

"तिमी सधैं म कहाँ किन आउँछौ शालु ? तिम्रा आमा बाबुले थाहापाए भने– के सोच्लान्–? उनीहरूको सपना भताभुङ्ग हुनेछ। उनीहरू आफ्नो छोरा पथभ्रष्ट भएछ भन्ने ठान्ने छन्। तिमी जस्तो ज्ञानी र असल चरित्र भएको व्यक्तिले हामीकहाँ धाउँनु त परै जावस्– हाम्रो छाँयाबाट पनि टाढा भाग्नु पर्दछ। मेरो बिन्ती छ शालु– आजदेखि तिमी मलाई भेट्न नआउनु।" सरूले आफ्ना सजल नेत्रहरूले शालुतिर हेर्दै आफ्नो दुःखेसो पोखी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शालुले – प्रेमपूर्ण नजरले सरूतिर हेर्‍यो । सरुको अनुहारमा कुनै पनि बनावटी भावहरू थिएनन् । ऊ जे बोलिरहेकी थिई–साँचो नै बोलिरहेकी थिई । सरुका – सत्य र यथार्थ कुराले शालुको हृदयमा सरूप्रति झन् आदर र स्नेह उर्लेर आयो । "म तिमीलाई चाहन्छु सरू, समाजले तिमीलाई 'देउकी' भनेर दुत्कारे पनि तिमी मेरो लागि 'मेलौली देवी' झैं आदरणीय र पूज... छ्यौ । म तिम्रो शरीरसंग होइन, तिम्रो पवित्र आत्मासंग प्रेम गर्छु । म तिमीसंग विव... चाहन्छु – सरू विवाह ।" सरूलाई आफ्नो शरीरमा बिजुलीको झट्का लागे झैं भयो । उसलाई आफ्ना कानहरूप्रति विश्वास भएन । उसलाई विवाह गर्न चाहने पनि कोही होला र यो... अहँ !– उसलाई विश्वास लाग्दैन यी पुरुषहरूको चरित्रमाथि ! सबैजना नाङ्गो श... आफ्नो भोक शान्त पार्ने– भोका गिद्धहरू मात्र हुन् ।' उसको शरीरले फूलको सुगन्ध छर्न थालेदेखि नै– उसलाई चाहने र विवाह गर्छु भनेर झुठो आश्वासन दिनेहरू उसको जीवनमा धेरै आए तर आफ्नो शिरमा सिउरने आँट गर्न सकेनन् ।

"यो कुरा सम्भव हुन सक्दैन शालु । विवाह शब्ददेखि नै अब मलाई घृणा छ । किनकि यही शब्दको मोहजालमा मेरो नारीत्व र आत्मसम्मान लुप्त भएको छ । यही हतियार प्रयोग गरेर पुरुषहरूले मेरा सुन्दर सपनाहरूको धज्जी उडाएका छन् । तिमी मेरो नजीक, म छेउ नआउ शालु । तिमी मेरो लागि एउटा इज्जतदार ब्यक्ति हौ । मेरो छायाले पनि तिमीलाई डस्न सक्छ । तिमी मबाट कलुषित भएको, तिमी मेरो कारणले अपमानित र अपहेलित भएको म आफ्ना आँखाहरूले देख्न सक्दिन । तिमी फर्क शालु, तिमी ऐले नै यो बदनाम बस्तीबाट भागिहाल ।" सरूका आँखाबाट– अश्रुधाराहरू बहन थाले । ऊ आफ्नो धोतीको छेउले आफ्ना आँशुहरू पुछ्दै सुँक्क–सुँक्क गर्न थाली ।

"तिमी नरोउ सरू ! अब तिमीले पनि हाँस्न जान्नु पर्छ । अन्य मानिसहरू झैं आफ्नो आमाको कोखबाट जन्मदा तिमीले पनि आँशु र हाँसो दुवै लिएर आएकी हौ । तर तिम्रो भागमा मात्रै आँशु–आँशु कसरी हुन सक्छ ? म तिम्रो भाग दिलाउँछु सरू । म तिमीलाई हाँस्न सिकाउँछु ।" शालुले रोइरहेकी सरूतिर हेर्दै आफ्नो दृढ निश्चय सुनायो । उसका आँखाहरूमा एउटा दृढ विश्वासको दीप जलिरहेको थियो ।

सरूले आँशु भरिएका आँखाहरूले शालुतिर हेरी । शालुको गम्भिर र प्रदीप्त अनुहार देखेर उसको हृदयको एक कुनामा आशाको सानो मुना टुसायो । "के शालुले मलाई साँच्चै दुलही बनाउला ?" उसको हृदयका प्रत्येक धड्कनहरूमा यही वाक्य पल–प्रतिपल प्रतिध्वनित भइरहेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"म भोलि यही ठाउँमा, यही समय तिम्रो बाटो पर्खिरहेको हुनेछु सरू, मलाई तिम्रो निर्णय चाहिएको छ ।"

शालु– सरूको जवाफलाई नै नपर्खी फरक्क फर्क्यो र देही गाउँ नजिकै अवस्थित मेलौली भगवतीको मन्दिरको पटाङ्गिनी नाघ्दै गोरेटै गोरेटो पूर्वदिशातिर हान्नियो ।

\+ \+ \+

सरू–अनुहारमा उदासी तर मनमा केही उमङ्ग र खुसी लिएर आफ्नो घर फर्कि र फिरै आफ्नो सुत्ने कोठामा गएर खटियामा लम्पसार परी । आज उसलाई भोक छैन, तसर्थ केही खाएर पिउने चाहना पनि छैन । उसले आफ्ना आँखाहरू चिम्ली । "के शालु मलाई दुलहीको शृङ्गारले सजाउन सक्ला ?" उसका ओठहरूमा मधुर मुस्कान नाच्यो । उसले आफू ब्याउली र शालु ब्याउलो बनेको कल्पना गरी । "शालु मलाई गहिरो प्रेम गर्छ । म देउकी हुँ । थुप्रैकीअंकशायिनी बनिसके । यो ज्ञात भएर पनि ऊ मलाई चाहन्छ । मसँग विवाह गर्न खोज्छ । म मात्र किन उसको हृदय दुखाउँ ?" सरूको हृदय शालुको निश्चल प्रेमको पक्षमा वकालत गर्छ ।

"शालु ईज्जतदार व्यक्तिको छोरा हो । उसको बाबुले उबाट थुप्रै सपनाहरूको पूर्ति हुने आकांक्षा पालिरहेको होला । मजस्ती पथभ्रष्ट स्त्रीको संसर्गबाट शालुको जीवन सुखी हुन सक्दैन ।" सरूको मस्तिष्कमा अनेक विचारहरू प्रकट हुन्छन् ।

"होइन, होइन, म शालुविना बाँच्न सक्दिन । उफ् !! यो– फोहोर र घीनलाग्दो जिन्दगीदेखि म मुक्ति चाहन्छु । म शालुसंग विवाह गर्न चाहन्छु ।" सरूको आत्माले आफ्नो हितको वकालत गर्छ । उसको युवा नारी हृदयले एउटी पीडित नारीको मनोभावमाथि विजय प्राप्त गर्दछ ।" ऊ दृढ निश्चयी बन्छे । उसको अनुहार रातमा पनि उज्यालिदै जान्छ ।

शालुसंग विवाह गरेर घर–जम बसाउने निर्णय गरेपछि भोलिपल्ट बिहान सरू आफ्नो नाममा भएको जग्गा–जमीन, गहना–गुरियाहरू बेचेर रकम संकलन गर्छे किनकि शालुसंग विवाह गर्ने हो भने उसले यो ठाउँ र यहाँको समाजबाट विस्थापित हुनै पर्थ्यो । यस गाउँमा रहेर शालुकी दुलही बनेर बस्ने भन्ने कुरा उसको लागि असम्भव थियो, दुःसाध्ये थियो ।

उसले आफ्नो नामको एकतले घर आफ्नी सबैभन्दा नजिककी सखी रेनुलाई दिई । रेनु पनि मन्दिरमा चढाइएदेखि नै उसकी अभिन्न सखी थिई । देही गाउँमा उसको मनोभानवा बुझ्ने र सुख दुःखहरू साँटा-साँट गरेर लिने एउटी रेनु नै थिई ।

"तैंले पनि आगोको भुङ्ग्रोमा आफ्नो पईला बढाकी छस्– सरू ! तेरो घर बसोस्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो घरमा तेरा बच्चाहरूको कलरव गुन्जोस् । म यस कुराको आशा किन नगरूं ? म तेरो सुखी भविष्यको कामना गर्छु सरू ! तर हेर, तँ भन्दा पहिले जति–जतिले यस्तो कदम उठाए । यो गाउँ छोडेर दुलही बन्ने चाहनामा भागेर गए, कोही भोलिपल्ट नै, त कोही एक-दुई महिना र एक वर्षपछि पनि लोग्नेले छोडेपछि फर्केर यही देही गाउँको यस बदनाम बस्तीमा शरण आएका छन् ।"

"ईश्वरसँग प्रार्थना छ– तैंले फर्केर फेरि यस ठाउँमा आउनु नपरोस् । आफ्ना प्रत्येक पाईला पाईलामा ध्यान पुर्‍याएस् ।" रेनुले आफ्नी सखी सरूलाई सचेत गरी ।

"रेनु... ...।" सरूले रेनुलाई आफ्नो अङ्गालोमा लिई । "म आज आफ्नो ... जाँदैछू रेनु, मेरो देवताले मलाई यदि धोका दियो भने म फर्केर यो गाउँमा कदापि आउने छैन । बरू महाकाली नदीको प्रचण्ड लहरलाई आफूसंग आत्मसात गर्ने छु ।" सरूले आफ्नो दृढ भावना व्यक्त गरी । उसको अनुहारमा आस्थाका दीयाहरू झिलमिलाई रहेका थिए ।

\+ \+ \+

रातको निष्पट अन्धकारमा सरू र शालु एक–अर्कालाई सहारा दिंदै एउटा नयाँ संसार बसाउने आशामा आफ्नो गाउँ र बस्तीलाई छोडेर भागे । सरू डराइरहेकी थिई । रेनुले विदाईमा भनेका प्रत्येक शब्दहरूले उसको मस्तिष्क झन्झनाइरहेको थियो । बाटोमा देखिने नयाँ अनुहार-हरूमा ऊ आफ्नो दुश्मनका छायाँहरू खोज्न थाल्थी । जब उसलाई यस कुराको पूर्ण विश्वास हुन्थ्यो कि उसलाई कसैले पनि चिनेको छैन, तब ऊ निस्फिक्री र तनावरहित देखिन थाल्थी । एकरात र एकदिनको एकोहोरो हिंडाई पछि तिनीहरू एउटा अपरिचित ठाउँमा पुगे । त्यहाँ न देउकीहरू थिए, न त देउकीलाई शोषण गर्ने भेडाको खालमा छिपेका मानवहरू नै थिए । त्यहाँको वातावरण मात्र हैन, मान्छेहरूका अनुहार समेत नयाँ थिए । शालुले पढ्दाखेरिको आफ्नो एकजना चिर-परिचित साथी पुरनलाई खोज्यो । ऊ साथीको सहारा पाउने आशामा त्यस गाउँमा आएको थियो । सौभाग्यवस उसले साथी पनि फेला पार्‍यो । उसले पुरनको अगाडि आफ्नो घर-परिवारका बिरुद्ध आफूले प्रेम विवाह गरेको कुरा बतायो । तर उसले यो कुरो भने लुकायो कि उसकी संगिनी देही गाउँकि एउटी नामचलेकी 'देउकी' हो ।

पुरनले तिनीहरूलाई आफ्नो घरको एउटा कोठा दियो र कहाँ जाने र के गर्ने भन्ने निर्णय नभएसम्म आफ्नै घरमा बस्ने सल्लाह दियो । तिनीहरू छिंडीको त्यो अन्धकारमय कोठा पाएर पनि धन्य भएका थिए । सरूले दिनभर त्यो कोठा बढार-कुढार गरी र बस्न लायक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री वाल्मीकि विद्यापीठ

बनाइ । ऊ त्यो कोठामा नै आज आफ्नो संसार रचाउन लागेकी थिई। राती चारैतिर अन्धकार फैलियो । सम्पूर्ण गाउँ सुनसान देखियो । तर त्यस गाउँको एउटा घरको छिंडीको एउटा कोठामा भने सरू र शालुको सपना साकार हुँदै थियो ।

शालुले सरूको अनुहारलाई आफ्ना दुवै हातको बीचमा लियो र भावविह्वल भएर [illegible]न्यो– 'सरू, मेरो देवी।' सरू झन् भावविभोर भई । हर्षले उसका आँखाबाट आँशुको बाढी [illegible] । "शालु– मेरो सपनाको राजकुमार ! ऊसको आत्माको अतल गहिराईबाट पहिलो चोटि[illegible]ादित स्वर निस्क्यो ।

शालुले आफूसंग भएको सिन्दूरको डिब्बा खोल्यो र सरूको बाँठो सिउँदोलाई जलरूपी सिन्दूरले सिंचित गरिदियो । सरू आफ्नो सिउँदोको सिन्दूर छाम्दै खुशीले काँप्न थाली । उसको सपना पूरा भएको थियो । कैयौं वर्षदेखिको उसको चाहनाले मूर्तरूप लिएको थियो । उसले आफ्नो सपनाको राजकुमार भेट्टाएकी थिई ।

शालुले सरूको निधारमा म्वाई खायो । सरूलाई यस्तो लाग्यो मानौं उसले आज पहिलो पटक कुनै पुरुषका अधरहरूको न्यानो स्पर्श पाएकी छे। शालु सरूको काखमा पल्टयो । ऊ एकोहोरो सरूका आँखामा हेर्दै ती आँखाहरूमा आफ्नो छायाँ प्रतिबिम्बित भएको देखिरहेको थियो । आफ्नो काखमा पल्टेको शालुका नरम केशहरू खेलाउँदै ऊ आफ्नो भाग्यप्रति नै ईर्ष्या गर्न थाली ।

"मैले पूर्वजन्ममा के पुण्यकर्म गरेकि रहिछु जसको अमृतफल मैले आज चाख्न पाएकी छु ।" आफूले सोचेभन्दा पनि बढी खुशी पाएकोमा सायद यति धेरै खुशीलाई मनमै अटाउन असमर्थ भएर होला सरूका आँखाबाट आँशुका अविरल धाराहरू बग्न थाले । खुशीले धपक्क बलेको आफ्नी देवीको अनुहार हेर्दै उसको देवता मन्द–मन्द मुस्कान छरिरहेको थियो । सरू कहिले आफ्ना ताता आँशुहरू पुछ्दै र कहिले आफ्नो देवताका केशहरू सहलाउँदै आफ्नो विगत जीवनका कटु दिनहरूको स्मरण गर्न थाली ।

\+ \+ \+

देही गाउँभन्दा टाढा एउटा गाउँमा सरूका बा–आमाको एउटा सानो झुपडी थियो । उसको बा गाउँको एकजना ठकुरी बाबुसाहवको हलिया थियो । अर्थात् अर्काको खेत जोतेर ऊ आफ्नो परिवारको जेनतेन गुजारा चलाइरहेको थियो । उसकी आमा दिनभर गाउँ चहार्थी । कसैको ओखलमा धान कुटिदिन्थी, कसैको जाँतोमा गहुँ पिनी दिन्थी, कसैका फाटेका कपडाहरू टाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन्थी, कसैको बारी कुटोले गोडी दिन्थी । यसरी ऊ पनि दिनभर गाउँ घुमेर घर फर्कदा कम्मरमा बाँधेको मैलो पटुकामा एकमाना जति चामल, दुई तीन ढिका नुन, दुई चार कोसा खुर्सानी र कहिलेकाहीं कसैले बढी उदार भएर दिएको खण्डमा एक मुठी जति दाल लिएर घरको ढिडीमा प्रकट हुन्थी । उसको एउटा सानो भाई थियो 'भुन्टु' जो प्राय:जसो सधैं बिमार भई रहन्थ्[illegible] भुन्टुभन्दा ऊ चार वर्ष जेठी थिई । बिमार छोरालाई निको पार्ने हेतुले उसको बाबु[illegible] पकाउने मड्डु समेत बेचेर धामी-झाँक्री गरायो, बोक्सी झाऱ्यो, देवी-देउतालाई कालो बोको [illegible] भाग्यो तर उसको भाई निको हुनुको साँटो झन्-झन् मरनच्याँसे र सिकुटे हुँदै गईर[illegible] एक्लो छोराको पीरले उसका बा-आमाका आँखाहरूमा खोबिल्टा परिसकेका थिए । [illegible] त चुल्होमा आगो पनि सल्किन छोड्यो । आमाका सुख्खा दुई स्तन मध्ये एउटाको लाम्टा सरू[illegible] चुस्दै क्रन्दन छोड्थी भने अर्को स्तनको लाम्टा आफ्ना दुधमुखे दातहरूले लुछ्दै उसको भाई भुन्टु कहालिंदै रून थाल्थ्यो । ऊ रूँदा उसका मसिना अस्थिपञ्जरहरू उसको श्वाससंगै गतिमय हुन्थे र यस्तो लाग्थ्यो मानौं एउटा मुर्दा चिहानबाट उठ्ने तरखर गरिरहेको होस् ।

यसरी भोकै भोकमा दिनहरू बित्ने क्रममा एक साँझ घरमा उसको बा संगसंगै एकजवा अधबैंसे पुरुष पनि आयो । उसले आफ्ना चीसा आँखाहरूले सरूको बाल शरीर नियाल्यो र उसको बा तिर हेर्दै स्वीकृतिको मुद्रामा आफ्नो टाउको हल्लायो । उसले आफ्नो ईस्टकोटको भित्री खल्तीबाट एउटा नोटको बीटो निकाल्यो र औंलामा थुक लगाई लगाई सम्पूर्ण नोटहरू गन्यो । नोट गनिसकेपछि उसले त्यो नोटको बीटो उसको बाको हातमा राखी दियो । ऊ खुसीले नाँच्न थालेकी थिई । किनकि सानी भएपनि पैसाको महत्व थाहा थियो उसलाई । 'बाले खानेकुरो किनेर ल्याई-दिनेछन्'- उसले यस्तै सोचेकी थिई जब उसले आफ्नो बाको हातमा चिल्ला नोटहरू देखेकी थिई । त्यो रात उसको बा उसलाई बोकेर अधबैंसे व्यक्तिको घर गएको थियो । छुट्टिने बेला उसकी आमाले उसलाई खूब माया गरेकी थिई र पहिलो पटक आफ्नी छोरीको गालामा म्वाई खाएकी थिई । उसलाई आफू कहाँ जाँदै छु भन्ने थाहा थिएन । तर जता गएपनि, जहाँ लगेपनि बाबुको अङ्गालोमा नै भएकी हुँदा ऊ ढुक्क भएकी थिई ।

बिहानीपख ओछ्यानमा उठ्दा उसले चारैतिर आफ्नो 'बा'लाई खोजी । तर उसको 'बा' त्यहाँ कतै थिएन । ऊ रोई-कराई-चिच्याई तर अफशोच् ! आफ्नी छोरीको करुण रोदन सुनेर उसको 'बा' छोरी भन्दै काखमा उठाएर म्वाई खान आएन । एक दिन, दुई दिन मात्र होइन, त्यसपछिका कुनै दिनहरूमा पनि उसले आफ्नो बाको अनुहार देख्न सकिन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो घरमा किनेर ल्याएको केही दिनपछि कार्तिक पूर्णिमाको जात्राको दिन त्यो अधबैंसे ब्यक्तिकी स्वास्नीले उसलाई नुहाई–धुवाई नयाँ कपडा पहिऱ्याई दिई । तत्पश्चात् ती दुई दम्पतीले उसलाई मेलौली भगवतीको मन्दिरमा लगे । त्यहाँ अरु अन्य चार–पाँच जना बालिका-[illegible] पनि थिए । तिनीहरूलाई भगवतीको मूर्ति अगाडि राखियो । यज्ञमा घीउ, जौ र तिल [illegible] । ब्राह्मणले मन्त्रोच्चारण शुरु गरे । अधबैंसे दम्पती मूर्ति अगाडि हात जोडेर नतमस्तक [illegible]का थिए ।

[illegible] हे भगवती ! यी सज्जन दम्पतीले तिम्रो मन्दिरमा कुमारी कन्या चढाएका छन् । [illegible] सन्तान छैनन् प्रभो ! यिनको मनोरथ पूर्ण गरिदिए ।" ब्राह्मणले राता फूल अक्षता सरूको टाउको वरिपरि घुमाउँदै भगवतीको मूर्तिमा अर्पण गऱ्यो । आमा–बाबुबाट पैसाले खरीद गरेर ल्याइएकी सरूलाई अधबैंसे दम्पतीले सन्तान जन्माई दिने भाकलमा मेलौली भगवतीको मन्दिरमा चढाईसकेका थिए । मेलौली भगवतीको मन्दिरमा चढाइसकेपछि ती दुई दम्पतीले सरूलाई आफ्नो घरमा लिएर आए । अब ऊ देउकीको नामले पुकारिन थालेकि थिई । उसको आफ्नो नाम जात र आफ्नो पहिचान मन्दिरमा चढाएको दिनदेखि नै छिनिईसकेको थियो । उसको नाम उसको जात र उसको पहिचान केवल देउकीको घेराबन्दीमा सीमित रहेको थियो ।

सरूलाई मन्दिरमा चढाएको दिनमा नै ती दुई दम्पतीले पारम्परिक प्रथा अनुसार उसको नाममा आफ्नो केही अंश छुटयाई दिएका थिए । रजश्वला नहुँदासम्मन् वाध्यतावस आफूसँगै राखेतापनि रजश्वला भइसकेपछि तिनीहरूले सरूलाई खुला छोडिदिए । ऊ १३/१४ वर्षकी भइसकेकी थिई । उसलाई आफ्नो स्थितिको ज्ञान भैसकेको थियो । मेलौली मन्दिरमा चढाइएका देउकीहरू रहने गाउँ देही गाउँमा ऊ आफ्नो उमेरका अन्य देउकीहरूसंग आफ्ना सुख दुःखहरू बाट्न थालेकी थिई । त्यस गाउँमा आफ्ना बैंसहरू रित्याएर मृत्यु पर्खेर बसेकी बूढी देउकीहरू पनि थिए । ती सबैलाई ऊ आफ्ना संरक्षकहरू मान्न थालेकी थिई । उसको उमेर बढ्दै गयो । साथसाथै उसको शरीर पनि भरिंदै आयो । अब उसको मस्तिष्क परिपक्व भयो र उसलाई यस कुराको ज्ञान भयो कि उसलाई अब एउटा सहाराको जरूरत छ । उसको जीवनमा एउटा पुरुष साथीको आवश्यकता छ । तब उसले यो पनि थाहा पाई कि ऊ मन्दिरमा चढाईएकी देउकी हुनाले उसलाई विवाह गर्ने अधिकार थिएन र कथंकदाचित् कुनै उदार पुरुषले विवाह गरेको खण्डमा पनि देउकीको कोखबाट जन्मेकी जेठी छोरीलाई पनि मन्दिरमा देउकीको रूपमा चढाउनु पर्ने सामाजिक अनिवार्यताले गर्दा पुरुषहरू देउकीसंगको विवाह बन्धनमा पर्न डराउँथे । यो कटु यथार्थको ज्ञान भएपछि ऊ जहाँ तहीं केवल अन्धकार देख्न थाली । उसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँखाहरूमा आफूलाई सहारादिन सक्ने एउटा राजकुमारको सपना थियो । तर उसको जीवन-कालमा यो सपना साकार हुन सक्ने कुनै सम्भावना थिएन ।

उसको कलकलाउँदो बैंसको चर्चा चारैतिर चल्न थालिसकेको थियो । गाउँका अ[illegible] युवाहरू मात्र होईनन् अधबैंसे बूढाहरू र सरकारी कार्यालयका हाकिम साहेवहरू पनि उसक[illegible] शरीरलाई प्राप्त गर्ने लालसामा पछि परेका थिए । तर सरू– उसका आँखाहरू त आफ्न[illegible] सपनाको राजकुमारको खोजीमा भट्किरहेका थिए । उसले जहाँ–जहाँ हेरी [illegible] चपाउनका लागि व्याकुल पुरुषका भोका आँखाहरूका अलावा केही देख्न सकिन । उ[illegible] जति जति पुष्ट र स्वस्थ्य हुँदै गयो, पुरुषको सहारा प्राप्त गर्ने उसको अमिट तृष्णा पनि सोह[illegible] अनुपातमा बढ्दै गयो ।

सरू जब पन्ध्र वर्ष पुगी । एकदिन देही गाउँकै एउटा अधबैंसे देउकाले कोपिलाबाट फूल बनाउने सौभाग्य प्राप्त गर्‍यो । उसले सरूलाई स्वास्नी बनाएर राख्ने सपना देखाएको थियो । स्वास्नी बन्ने चाहनामा उसले आफ्नो शरीर अर्पण गरेकी थिई । तर केही दिन पश्चात् नै उसले सरूबाट आफ्नो मुख फेर्‍यो । आफूले चालेको पहिलो कदममा नै धोखा पाएतापनि सरूको हृदयमा जोवन साथीको अटूट तिर्सना जीवितै थियो । दोस्रोपटक उसका आँखाहरू गाउँकै एउटा सरकारी कार्यालयको हाकिमसंग जुधे । उसले पनि सरूलाई आफूसँग राख्ने दिलाशा दियो । सरूले आफ्नो जीवनमा आएको दोस्रो पुरुषको अगाडि पनि आफ्नो शरीर अर्पण गरी । केही दिनपछि ऊ पनि अघायो । पुरुषको आत्मिक प्रेमका खातिर भट्किरहेकी सरूको नारी हृदयलाई कसैले पनि बुझी दिने चेष्टा समेत गरेनन् । दोस्रो पछि तेस्रो, चौथो, पाँचौ, छैटौं, सातौं ... ... सम्म पनि सरूले आफ्नो सहारा खोज्ने आँट छोडिन । तर सुन्दर र कोमल शरीरका भोका ब्वाँसाहरूले उसको शरीरलाई लुछेर र चिथोरेर आफ्नो जिजीविषा शान्त पारे । तर पुरुषको साथ प्राप्त गर्ने सरूको तृष्णा भने झन् बढ्दै गयो । एकमाथि अर्को थपिंदै गयो । सरू पूर्णरूपमा पथभ्रष्ट भइसकेकी थिई । उसलाई पथभ्रष्ट हुनबाट रोक्नसक्ने त्यहाँ न उसको बाबु थियो, न आमा थिई, न त कुनै दाजु–भाईहरू नै थिए । ऊ स्वतन्त्र थिई, खुला थिई । ऊ जे ईच्छा लाग्यो त्यही गर्न सक्थी । ऊ मात्र देउकी थिई । ऊ वरिपरिका मान्छेहरू, ती मान्छेहरूबाट निर्मित समाजले पनि उसको यही चरित्रलाई बढावा दिई रहेको थियो । उसबाट यही व्यवहारको अपेक्षा गरिरहेको थियो । ऊ पनि समाजले जता मोड्थ्यो त्यतै मोडिंदै गई । समाजले जता घुमायो त्यतै घुम्दै गई । उसको आत्माबाट प्रतिरोधको क्षमता लुप्त भई सकेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाउँका अन्य देउकीहरू झैं आफ्नो शरीरको नाप–तौलमा उसले पनि कुनै संकोच मान्न त्यागिसकेकी थिई । कलिलो उमेरमा नै शरीरको बैंसालुपन लुप्त भएता पनि उसको शरीरमा अझ पनि अन्य देउकीहरूको भन्दा बढी आकर्षण थियो, मोहनी थियो ।

[illegible] मेलौली मन्दिर वरिपरिको त्यस भेकमा उसको नाम नै बढी चर्चामा आउन लागेको [illegible] । सदरमुकाममा होस् वा गाउँघरमा होस्, सरकारी भ्रमणमा आउने कर्मचारीहरू हुन् वा [illegible]जी भ्रमणमा आउनेहरू हुन् । सबैज़ना सरू देउकीको आगोशमा रात विताउने आकांक्षाद्वारा [illegible]रै [illegible]। विशेष पर्व र उत्सवहरूमा स्वइच्छानुसार देही गाउँमा देउकीहरूको नाँच–गान [illegible] ब[illegible]रूको मधुर स्वरको गुञ्जन र लचकदार शरीरको थिरकन हेर्नका लागि टाढा-टाढाबाट मान्छेहरूको ओइरो लाग्थ्यो । गाउँमा कुनै ठूलो हाकिम साहेव आएको दिन सरूको घरमा कुन् रातभर दीयो निभ्दैनथ्यो । ऊ बिहानसम्म पनि हाकिम साहेबको सेवामा लीन रहन्थी । यस बापत ऊ केही नक्ली प्यार र केही सक्कली नोटहरू प्राप्त गर्थी ।

सरू देउकीको जीवनले बिभिन्न मोडहरू पार गर्दै आफ्नो वास्तविक धरातलको पहिचान गरिसकेको थियो । ऊ अब पूर्ण रूपमा परिपक्व र अनुभवले माझिइसकेकी थिई । तर कहिले–काहीं उसको छातीभित्र अझै पनि प्रेमको राँको बल्थ्यो । थुप्रै पुरुषहरूको संसर्ग प्राप्त गरेतापनि उसको हृदयको खेत बाँझो थियो । त्यो बाँझो हृदयको खेतमा प्रेमको जल सिंचन गरिदिने खेताला उसले अझसम्म पनि भेटाउन सकेकी थिईन ।

कुनै एकदिन एउटा विवाहको उत्सवमा शालु र उसका आँखा जुधेका थिए । सरूको रूप र मधुर स्वरप्रति ऊ सम्मोहित भएको थियो । एउटा सोझो–साझो युवक आफूतिर आकर्षित भएको देखेर उसलाई आनन्द लागेको थियो । सरू उतिर हेर्दै मुसुक्क मुस्कुराएकी थिई । ऊ भने टाउको निहुराउँदै लजाएको थियो ।

दोस्रो दिन उसले त्यो युवकलाई मन्दिरमा भेटेकी थिई । मन्दिरको सरसफाई गरेर फर्कंदा ऊ बाटोमा उभिएर उसकै प्रतीक्षामा थियो । ऊ केवल हाँसी मात्र, केही बोलिन । उसलाई केही खुशी र केही आश्चर्य भने अवश्य लागेको थियो ।

तेस्रो दिन पनि त्यो युवक त्यहीं खडा थियो । अब उसमा त्यो युवकप्रति अलिकति माया पलाएर आएको थियो । 'यो जान्दा–जान्दै कि म देउकी हुँ यो म प्रति त्यसरी नै मोहित भइरहेछ, जसरी कोही आफ्नो पहिलो प्रेममा मोहित हुन्छन् ।" सरू.. को हृदय पनि त्यो युवकको सामिप्य पाउनका लागि लालायित भइरहेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही दिनपछि सरू र शालुको बोली मिल्यो, त्यसपछि मनपनि मिल्यो । सरूले शालुको मनको भाव बुझिसकेकी थिई । सालु सरूलाई चाहन थालेको थियो र ऊ सरूलाई भगाएर अन्तै लगी विवाह गर्न चाहिरहेको थियो । शुरु-शुरुमा शालुको विचार र भावनाले सरूलाई असीम सुख र पहिलो पटक कुनै पुरुषको आत्मिक प्रेम प्राप्त भएता पनि उसलाई आफ्नो परि[illegible] र हालतको ज्ञान थियो । ऊ सोझो र भद्र शालुलाई आफ्नो विटुलो जीवनसंग गाँसेर बर[illegible] गर्न चाहँदैनथी । तसर्थ ऊ बारम्बार शालुको आग्रहलाई टार्दै आइरहेकी थिई । तर शालु भने आफ्नो विचारमा अटल थियो । त्यसपछि उसलाई पनि आफ्नो निर्णय बदल्न बाध्[illegible] थियो । शालुको सात्विक आकांक्षा र चोखो प्रेमका अगाडि उसले आत्मसमर्पण गर[illegible] केही दिनपछि सरू र शालु सानो संसार रचाउने उद्देश्यले आफ्नो गाउँ-ठाउँ छोडी भागेक[illegible] थिए ।

\+ \+ \+

कोठा बाहिर मान्छेहरूको चर्को आवाज र कोलाहल सुनेर सरू निद्राबाट बिउँझिई । कोही लगातार उनीहरूको कोठामा लातले हिर्काइरहेको थियो ।

"शालु ... ...।" सरूले शालुलाई जगाई । शालु अन्मन्यस्क भावले उठ्यो । उसले सरूलाई फेरि आफ्नो अङ्गालोमा कस्यो र उसका ओठहरूलाई न्यानो स्पर्श दियो ।

"ढ्वाक्...ढ्वाक्... ।" ढोका बाहिरबाट लगातार आवाज आइरहेको थियो । शालु र सरूको अनुहार पहेंलियो । कुनै नराम्रो घटनाको आशंकाले दुवैजना प्रताडित हुन थाले । शालुले डराई-डराई ढोकाको चुकुल खोल्यो । ढोका खुल्ने बित्तिकै एकैचोटी सात-आठ जना व्यक्तिहरू कोठाभित्र छिरे । शालु उछिट्टिएर कोठाको एक कुनामा बज्रिन पुगेको थियो ।

"त्यो देउकीलाई उठाएर बाहिर फाल । मेरो छोरालाई फसाएर भगाई ल्याउने तँ रण्डीलाई म नमारी छोड्दिन ।" शालुले ढोकातिर हेर्‍यो । उसले प्रष्ट देख्यो । हातमा डण्डा समातेका सात-आठजना व्यक्तिहरूको माझ हातमा लामो टर्च लाइट समातेर उसको बाबु उभिएको छ । उसलाई ऐले आफूलाई जन्मदिने बाबु पनि यमराजको दूत झैं लाग्यो ।

दुई-चार जनाले शालुको हात-खुट्टाहरू समातेर लछार्दै-पछार्दै ढोका बाहिर लगे ।

"सरू ... ... ।" शालु जोडले चिच्यायो । उसलाई आफ्नोभन्दा पनि सरूको चिन्ता थियो । उसको बाबु सरूबाट उसलाई छुटाएर लग्न आएको छ । सरूबाट अलग हुनुपर्ने कल्पनाले मात्र पनि उसको शरीर काँप्न थाल्यो । सरूलाई बचाउने उद्देश्यले उसले आफ्नो सम्पूर्ण शक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाएर लठैतहरूको पञ्जाबाट फुत्कने प्रयास गऱ्यो । यस प्रयासमा ऊ केवल छट्पटाएर रह्यो । ऊ भन्दा ती लठैतहरू निकै बलिया र हृष्ट-पुष्ट थिए ।

"शालु… …।" सरू जोडले चिच्याई । केही हातहरू उसको कपाललाई लुछिरहेका थिए भने केही हातहरू उसको शरीरलाई सहलाई रहेका थिए ।

"तँ देउकीलाई विवाह गर्नु पर्ने … हँ … ?" एकजना अट्टहास छोड्दै करायो ।

"दुनियालाई खेलाएर पुगेन तँलाई र … एउटा सोझो मान्छेको घरवार उजाड्न पुगिस् … रण्डी … अलच्छिनी … बोक्सी… उसको परिवार भताभुङ्ग पारेर तँ के पाउँछेस् … ब… दोस्रो ब्यक्ति करायो ।

"अरू कोही राँडो केटा देखिनस् र स्वास्नी र बाल–बच्चा भएको एउटा सोझो केटोलाई आफ्नो मोहजालमा पारेर उसको जीवन बरबाद गर्न चाहिस् ? मार यस बेश्यालाई ! यसरी मार कि आजदेखि कहिल्यै पनि यसले आँखा उठाएर कसैका छोरा, कसैका लोग्नेमाथि कुदृष्टि राख्ने हिम्मत नगरोस् ।" शालुको बाबुले चिच्याउँदै हातमा समातेको डण्डाले सरूको पिठ्यूमा बजाऱ्यो ।

"शालु … …! मलाई बचाउ शालु ! यी राक्षसहरू मलाई मार्न लागे ।" रातको निस्पट अन्धकारमा सरूको करूण क्रन्दनले गाउँ र बस्ती छिचोल्दै डाँडा र काँडाहरू पनि रन्क्यो । उसको करूण आवाज सुनेर रूखका पातहरू हल्ले तर सुतेका मान्छेहरूका कानहरू भने हल्लिन सकेनन् ।

सरू पूर्णरूपमा बेहोश् भइसकेकी थिई ।

+ + +

सरूले आफ्ना आँखा खोलेर हेरी । उसले आफूलाई एउटा खेतको डीलमा पाई । चारैतिर उसले आफ्ना नजरहरू घुमाएर हेरी । त्यहाँ न त उसको शालु थियो, न त उसले हिजो रचेको सानो संसार नै थियो । उसका दूर्लभ सपनाहरूको साकार विपना गायव भईसकेको थियो । ऊ आफ्नो पहिलेको अवस्थाभन्दा पनि दयनीय हालतमा झरी सकेकी थिई ।

उसको शालु विवाहित छ, घरमा उसकी एउटी स्वास्नी र बाल–बच्चा पनि छन् । यो रहश्यको उद्घाटन पछि ऊ शालुको जीवन बरबाद पार्नमा आफूलाई नै जिम्मेवार ठान्न थाली । ऊ आफै आफ्ना नजरहरूबाट गिरीसकेकी थिई । मेरो शालुले पनि मलाई अन्धकारमा राख्यो । शालुले आफूसंग झुठो बोलेकोमा उसलाई दुःख लाग्यो । शालुको जीवनबाट म टाढा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बस्नु नै शालुका लागि हितकर छ ।' उसले मनमनै अठोट गरी । "अब म कता जाउँ...?" उसले आफू जानसक्ने ठाउँ सम्झी । "रेनु... देही गाउँ .. ।" उसको हृदयमा देही गाउँको झल्को आयो ।

"अहँ... म... मर्न सक्छु, तर जीवनदेखि पराजित भएर म त्यो नर्कमा जान चाहन्न ।" सरूले मनमनै देही गाउँमा फर्केर नजाने निश्चय गरी । रेनुले छुट्टिने बेला भनेका कुराहरूले उसको हृदय व्यथित भयो । उसले हारेकी थिई, रेनुले जितेकी थिई । उसको विश्वास, उसको आस्था केही दिनमा नै चकनाचूर भइसकेको थियो । ऊ एक्लै खेतको डीलमा बसेर [illegible] रून थाली ।

रोएर मन केही हल्का भएपछि उसले आफूलाई मन्दिरमा चढाउने अधबैंसे दम्पतीलाई सम्झी । जसले देउकी बनाउनलाई नै उसलाई खरीद गरेर मन्दिरमा चढायो, त्यसले उसलाई के सहारा देओस् ! उसको हृदय ती दुई दम्पतीकहाँ शरण माग्न जान राजी भएन ।

उसले अन्तमा आफ्नी आमालाई सम्झी । आफ्नो दयनीय हालतबाट उक्सनका लागि छोरीलाई बेच्न बाध्य भएतापनि आमा-बाबु भनेका आमा-बाबु नै हुन् । छोरा-छोरी जे-जस्ता भएतापनि तिनीहरूको हृदय कलुषित हुन सक्दैन । सरूले बा-आमाको घरमा नै जाने निश्चय गरी । तत्पश्चात आफू बसेको स्थानबाट ऊ उठी र बा-आमा रहेको गाउँ जाने बाटो सोध्दै छिटो-छिटो कदमहरू बढाउन थाली ।

बाको घरमा नगएको बीस वर्ष भएता पनि उसको मानसपटलमा त्यो गाउँको मोटामोटी स्वरूप ज्ञात थियो । गाउँको कुन छेउमा उसको घर छ, कुन ठाउँमा पधेरो छ, गाउँको कुन दिशामा गाई चराउने जङ्गल छ । ऊ आफ्नो बालककालको यादलाई ताजा गर्न थाली ।

केही घण्टाको हिंडाई पछि साँझ पर्न-पर्न लाग्दा ऊ आफ्नो गाउँ पुगी । गाउँको स्वरूप त्यस्तै थियो जस्तो उसले छोडेर गएकी थिई । उसले आफ्नो घरपनि पहिल्याई । ऊ घरको आँगनमा पुगी । एउटी बूढी आइमाई आँगनमा रहेको ओखलमा चाल्नोले चामल केलाउँदै थिई । उसले घोरिएर त्यो बूढी आइमाईलाई हेरी । आफ्नो घरमा कोही मान्छे आएको चाल-पाएपछि त्यो बूढी पनि फर्केर उसैलाई नै हेर्न थालेकी थिई ।

"आमा ...!" सरू जोडले चिच्याई । तर दौडदै गएर आमालाई आफ्नो अङ्गालोमा हाल्न सकिन । त्यो आइमाईले आफूलाई 'आमा' भनेर सम्बोधन गरिरहेकी एउटी अपरिचित युवतीलाई छक्क परेर हेरिरही । उसले सरूलाई चिन्न सकिरहेकी थिईन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आमा...! म सरू हुँ सरू, तिम्री छोरी सरू... ।" सरूले अब आफूलाई रोक्न सकिन । ऊ दौडेर गई र आमालाई अङ्गालोमा हालेर घ्वाँ...घ्वाँ गरेर रुन थाली । "सरू... मेरी छोरी ।" बूढीको मुखबाट खुशीको स्वर निस्क्यो । उसलाई विश्वास थिएन, उसकी छोरी कहिल्यै फर्केर घर आउली भनेर । "हो आमा म तिम्री सरू हुँ ।" सरू झन्–झन् रुन थाली । ऊ रोइरहेकी थिई । तर उसको रोदनमा आमासंगको मिलनको खुशीभन्दा शालुसंगको बिछोडको वेदना लुसिएको थियो ।

"...ँलाई कस्तो छ छोरी ... । तँलाई तेरो बाले बेचेपनि मेरो मनमा रहेको तेरो माया ...सैले ब...न सकेन छोरी । ... एक न एकदिन त मेरी छोरी पक्कै पनि आउली भनेर म सधैं तेरो बाटो हेर्थें ।" आफ्नी छोरीको अनुहार मुसार्दै सरू कि बूढी आमा पनि रुन थाली । आँशु बगाउँदै रोएता पनि उसको चाउरिएर जिङरिङ्ग परेको अनुहार भने हर्षले उज्यालिएको थियो ।

"भुन्टुकी आमा ...ऽऽऽ... ।" एउटा पुरुषको स्वरले आमा छोरी दुवै झसङ्ग झस्के ।

"यो तेरी छोरी होइन भुन्टुकी आमा । यो सरू देउकी हो । हामीले त हाम्री छोरीलाई सानैमा बेचिसकेका छौं । देउकी कसैकी कसैकी छोरी हुन सक्दिन भुन्टुकी आमा । ऊ मात्र मेलौली देवीकी छोरी हो । अब हामीले यसलाई छोरी भने पनि पाप लाग्छ ।"

"बा ... ।" आफ्नो बाका कठोर बोलीहरू सुनेर सरूको हृदयमा शूल उठ्यो । उसलाई विश्वास लागेन आफ्नी छोरीलाई छोरी नठानी देउकीको रूपमा परिभाषित गर्न खोजिरहेको व्यक्ति उसको आफ्नो बाबु हो । "बा ! म तिम्री सरू हुँ । मलाई सानो छँदा तिमीले बेचेता पनि म अहिले आफ्नो घर फर्किएकी छु । बा ! मलाई अलपत्र नपार ।" सरू आफ्ना 'बा'को खुट्टामा घोप्टो परी ।

"म आफ्नो समाज र रीतिथिति विपरीत चल्न सक्दिन सरू । तँ देउकी होस् र मैले तँलाई घरमा राखें भने मात्र पनि मेरो छोराले भोलि कुनै देउकीका सन्तानहरू बाहेक अन्यका छोरीहरूलाई विवाह गर्न सक्ने छैन । हामी क्षेत्रीहरूको इज्जतमा र कुलमा समेत धक्का लाग्ने छ । तेरा पाईलाहरू पथभ्रष्ट भइसकेका छन् । तँ एउटी उडन्ते चरी भइसकिस् । तेरो मन अब एउटै कीलोमा बाँधिएर रहन सक्दैन । तँलाई मैले यस घरमा ठाउँ दिएँ भने केही दिनपछि यो घर पनि तन्नेरीहरूसंग रासलीला रचाउने देही गाउँकै तेरो घरको कोठा बन्न पुग्ने छ । मैले भनेको मान सरू, तँ ऐले नै मेरो घर र यो गाउँबाट समेत गईहाल । एउटा गरीब निर्धन र लाचार बाबु तेरो अगाडि हात जोडेर बिन्ती गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"बा ... !" सरू जोडले चिच्याई । बाका एक-एक शब्दहरूले उसलाई आफ्नो अस्तित्वको बोध गराइरहेका थिए । बाले भनेजतिका कुराहरू उसले ऐलेसम्म सोच्न सकेकी थिईन । ऊ अब आफू जन्मेको, आफू खेलेको ठाउँमा पनि रहन नरुचने गरी बिटुलिई सकेकी छे । आफ्नै बाको मुखबाट आफ्नो नयाँ परिभाषा र नयाँ परिचय पाएर ऊ मर्माहित हुन्छे ।

सरू केही नबोलेर उठी । उसले अन्तिम पटक आफ्नी आमातिर हेरी । धोतीको सप्कोमा मुख छोपेर उसकी आमा रूँदै थिई । गाउँकी अन्य अबोला आइमाईहरू झैं [illegible] भन्न पनि असमर्थ थिई । सरू झैं ऊ पनि लाचार–विवस र असक्त थिई ।

सरूले घरको ढोकामा हेरी । ढोकाको संघारमा ओठमा भर्खर जुँघाको रेखी बस्न थालेको एकजना जवान युवक उभिईरहेको थियो । सायद त्यो उसको भाई भुन्टु थियो । उसको भावहीन अनुहार र आफूलाई एकटक ताकिरहेका आँखाहरू देखेर ऊ डराई । उसको भाई पनि ऊबाट विमुख भइसकेको छ । आफ्नी दिदीलाई आफू अगाडि पाएर पनि ऊ 'दिदी' भनेर बोलाउन सक्दैन । उसको हृदयमा भक्कानो उठ्यो ।

अन्तमा उसले आफ्नो बातिर आफ्ना कमजोर दृष्टिहरू फाली । ऊ सरूतिर नभई शून्यमा हेरिरहेको थियो । उसको अनुहार कठोर थियो । सायद उसलाई सरूको सिघ्रगमनको प्रतिक्षा थियो । एकाएक अनुहारले आफ्नो अनुहार छोप्दै सरू बेतोडले दौडी । ऊ जतिसक्यो चाँडो यो घर र यो गाउँबाट टाढा भाग्न चाहन्थी ।

अपरिचित बस्तीहरू र विकट गोरेटाहरूमा लड्दै–पड्दै करीब मध्यरातति र ऊ देही गाउँमा पुगी । केहीदिन अघि संसार रचाउने सपनाले प्रेरित भएर उसले जुन गाउँ र जुन घरलाई नर्क सम्झेर त्यागेकी थिई । आज त्यही गाउँ र त्यही घर उसको अन्तिम सहारा बन्न पुगेको थियो ।

सरूले आफ्नो घर जुन घरलाई उसले रेनुलाई दिइसकेकी थिई त्यसको बन्दढोका ढक्ढक्याई । "को हो हँ ?" भित्रबाट रेनुको आवाज गुञ्ज्यो र केहीछिनपछि रेमु ढोकाको संघारमा देखा परी ।

